# गुर्भाकोट नगरपालिकाको

# नगर शिक्षा योजना (२०८३–२०८८)

(स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७८ (परिमार्जित संस्करण २०८१) को आधारमा गुर्भाकोटको शिक्षा क्षेत्र योजना (२०७९–२०८८) लाई अद्यावधिक गरिएको पाँच वर्षे नगर शिक्षा योजना)

## गुर्भाकोट नगरपालिका

## शिक्षा युवा तथा खेलकुद शाखा,  शुभाघाट, सुर्खेत

**योजना परिमार्जन / निर्माण कार्यदल**

- **संयोजक-** वासुदेव शर्मा
- **सदस्य-** चन्द्र बहादुर वली
- **सदस्य-** हर्क बहादुर बुढा
- **सदस्य-** यान कुमारी शर्मा
- **सदस्य-** किरण वली
- **सदस्य-** मान बहादुर खत्री
- **सदस्य-** कृष्ण प्रकाश आर. सी.
- **सदस्य-** युवराज चपाई
- **सदस्य-** तपेन्द्र बहादुर सावद
- **सदस्य-** ललित जंग शाही
- **सदस्य सचिव-** बलवीर बि.क.

**सल्लाहकार**
हस्त पुन – नगर प्रमुख
मैना बि.क.- नगर उपप्रमुख
कृष्ण प्रसाद पोख्रेल– प्रमुख प्रशासकीय अधिकृत

**साझेदार संस्था / प्राविधिक सहयोग**
सिभिल सोसाईटी इम्पावरमेन्ट फर एकाउन्टेवल एड्ुकेशन (CSE) परियोजना / कारखाना समूह र कर्णाली सिकाई समूह
ब्रिटिस काउन्सिल

**प्रकाशक** : गुर्भाकोट नगरपालिका कार्यालय ,सुर्खेत
**सर्वाधिकार** : प्रकाशकमा सुरक्षित
**मुद्रण** :
**प्रमाणित मिति** : **२०८३**
**प्रकाशन मिति** : **२०८३**

गुर्भाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## नगर प्रमुखको मन्तव्य

परिवर्तित वर्तमान परिप्रेक्ष्य र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मर्मलाई आत्मसात् गर्दै गुर्भाकोट नगरपालिकाको समग्र शैक्षिक रूपान्तरणका लागि यो "पाँच वर्षे नगर शिक्षा योजना (आ.व. २०८३/२०८४ देखि २०८७/२०८८)" तर्जुमा गरी प्रकाशन गर्न पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ। नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी मौलिक हक, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का व्यवस्थाहरू तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी "स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१)" लाई मुख्य कानुनी तथा प्रक्रियागत आधार मानी यो योजना तयार गरिएको हो। साथै, यस नगरपालिकाको दीर्घकालीन शिक्षा क्षेत्र योजना (२०७९–२०८८) लाई समसामयिक परिमार्जन गर्न 'जवाफदेही शिक्षाका लागि नागरिक समाज सशक्तीकरण (CSE)' परियोजना अन्तर्गत तयार पारिएको "स्थानीय तह शिक्षा योजना विश्लेषण फ्रेमवर्क"को ढाँचालाई समेत आधार बनाइएको छ।

यो पञ्चवर्षीय योजना केवल एउटा प्रशासनिक दस्तावेज मात्र नभई गुर्भाकोट नगरपालिकाभित्रका प्रत्येक बालबालिकाको समतामूलक र गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने रणनीतिक मार्गचित्र हो। शिक्षा क्षेत्रको दिगो सुधार, समावेशी तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि, विद्यालय व्यवस्थापनमा सुदृढीकरण तथा बालमैत्री शैक्षिक पूर्वाधारको विकासमा यस योजनाले स्पष्ट दिशाबोध गर्नेछ। स्थानीय स्रोत, साधन र प्रविधिको उच्चतम उपयोग गर्दै २१औँ शताब्दी अनुकूलका दक्ष, सिर्जनशील, प्रतिस्पर्धी र राष्ट्रप्रति जिम्मेवार नागरिक उत्पादन गर्नु नै यस योजनाको मूल ध्येय रहेको छ। यो दूरगामी योजना निर्माण गर्ने कार्यमा प्राविधिक तथा बौद्धिक सहयोग पुऱ्याउने कर्णाली सिकाइ समूह सदस्य संस्था आवाज नेपाल, जवाफदेही शिक्षाका लागि नागरिक समाज सशक्तीकरण परियोजनाका प्रतिनिधिहरू, नगरपालिकाको नगर शिक्षा शाखा, विद्यालय व्यवस्थापन समितिहरू, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवं सम्पूर्ण सरोकारवाला निकाय तथा व्यक्तित्वहरूप्रति म गुर्भाकोट नगरपालिका र व्यक्तिगत तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, जुनसुकै उत्कृष्ट योजनाको सफलता त्यसको अक्षरशः कार्यान्वयनमा निर्भर रहन्छ। तसर्थ, ब्रिटिस काउन्सिल नेपाल र यस नगर शिक्षा योजनाको प्रभावकारी एवं परिणाममुखी कार्यान्वयनमार्फत गुर्भाकोटको शैक्षिक स्तरलाई नयाँ उचाइमा पुऱ्याउन सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षक, अभिभावक र नागरिक समाजबाट विगतमा जस्तै निरन्तर प्रतिबद्धता, समन्वय र रचनात्मक सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

धन्यवाद।

हस्त पुन
नगर प्रमुख, गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत।

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# नगर उप-प्रमुखको मन्तव्य

स्थानीय सरकारको मुख्य दायित्व आफ्ना नागरिकको आधारभूत आवश्यकता पूरा गर्दै सामाजिक न्याय स्थापना गर्नु हो । शिक्षा, नागरिकको नैसर्गिक अधिकार मात्र नभई समृद्ध गुर्भाकोट निर्माणको सबैभन्दा बलियो जग पनि हो । यसै मर्मलाई आत्मसात् गर्दै, हाम्रो नगरपालिकाको समग्र शैक्षिक विकासको मार्गचित्रका रूपमा "पाँच वर्षे नगर शिक्षा योजना (आ.व. २०८३/२०८४ देखि २०८७/२०८८)" तर्जुमा गरी प्रकाशन गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ । नेपालको संविधानले निर्दिष्ट गरेको अनिवार्य तथा निःशुल्क शिक्षाको हक, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र संघीय तथा प्रादेशिक कानुनी व्यवस्थाहरूको परिधिभित्र रही यो योजना निर्माण गरिएको हो ।

यस नगर शिक्षा योजनाले केवल पूर्वाधार विकास र प्रशासनिक सुधारलाई मात्र नभई शिक्षामा समता, समावेशिता र पहुँचको सुनिश्चिततालाई विशेष प्राथमिकता दिएको छ । हाम्रा विपन्न, दलित, सीमान्तकृत, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका बालबालिकाहरू विद्यालयको पहुँचबाट बाहिर नरहून् र उनीहरूले गुणस्तरीय एवं बालमैत्री वातावरणमा सिक्न पाऊन् भन्ने कुरालाई यस योजनाले रणनीतिक रूपमा समेटेको छ ।

वर्तमान डिजिटल युगमा हाम्रा सामुदायिक विद्यालयहरूलाई प्रविधिमैत्री बनाउनु, शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गर्नु र विद्यालयको संस्थागत सुशासन चुस्त राख्नु हाम्रो प्रमुख चुनौती र दायित्व दुवै हो । यस योजनाले पहिचान गरेका व्यावहारिक क्रियाकलापहरू, नवीन सिकाइ पद्धति र नियमित अनुगमन संयन्त्रले गुर्भाकोटको शैक्षिक स्तरलाई रूपान्तरण गर्न कोशेढुङ्गाको काम गर्नेछ भन्ने विश्वास छ । हामीले विद्यालयहरूमा भौतिक संरचना थप्ने मात्र होइन, विद्यालयभित्रको सिकाइको गुणस्तर र विद्यार्थीको सिकाइ उपलब्धिलाई समेत कडा अनुगमनको दायरामा ल्याउनेछौँ ।

यो विस्तृत र दूरगामी योजना निर्माणका क्रममा प्राविधिक एवं परामर्शकीय सहयोग पुर्‍याउने कर्णाली सिकाइ समूह सदस्य संस्था आवाज नेपालका प्रतिनिधि तपेन्द्र सावद, जवाफदेही शिक्षाका लागि नागरिक समाज सशक्तीकरण परियोजनाका प्रतिनिधिहरू, नगरपालिकाको शिक्षा शाखा, सम्पूर्ण शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, नागरिक समाज एवं प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सल्लाह र सुझाव दिनुहुने सम्पूर्ण सरोकारवाला बुद्धिजीवीहरूमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, योजना निर्माण आफैँमा एउटा पाटो हो भने यसको वस्तुनिष्ठ कार्यान्वयन र प्रतिफल प्राप्ति अर्को महत्त्वपूर्ण चुनौती हो । यो पाँच वर्षे नगर शिक्षा योजनालाई सफल बनाउन र हाम्रा सामुदायिक विद्यालयहरूलाई ज्ञान र संस्कारको केन्द्रका रूपमा विकास गर्न आगामी दिनमा पनि सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, अभिभावक र नगरबासीहरूको बलियो साथ, सहकार्य र निरन्तर रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

.................................
मैना वि.क.
नगर उप-प्रमुख, गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत ।

गुर्भाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**शुभाघाट, सुर्खेत**

कर्णाली प्रदेश, नेपाल

## प्रमुख प्रशासकीय अधिकृतको भनाइ

स्थानीय तहको सर्वाङ्गीण विकासको प्रमुख आधारस्तम्भ शिक्षा नै हो । गुर्भाकोट नगरपालिकाको शैक्षिक प्रणालीलाई व्यवस्थित, पारदर्शी, नतिजामुखी र समयसापेक्ष बनाउने मार्गचित्रका रूपमा “पाँच वर्षे नगर शिक्षा योजना (आ.व. २०८३/२०८४ देखि २०८७/२०८८)” तर्जुमा गरी कार्यान्वयनको चरणमा ल्याउन पाउँदा प्रशासनिक नेतृत्वको तर्फबाट मलाई अत्यन्त खुसी लागेको छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई सुम्पेको शिक्षा सम्बन्धी एकल अधिकारको कार्यान्वयनका लागि कानुनी र नीतिगत स्पष्टता आवश्यक हुन्छ । यसै सन्दर्भमा, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको “स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१)” लाई पूर्ण रूपमा अनुसरण गर्दै यो योजना तयार गरिएको हो । यसले नगरपालिकाको दीर्घकालीन शिक्षा क्षेत्र योजना (२०७९-२०८८) लाई वर्तमान आवश्यकता अनुरूप अद्यावधिक र गतिशील बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

एक कुशल प्रशासनिक संयन्त्रको मुख्य जिम्मेवारी उपलब्ध सीमित स्रोत र साधनको अधिकतम एवं न्यायोचित परिचालन गरी नीति र योजनाहरूलाई परिणाममा बदल्नु हो । यस पञ्चवर्षीय शिक्षा योजनाले तय गरेका लक्ष्य र रणनीतिहरूले हाम्रा सामुदायिक विद्यालयहरूको संस्थागत क्षमता विकास, आर्थिक अनुशासन, प्रशासनिक सुशासन र व्यवस्थापकीय सुदृढीकरणमा विशेष जोड दिएका छन् । शिक्षा क्षेत्रमा हुने लगानीलाई पारदर्शी र प्रतिफलमुखी बनाउनु, विद्यालयहरूमा जवाफदेहिताको संस्कृति विकास गर्नु र प्रविधिमैत्री प्रशासनिक कार्यशैली अवलम्बन गर्नु यस योजनाको मुख्य प्रशासनिक ध्येय हो ।

यो व्यावहारिक र समयसान्दर्भिक योजना निर्माणमा मार्गनिर्देशन गर्नुहुने नगर प्रमुख, उप-प्रमुख, कार्यपालिका सदस्यहरू, प्राविधिक सहयोग पुऱ्याउने कर्णाली सिकाइ समूहको सदस्य संस्था आवाज नेपाल, CSE परियोजनाका प्रतिनिधिहरू, शिक्षा शाखाका सहकर्मीहरू, प्रधानाध्यापक, शिक्षक एवं सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु ।

कुनै पनि योजनाको सफलता त्यसको अक्षरशः कार्यान्वयन र नियमित अनुगमनमा निर्भर गर्दछ । यस नगर शिक्षा योजनालाई नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रमसँग आबद्ध गर्दै, कार्यसम्पादनमा आधारित सूचकहरूका आधारमा यसको वस्तुनिष्ठ कार्यान्वयन गर्न र गुर्भाकोटको शैक्षिक प्रशासनलाई नेपालकै एक नमुना स्थानीय तहको रूपमा स्थापित गर्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समिति र नागरिक समाजबाट पूर्ण प्रतिबद्धता र सहकार्यको अपेक्षा गर्दछु ।

कृष्ण प्रसाद पोखे्रल
प्रमुख प्रशासकीय अधिकृत, गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत ।

गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## नगर शिक्षा प्रमुखको भनाइ

शिक्षाले मानिसलाई असल, दक्ष र सिर्जनशील बनाउँछ। स्थानीय तहको शैक्षिक विकासका लागि केवल भौतिक संरचना निर्माण गरेर मात्र पुग्दैन, विद्यालयभित्रको सिकाइ प्रक्रिया, पाठ्यक्रमको स्थानीयकरण र विद्यार्थीको शैक्षिक उपलब्धिमा गुणात्मक सुधार आउनु अनिवार्य हुन्छ। यही मूल मर्मलाई केन्द्रमा राखी गुर्भाकोट नगरपालिकाको शैक्षिक रूपान्तरणको व्यावहारिक मार्गचित्रको रूपमा यो "पाँच वर्षे नगर शिक्षा योजना (आ.व. २०८३/२०८४ देखि २०८७/२०८८)" तर्जुमा गरी जनसमक्ष ल्याउन पाउँदा शिक्षा शाखा परिवार अत्यन्त उत्साहित र गौरवान्वित भएको छ।

यो योजना निर्माण गर्दा नेपाल सरकारको विद्यमान नीति, "स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१)" र हाम्रो दीर्घकालीन शिक्षा क्षेत्र योजना (२०७९–२०८८) लाई मूल आधार बनाइएको छ। यस प्रक्रियामा 'सिभिल सोसाईटी इम्पावरमेन्ट फर एकाउन्टेबल एडुकेशन'परियोजना अन्तर्गत निर्मित स्थानीय तहको शिक्षा योजना विश्लेषण फ्रेमवर्कले हामीलाई नगरको वास्तविक शैक्षिक अवस्थाको सूक्ष्म विश्लेषण गर्न र वस्तुपरक योजना तय गर्न प्राविधिक रूपमा ठूलो सहयोग पुऱ्याएको छ। नगर शिक्षा शाखाको प्रमुखको हैसियतले मेरो मुख्य चासो र चिन्ता हाम्रा विद्यालयहरूमा कक्षाकोठा भित्रको सिकाइ वातावरण कस्तो छ भन्नेमा केन्द्रित रहन्छ। तसर्थ, यस योजनाले परम्परागत शिक्षण पद्धतिलाई विस्थापित गर्दै प्रविधिमैत्री सिकाइ, बालकेन्द्रित शिक्षण, निरन्तर शिक्षक क्षमता विकास, र बालमैत्री शैक्षिक वातावरण निर्माणलाई उच्च प्राथमिकतामा राखेको छ। विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउने, ड्रपआउट (विद्यालय छाड्ने दर) घटाउने, र प्रारम्भिक बाल विकास देखि नै जग बलियो बनाउने रणनीतिक कार्यक्रमहरू यसमा समेटिएका छन्। यसका साथै, विद्यालय तहमा हुने रचनात्मक क्रियाकलापहरू मार्फत बालबालिकाहरूको नेतृत्व विकास र उनीहरूको आवाजलाई शैक्षिक योजनामा समेट्ने अभ्यासलाई हामी अझ सुदृढ बनाउनेछौँ।

यो बृहत् योजनालाई मूर्तरूप दिन अहोरात्र खटिनुहुने शिक्षा शाखाका कर्मचारीहरू, कर्णाली सिकाइ समूह सदस्यको तर्फबाट आवाज नेपाल संस्थाका प्रतिनिधि, विभिन्न विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, र अमूल्य सुझाव दिनुहुने सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरूमा शिक्षा शाखाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, निरन्तर मार्गदर्शन र नेतृत्व प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख र उप-प्रमुखज्यू प्रति विशेष आभार प्रकट गर्दछु।

यस योजनामा समेटिएका बुँदाहरूलाई केवल दस्ताबेजमा सीमित नराखी प्रत्येक विद्यालयको कक्षाकोठासम्म पुऱ्याउनु र हाम्रा सामुदायिक विद्यालयहरूको नतिजामा आमूल सुधार ल्याउनु अबको हाम्रो साझा दायित्व हो। यस महान् र पवित्र शैक्षिक अभियानमा सम्पूर्ण शिक्षक साथीहरू, प्रधानाध्यापकज्यूहरू, व्यवस्थापन समिति र अभिभावकहरूबाट निरन्तर सक्रिय सहभागिता, रचनात्मक सहयोग र पेसागत प्रतिबद्धताको हार्दिक अपिल गर्दछु।

बलवीर वि.क
नगर शिक्षा प्रमुख, नगर शिक्षा, युवा तथा खेलकुद शाखा
गुर्भाकोट नगरपालिका, सुर्खेत।

## विषयसूची

नगर प्रमुखको मन्तव्य ........ २
नगर उपप्रमुखको मन्तव्य- ........ ३
प्रमुख प्रशासकीय अधिकृतको भनाइ ........ ४
नगर शिक्षा प्रमुखको भनाइ ........ ५
परिच्छेदएक : ........ १०
परिचय ........ १०
११ पृष्ठभूमि. ........ १०
१:२ शिक्षा योजना निर्माणको आवश्यकता. ........ ११
१२ शिक्षा योजना निर्माणको औचित्यः. ........ ११
१:३ शिक्षा योजना निर्माणका आधार. ........ १२
१४ शिक्षा योजना निर्माण प्रक्रिया. ........ १३
१५ गुर्भाकोट नगरपालिकाको संक्षित परिचय. ........ १४
परिच्छेददुई : ........ १८
दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ १८
२१ शिक्षा योजना निर्माण गर्दा अबलम्बन गरिएका आधार. ........ १८
२२ दीर्घकालीन राष्ट्रिय सोच. ........ २०
२३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य. ........ २०
२.४ लक्ष्य ........ २०
२५ उदेश्यः. ........ २०
२शिक्षा योजनाको उद्देश्य अनुरुप रणनीति .६., कार्यनीति र अपेक्षित उपलब्धिः ........ २०
२७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः. ........ २२
परिच्छेदतीन : ........ २४
शिक्षाका मुख्य उपक्षेत्रहरू ........ २४
३१ प्रारम्भिक बालविकास र शिक्षाः. ........ २४
३१.१. वर्तमान अवस्था ........ २४
३.१.२ उद्देश्यः ........ २४
३.१.३ रणनीतिहरू ........ २४
३.१.४प्रमुख उपलब्धि तथा नतिजा ........ २५
३.१.५परिमाणात्मक लक्ष्य ........ २५
३.१.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ २५
३२. आधारभूत शिक्षाः ........ २६
३१.२. वर्तमान अवस्था ........ २६
३.२.२ उद्देश्यः ........ २७
३.२.३ रणनीतिहरू ........ २७

३.२.४प्रमुख उपलब्धि तथा नतिजा . ........ २७
३.२.५परिमाणात्मक लक्ष्य . ........ २८
३.२.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ २८
३३. माध्यमिक शिक्षा........ ३१
३१.३. वर्तमान अवस्था ........ ३१
३.३.२ उद्देश्यः ........ ३१
३.३.३ रणनीतिहरू........ ३१
३.३.४प्रमुख उपलब्धि तथा नतिजा . ........ ३२
३.३.५परिमाणात्मक लक्ष्य . ........ ३२
३.३.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३२
३ ४.. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ३४
३१.४. वर्तमान अवस्था ........ ३४
३.४.२ उद्देश्यः ........ ३४
३.४.३ रणनीतिहरू........ ३४
३.४.४प्रमु .ख उपलब्धि तथा नतिजा ........ ३४
३.४.५परिमाणात्मक लक्ष्य . ........ ३५
३.४.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३५
३५ अनौपचारिक. शिक्षार आजीवन सिकाइ ........ ३५
३१.५. वर्तमान अवस्था ........ ३५
३.५.२ उद्देश्यः ........ ३६
३.५.३ रणनीतिहरू........ ३६
३.५.४प्रमुख उपलब्धि तथा नतिजा . ........ ३६
३.५.५परिमाणात्मक लक्ष्य . ........ ३६
३.५.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३७
परिच्छेदचार : ........ ३८
अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ ३८
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्रीतथा मूल्याङ्कन ........ ३८
४१.१. वर्तमान अवस्था ........ ३८
४.१.२ उद्देश्य ........ ३८
४.१.३ रणनीतिहरू........ ३८
४.१.४प्रमुख उपलब्धि तथा नतिजा . ........ ३९
४.१.५परिमाणात्मक लक्ष्य . ........ ३९
४.१.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३९
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ४०
४१.२. वर्तमान अवस्था ........ ४०
४२.२. उद्देश्य ........ ४०
४३.२. रणनीतिहरू........ ४१

४प्रमुख  उपलब्धि तथा नतिजा .४.२. ........ ४१
४परिमाणात्मक लक्ष्य .५.२. ........ ४१
४प्रमुख .६.२. क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४१
४.३ शैक्षिक समता र समावेशीकरण ........ ४३
४१.३. वर्तमान अवस्था ........ ४३
४२.३.  उद्देश्य ........ ४३
४३.३. रणनीतिहरू........ ४३
४प्रमुख  उपलब्धि तथा नतिजा .४.३. ........ ४४
४परिमाणात्मक लक्ष्य .५.३. ........ ४४
४प्रमुख .६.३. क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४४
४.४ विद्यालय पोषण तथा स्वास्थ्यकार्यक्रम ........ ४५
४१.४. वर्तमान अवस्था ........ ४५
४२.४.  उद्देश्य ........ ४६
४३.४. रणनीतिहरू........ ४६
४प्रमुख  उपलब्धि तथा नतिजा .४.४. ........ ४६
४परिमाणात्मक लक्ष्य .५.४. ........ ४७
४प्रमुख .६.४. क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४७
४५ विद्यालय. सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता........ ४८
४१.५. वर्तमान अवस्था ........ ४८
४२.५.  उद्देश्य ........ ४८
४३.५. रणनीतिहरू........ ४९
४प्रमुख  उपलब्धि तथा नतिजा .४.५. ........ ४९
४परिमाणात्मक लक्ष्य .५.५. ........ ४९
४प्रमुख .६.५. क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५०
४६ विद्यालय. भौतिक पूर्वाधार विकास........ ५१
४१.६. वर्तमान अवस्था ........ ५१
४२.६.  उद्देश्य ........ ५१
४३.६. रणनीतिहरू........ ५२
४प्रमुख  उपलब्धि तथा नतिजा .४.६. ........ ५२
४परिमाणात्मक लक्ष्य .५.६. ........ ५२
४प्रमुख .६.६. क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५३
४७ विद्यालयमा. सूचना तथा सञ्चार प्रविधि........ ५४
४१.७. वर्तमान अवस्था ........ ५४
४२.७.  उद्देश्य ........ ५४
४३.७. रणनीतिहरू........ ५४
४प्रमुख  उपलब्धि तथा नतिजा .४.७. ........ ५५
४परिमाणात्मक लक्ष्य .५.७. ........ ५५

४प्रमुख .६.७. क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५५
परिच्छेदपाँच : ........ ५७
सुशासन तथा व्यवस्थापन ........ ५७
५१ शिक्षाको व्यवस्थापन. तथा संस्थागत क्षमता विकास ........ ५७
५१.१. वर्तमान अवस्था ........ ५७
५.१.२ उद्देश्य ........ ५७
५.१.३ रणनीतिहरू........ ५७
५.१.४प्रमुख उपलब्धि तथा नतिजा . ........ ५८
५.१.५परिमाणात्मक लक्ष्य . ........ ५८
५.१.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५८
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ५९
६१.२. वर्तमान अवस्था ........ ५९
६२.२. उद्देश्य ........ ६०
६३.२. रणनीतिहरू........ ६०
६प्रमुख उपलब्धि तथा नतिजा .४.२. ........ ६०
६परिमाणात्मक लक्ष्य .५.२. ........ ६०
६प्रमुख .६.२. क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६०
परिच्छेदछ : ........ ६२
लगानी र स्रोत व्यवस्थापन ........ ६२
६१. वर्तमान अवस्था ........ ६२
६.२ उद्देश्य ........ ६२
६.३ रणनीतिहरू ........ ६२
६.४प्रमुख उपलब्धि तथा नतिजा . ........ ६२
६.५परिमाणात्मक लक्ष्य . ........ ६३
६.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६३
नगरको शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ........ ६४
६.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया ........ ६५
उपक्षेत्रगत बजेट अनुमान तालिका........ ६६
परिच्छेदसात : ........ ६७
अनुगमन तथा मूल्यांकन ........ ६७
७१. वर्तमान अवस्था ........ ६७
७.२ उद्देश्य ........ ६७
७.३ रणनीतिहरू ........ ६७
७.४प्रमुख उपलब्धि तथा नतिजा . ........ ६८
७.५परिमाणात्मक लक्ष्य . ........ ६८
७.६प्रमुख . क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६८

# परिच्छेदः एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले शिक्षा क्षेत्रलाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार प्रत्याभूत गरिएको छ । साथै, प्रारम्भिक बालविकास तथा शिक्षा, विशेष शिक्षा, वैकल्पिक शिक्षा, मातृभाषामा शिक्षा, निरन्तर सिकाइ तथा समावेशी शिक्षा प्रणालीको विकासलाई राज्यको दायित्वका रूपमा स्पष्ट गरिएको छ । यस संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न संघीय शासन प्रणालीअनुसार शिक्षा क्षेत्रको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) 'ज' तथा संविधानको अनुसूची–८ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । यसले स्थानीय तहलाई आफ्नो भौगोलिक अवस्था, सामाजिक संरचना, आर्थिक अवस्था, सांस्कृतिक विविधता तथा स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा क्षेत्रको दीर्घकालीन तथा कार्यान्वयनयोग्य योजना निर्माण गर्ने दायित्व प्रदान गरेको छ ।

यसै सन्दर्भमा गुर्भाकोट नगरपालिकाले नगर क्षेत्रभित्रको समग्र शिक्षा प्रणालीलाई व्यवस्थित, समावेशी, गुणस्तरीय, उत्तरदायी तथा नतिजामुखी बनाउन शिक्षा क्षेत्र योजना तर्जुमा गर्नु आवश्यक ठानेको छ । नगरपालिकाको भौगोलिक विविधता, सामाजिक–सांस्कृतिक बहुलता, विद्यालयहरूको अवस्थिति, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, प्रविधिमा पहुँच तथा समावेशी शिक्षाका चुनौतीहरूलाई सम्बोधन गर्दै स्थानीय यथार्थमा आधारित योजना निर्माण गर्नु समयसापेक्ष आवश्यकता बनेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) तथा संघीय र प्रदेश सरकारद्वारा निर्धारण गरिएका शिक्षा क्षेत्रका साझा लक्ष्य, उद्देश्य र मापदण्डसँग तादात्म्य कायम गर्दै गुर्भाकोट नगरपालिकाले आफ्नो स्थानीय शिक्षा क्षेत्र योजनालाई अद्यावधिक गरेको हो । यस योजनाले शिक्षामा पहुँच, समता, गुणस्तर, सुशासन, प्रविधिमैत्री सिकाइ वातावरण, शिक्षक पेशागत विकास तथा सिकाइ उपलब्धि सुधारलाई मुख्य प्राथमिकताका रूपमा समेटेको छ ।

विशेषतः स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१) ले निर्दिष्ट गरेको प्रक्रिया, ढाँचा तथा सूचकहरूका आधारमा यसअघि कार्यान्वयनमा रहेको गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०७९–२०८८) को समीक्षा, प्रगति विश्लेषण, उपलब्धि तथा चुनौतीहरूको पुनरावलोकन गरी यसलाई अद्यावधिक पाँच वर्षे शिक्षा क्षेत्र योजना–२०८३ को रूपमा परिमार्जन गरिएको हो । यस अद्यावधिक योजनाले आगामी पाँच वर्षभित्र नगरपालिकाभित्रका सबै बालबालिकालाई गुणस्तरीय, समतामूलक, सुरक्षित र जीवनोपयोगी शिक्षा सुनिश्चित गर्ने स्पष्ट मार्गचित्र प्रदान गर्दछ ।

यस योजनामार्फत नगरपालिकाको शिक्षा क्षेत्रको दूरदृष्टि, उद्देश्य, रणनीति, प्राथमिकता, कार्यनीति, अपेक्षित उपलब्धि तथा स्रोत व्यवस्थापनको स्पष्ट खाका तय गरिएको छ । साथै, शिक्षामा सबै बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा सीमान्तकृत समुदायको समान पहुँच र सहभागिता सुनिश्चित गर्दै दिगो विकास लक्ष्य (SDG–4) अनुरूप "सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा" को स्थानीय कार्यान्वयनमा यस योजनाले महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## १.२ शिक्षा योजना निर्माणको आवश्यकता:

नेपालको संविधान, २०७२ ले शिक्षा प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ र राज्यलाई सबै बालबालिकाको गुणस्तरीय, समावेशी, समतामूलक तथा जीवनोपयोगी शिक्षामा पहुँच सुनिश्चित गर्ने दायित्व प्रदान गरेको छ । संविधानको अनुसूची–८ अनुसार आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ । यसै अनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ तथा दफा २४ ले स्थानीय तहलाई शिक्षा क्षेत्रको व्यवस्थापन, सञ्चालन, अनुगमन तथा आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्ने स्पष्ट कानुनी जिम्मेवारी तोकेको छ । यस संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्रको यथार्थ अवस्था, आवश्यकता, सम्भावना र चुनौतीहरूको विश्लेषणमा आधारित अद्यावधिक शिक्षा योजना निर्माण अपरिहार्य भएको छ ।

राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, सम्बन्धित नियमावली, दिगो विकास लक्ष्य (SDG–४), विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा सोह्रौं योजनाका प्राथमिकता र लक्ष्यहरू ले सबै बालबालिकालाई पहुँचयुक्त, गुणस्तरीय, समावेशी र रोजगारमुखी शिक्षा प्रदान गर्ने दिशामा स्पष्ट मार्गदर्शन गरेका छन् । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रका नीति, कार्यक्रम, स्रोत तथा जिम्मेवारीहरू संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँड भएको वर्तमान सन्दर्भमा स्थानीय आवश्यकता, भौगोलिक अवस्था, सामाजिक विविधता र शैक्षिक प्राथमिकतालाई समेट्ने स्थानीय शिक्षा योजना निर्माण तथा समयानुकूल परिमार्जन गर्नु अत्यन्त आवश्यक देखिएको छ । गुर्भाकोट नगरपालिकाको सामाजिक, आर्थिक तथा भौगोलिक विविधताले शिक्षा क्षेत्रमा फरक–फरक आवश्यकता र चुनौतीहरू सिर्जना गरेको छ । विशेष गरी दुर्गम बस्ती, विपन्न परिवार, सीमान्तकृत समुदाय, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका तथा जोखिममा रहेका विद्यार्थीहरूको विद्यालय पहुँच, निरन्तरता र सिकाइ उपलब्धि अझै सुदृढ गर्नुपर्ने अवस्था विद्यमान छ । विद्यालय भर्ना दर, कक्षा दोहोरिने दर, विद्यालय छोड्ने प्रवृत्ति, न्यून सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन, पूर्वाधार अभाव तथा प्रविधिमैत्री शिक्षण–सिकाइमा देखिएका चुनौतीहरूको समाधानका लागि योजनाबद्ध र परिणाममुखी हस्तक्षेप आवश्यक छ ।

वर्तमान समयमा विज्ञान, सूचना प्रविधि, डिजिटल सिकाइ, नवप्रवर्तन र श्रम बजारको बदलिँदो मागलाई सम्बोधन गर्ने शिक्षा प्रणालीको विकास अपरिहार्य भएको छ । यस सन्दर्भमा नगरपालिकाभित्रका विद्यालयहरूमा प्रविधिमैत्री शिक्षण–सिकाइ, शिक्षकको पेशागत क्षमता विकास, सुरक्षित तथा बालमैत्री विद्यालय वातावरण, समावेशी पूर्वाधार, सिकाइ मूल्याङ्कन प्रणालीको सुधार तथा सुशासन प्रवर्द्धन गर्न स्पष्ट रणनीति र कार्ययोजनासहितको पाँच वर्षे अद्यावधिक शिक्षा क्षेत्र योजना आवश्यक भएको हो । गुर्भाकोट नगरपालिकाले यसअघि तर्जुमा गरेको शिक्षा क्षेत्र योजना (२०७९–२०८८) लाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१) बमोजिम पुनरावलोकन गरी अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिएको छ । विगतका उपलब्धि, सिकाइ अनुभव, कार्यान्वयनका चुनौती, नयाँ नीतिगत व्यवस्था तथा स्थानीय स्तरमा विकसित भएका प्राथमिकताहरूलाई समेट्दै २०७९–२०८८ को दीर्घकालीन दृष्टिलाई कायम राखी २०८२ देखि लागू हुने अद्यावधिक पाँच वर्षे शिक्षा क्षेत्र योजना तयार गर्नु समयसापेक्ष र आवश्यक भएको छ ।

यस योजनाले नगरपालिकाको शिक्षा क्षेत्रलाई समावेशी, गुणस्तरीय, उत्तरदायी, प्रविधिमैत्री र दिगो बनाउँदै मानव पूँजी विकास, सामाजिक रूपान्तरण तथा स्थानीय समृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ । त्यसैले गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि यो अद्यावधिक पाँच वर्षे शिक्षा योजना निर्माण नितान्त आवश्यक रहेको छ ।

## १.२ शिक्षा योजना निर्माणको औचित्यः

नेपालको संविधानले शिक्षा क्षेत्रलाई स्थानीय तहको महत्वपूर्ण अधिकार क्षेत्रका रूपमा स्थापित गरेको सन्दर्भमा गुणस्तरीय, समावेशी, पहुँचयोग्य तथा उत्तरदायी शिक्षा व्यवस्थापनका लागि स्थानीय तहस्तरमा योजनाबद्ध हस्तक्षेप अपरिहार्य भएको छ । सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तहबीच शिक्षा नीतिहरू, कार्यक्रमहरू तथा लगानीमा नीतिगत सामञ्जस्य, ठाडो तादात्म्य (Vertical Alignment) तथा क्षैतिज समन्वय (Horizontal Coordination) सुनिश्चित गर्न स्थानीय शिक्षा क्षेत्र योजनाको निर्माण तथा समयानुकूल परिमार्जन आवश्यक भएको छ ।

यसै सन्दर्भमा, गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०७९–२०८८) लाई आधार मानी, स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१) अनुरूप वर्तमान शैक्षिक अवस्था, चुनौती, अवसर तथा उदीयमान आवश्यकताहरूलाई समेट्दै अद्यावधिक पाँच वर्षे शिक्षा क्षेत्र योजना–२०८३ तयार गरिएको हो । यस योजनाले नगरपालिकाभित्रको विद्यालय शिक्षाको वर्तमान स्थिति, सिकाइ उपलब्धि, भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, समावेशी शिक्षा, प्रारम्भिक बालविकास, प्राविधिक तथा व्यावसायिक शिक्षा, सूचना प्रविधिमैत्री शिक्षण तथा सुशासनका पक्षहरूलाई समग्र रूपमा सम्बोधन गर्ने उद्देश्य राखेको छ । यस योजना निर्माणको अर्को प्रमुख औचित्य भनेको सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय, प्राविधिक तथा संस्थागत सहयोगलाई योजनामा आधारित, पारदर्शी, परिणाममुखी र उत्तरदायी ढङ्गले परिचालन गर्नु हो । योजना आधारित कार्यान्वयनले स्रोतसाधनको प्रभावकारी उपयोग, प्राथमिकताका आधारमा बजेट विनियोजन, नियमित अनुगमन तथा मूल्याङ्कन, र अपेक्षित नतिजा हासिल गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ ।

त्यसैगरी, विद्यालय शिक्षा क्षेत्रमा देखिएका कार्यक्रमगत दोहोरोपन, स्रोतसाधनको असमान वितरण, पहुँच तथा गुणस्तरमा विद्यमान असमानता, सिकाइ उपलब्धिमा चुनौती, तथा सेवा प्रवाहमा देखिएका संरचनागत कमजोरीहरू लाई न्यूनीकरण गर्न यस योजना महत्वपूर्ण साधनका रूपमा रहनेछ । यसले नगरपालिका, विद्यालय, समुदाय, अभिभावक, नागरिक समाज, विकास साझेदार तथा अन्य सरोकारवालाबीच साझेदारी, सहकार्य, समन्वय र साझा उत्तरदायित्वको संस्कृति विकास गर्न सहयोग पुर्‍याउनेछ । साथै, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकास लक्ष्य (SDGs), विशेषगरी लक्ष्य नं. ४: सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रतिबद्धता, तथा नेपाल सरकारले लिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको स्थानीयकरण र प्रभावकारी कार्यान्वयनका लागि पनि यस योजनाको निर्माण अत्यन्त सान्दर्भिक रहेको छ । यसरी, गुर्भाकोट नगरपालिकाको शैक्षिक विकासलाई दीर्घकालीन दृष्टिकोणसहित योजनाबद्ध, समावेशी, गुणस्तरीय र दिगो दिशातर्फ उन्मुख गराउन यो परिमार्जित शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो ।

### १.३ शिक्षा योजना निर्माणका आधार:

गुर्भाकोट नगरपालिकाको अद्यावधिक पाँच वर्षे शिक्षा क्षेत्र योजना–२०८२ तर्जुमा गर्दा शिक्षा क्षेत्रको समग्र विकास, गुणस्तरीय सिकाइ, समावेशी पहुँच, सुशासन तथा दिगोपनालाई सुनिश्चित गर्ने उद्देश्यले राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहका प्रचलित कानुनी, नीतिगत, योजनागत तथा तथ्यपरक दस्तावेजहरूलाई मूल आधारका रूपमा ग्रहण गरिएको छ ।

यस योजना निर्माण प्रक्रियामा स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१) लाई प्रमुख मार्गनिर्देशक दस्तावेजको रूपमा अवलम्बन गरिएको छ । साथै, गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०७९–२०८८) मा समावेश दीर्घकालीन सोच, उद्देश्य, रणनीति र लक्ष्यमाथि आधारित भई हालको सन्दर्भ, उपलब्धि, चुनौती तथा आवश्यकताहरूको विश्लेषण गरी अद्यावधिक योजना तयार गरिएको हो ।

योजना तर्जुमा क्रममा तल उल्लेखित दस्तावेज, नीति, ऐन, निर्देशिका तथा तथ्याङ्कीय स्रोतहरूलाई प्रमुख आधारका रूपमा प्रयोग गरिएको छः

१. नेपालको संविधान, विशेषतः शिक्षा सम्बन्धी मौलिक हक, राज्यका नीति तथा दायित्वसम्बन्धी प्रावधानहरू ।

२. सोह्रौँ आवधिक योजना तथा राष्ट्रिय विकासका प्राथमिकताहरू ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।

४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७६ ।

५. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली तथा कार्यविधिहरू ।

६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan – SESP) तथा सिकाइ आपूरण एवं द्रुत सिकाइ सम्बन्धी राष्ट्रिय योजना तथा कार्यक्रमहरू ।

७. राष्ट्रिय शिक्षा नीति, २०७६, शिक्षाको सोचपत्र, २०७१ तथा अन्य सान्दर्भिक शिक्षा नीतिहरू ।

८. विद्यालय शिक्षामा समता तथा समावेशीकरण रणनीति।
९. दिगो विकास लक्ष्य (SDGs) राष्ट्रिय कार्यढाँचा, विशेषतः लक्ष्य नं. ४ (गुणस्तरीय शिक्षा)।
१०. स्थानीय तहको योजना तर्जुमा निर्देशिका, २०७८ तथा गुर्भाकोट नगरपालिकाको समग्र विकास योजना।
११. स्थानीय तहको मध्यमकालीन खर्च संरचना (MTEF) तथा वार्षिक बजेट तथा कार्यक्रम।
१२. राष्ट्रिय जनगणना २०७८, शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS/IEMIS) तथा नगरस्तरीय तथ्याङ्कीय प्रतिवेदनहरू।
१३. विद्यालयहरूको विद्यालय सुधार योजना (SIP), विषयगत प्रतिवेदन, अनुगमन प्रतिवेदन तथा पूर्व कार्यान्वयनबाट प्राप्त सिकाइहरू।
१४. स्थानीय तहको शिक्षा योजना विश्लेषण रुपरेखा, जसले समता, समावेशिता, प्रमाणमा आधारित योजना निर्माण तथा नीति सुधारमा सहयोग पुऱ्याउँछ।
१५. गैरसरकारी संस्था, विकास साझेदार, समुदाय तथा शिक्षा सरोकारवालाहरूबाट तयार पारिएका शिक्षा सम्बन्धी अध्ययन, प्रतिवेदन तथा दस्तावेजहरू।
१६. गुर्भाकोट नगरपालिकाको पूर्व शिक्षा क्षेत्र योजना (२०७९–२०८८) को समीक्षा, उपलब्धि, चुनौती, वित्तीय अवस्था तथा कार्यान्वयन अनुभवहरू।
१७. विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, वडा तह तथा शिक्षा शाखासँग गरिएको परामर्श, अन्तरक्रिया र तथ्य सङ्कलनबाट प्राप्त स्थानीय आवश्यकता र प्राथमिकताहरू।

उपरोक्त आधारहरूको समुचित विश्लेषण, स्थानीय यथार्थ, भौगोलिक विविधता, सामाजिक समावेशिता तथा भावी शैक्षिक आवश्यकता समेट्दै यो अद्यावधिक योजना तयार गरिएको छ, जसले गुर्भाकोट नगरपालिकामा गुणस्तरीय, समावेशी, पहुँचयोग्य र उत्तरदायी शिक्षा प्रणालीको विकासमा मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

## १.४ शिक्षा योजना निर्माण प्रक्रिया

गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०७९–२०८८) को दीर्घकालीन दूरदृष्टि, उद्देश्य तथा रणनीतिक प्राथमिकतासँग तादात्म्य कायम गर्दै, स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१) को प्रावधानअनुसार यो अद्यावधिक पाँच वर्षे शिक्षा क्षेत्र योजना–२०८३ तयार गरिएको हो। शिक्षा क्षेत्रमा विगतका उपलब्धि, चुनौती, सिकाइ अनुभव तथा वर्तमान आवश्यकता विश्लेषणका आधारमा योजनालाई समयानुकूल, यथार्थपरक र कार्यान्वयनमुखी बनाउन विशेष ध्यान दिइएको छ। यो योजना निर्माण कार्य गुर्भाकोट नगरपालिकाको शिक्षा समितिको समग्र नेतृत्व तथा समन्वयमा गठित सात सदस्यीय योजना तर्जुमा समितिको सक्रिय संलग्नतामा सम्पन्न गरिएको हो। समितिमा शिक्षा क्षेत्रका प्राविधिक विज्ञ, सामाजिक विकास समितिका संयोजक, शिक्षा शाखाका प्रमुख, विद्यालय तहका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूको प्रतिनिधित्व सुनिश्चित गरिएको थियो। योजना निर्माण प्रक्रियामा सहभागितामूलक, प्रमाणमा आधारित तथा समावेशी दृष्टिकोण अवलम्बन गरिएको छ। योजना तर्जुमा गर्दा नगरपालिकाको विद्यमान शिक्षा अवस्था, विद्यालयहरूको भौतिक तथा शैक्षिक अवस्था, सिकाइ उपलब्धि, पहुँच, समावेशिता, गुणस्तर, सुशासन तथा स्रोत व्यवस्थापन लगायतका पक्षहरूको विस्तृत समीक्षा गरिएको छ। साथै, पूर्ववर्ती शिक्षा योजना तथा वार्षिक प्रगति प्रतिवेदनहरूको पुनरावलोकन गरी आगामी पाँच वर्षका लागि यथार्थपरक लक्ष्य, रणनीति तथा कार्ययोजना निर्धारण गरिएको छ।

यस योजना निर्माणका क्रममा अवलम्बन गरिएको प्रमुख प्रक्रिया देहायबमोजिम रहेको छः

१. **नगर कार्यपालिका तथा स्थानीय तहको प्रारम्भिक परामर्श बैठक सञ्चालन**
   योजना निर्माणको आवश्यकता, उद्देश्य, कार्यक्षेत्र तथा समयरेखा निर्धारण गर्न नगर कार्यपालिका स्तरीय प्रारम्भिक बैठक सम्पन्न गरिएको।

२. **योजना तर्जुमा समितिको गठन**
   शिक्षा समितिको नेतृत्वमा ११ (एघार) सदस्यीय योजना निर्माण समिति गठन गरी जिम्मेवारी तथा कार्यविभाजन स्पष्ट गरिएको।
३. **शिक्षा क्षेत्रको वस्तुस्थिति विश्लेषण तथा पूर्व योजनाको पुनरावलोकन**
   गुर्भाकोट नगरपालिकाको विद्यमान शिक्षा अवस्था, तथ्याङ्क, उपलब्धि, चुनौती तथा अघिल्लो शिक्षा क्षेत्र योजनाको समीक्षा गरिएको।
४. **तथ्याङ्क सङ्कलन, परामर्श तथा सरोकारवालामूलक अन्तरक्रिया**
   वडाध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लब, अपाङ्गता भएका व्यक्तिका संघ/संस्था, महिला तथा दलित प्रतिनिधि, सरकारी तथा गैरसरकारी संघसंस्थासँग परामर्श तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
५. **नगर स्तरीय योजना निर्माण कार्यशाला सञ्चालन**
   सरोकारवालाहरूको सहभागितामा प्राथमिकता निर्धारण, समस्या पहिचान, रणनीति तर्जुमा तथा अपेक्षित उपलब्धि निर्धारणका लागि कार्यशाला आयोजना गरिएको।
६. **योजनाको प्रारम्भिक मस्यौदा तयारी**
   प्राप्त सुझाव, तथ्याङ्क तथा विश्लेषणका आधारमा योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको।
७. **मस्यौदामाथि सुझाव सङ्कलन तथा परिमार्जन**
   मस्यौदामाथि सम्बन्धित सरोकारवालाहरूबाट राय, सुझाव तथा प्रतिवेदनहरू सङ्कलन गरी आवश्यक संशोधन गरिएको।
८. **बाह्य विज्ञद्वारा प्राविधिक समीक्षा**
   शिक्षा योजना निर्माण तथा स्थानीय शासनका विज्ञबाट योजनाको प्राविधिक परीक्षण, गुणस्तर सुनिश्चितता तथा सुधार सुझाव प्राप्त गरी समायोजन गरिएको।
९. **योजनाको अन्तिमकरण, स्वीकृति र कार्यान्वयन व्यवस्था**
   अन्तिम मस्यौदालाई नगर शिक्षा समिति तथा नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको स्पष्ट ढाँचा तय गरिएको।

यसरी, यो अद्यावधिक शिक्षा क्षेत्र योजना सहभागितामूलक, समावेशी, तथ्यमा आधारित तथा परिणाममुखी प्रक्रियाबाट तयार गरिएको दस्तावेज हो, जसले आगामी पाँच वर्षमा गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकास, गुणस्तर अभिवृद्धि र समतामूलक पहुँच सुनिश्चित गर्न मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

## १.५ गुर्भाकोट नगरपालिकाको संक्षित परिचय

### क. भौगोलिक अवस्थितिः

गुर्भाकोट नगरपालिका कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको पूर्वी भेगमा अवस्थित एक महत्वपूर्ण स्थानीय तह हो, जुन वीरेन्द्रनगरबाट करिब ३० किलोमिटर पूर्वमा पर्दछ। वि.सं. २०७३ फागुन २७ गते साविकका दहचौर, गुमी, घुमखहरे, मेहेलकुना, सहारे, मालारानी तथा धारापानी गाविसहरूलाई समेटी १४ वडासहित यस नगरपालिकाको स्थापना गरिएको हो। भौगोलिक रूपमा यो नगरपालिका महाभारत पर्वत शृंखलाको दक्षिण र चुरे क्षेत्रको उत्तर भागमा फैलिएको छ। यसको कुल क्षेत्रफल २२८.६० वर्ग किलोमिटर रहेको छ भने समुद्री सतहबाट करिब १२०० मिटरदेखि २५०० मिटरसम्म उचाइ फैलिएको छ। अक्षांश २८.५३° उत्तर र देशान्तर ८१.८१° देखि ८१.९९° पूर्वसम्म विस्तार भएको यस नगरपालिकाको भू–धरातल

समथर फाँटदेखि पहाडी तथा आंशिक विकट भूभागसम्म विविधतायुक्त रहेको छ। हावापानी समशीतोष्ण प्रकृतिको भए पनि उच्च भेगमा जाडो अत्यधिक हुने तथा भेरी नदी आसपास गर्मी र चिसो दुवै मौसममा चरम अवस्था अनुभव हुने गर्दछ।

### ख. जनसाङ्ख्यिक संरचनाः

गुर्भाकोट नगरपालिका जनसाङ्ख्यिक रूपमा विविध जातजाति, समुदाय तथा सामाजिक समूहहरूको साझा बसोबास क्षेत्र हो। २०६८ सालको राष्ट्रिय जनगणनाअनुसार यहाँको कुल जनसंख्या ४३,७६५ रहेको छ, जसमध्ये पुरुष १९,८८२ र महिला २३,८८३ रहेका छन्। नगरपालिकामा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, ठकुरी, कामी, दमाई, सार्की, सुनार, बादी, राजी, बोटे, कुसुण्डा लगायत विभिन्न जातीय समुदायहरूको बसोबास रहेको छ। विशेषगरी मगर तथा दलित समुदायको उल्लेख्य बाहुल्यता रहेको पाइन्छ। जनसङ्ख्याको संरचनाले सामाजिक समावेशिता, सेवाप्रवाह, शैक्षिक पहुँच तथा समतामूलक विकासका कार्यक्रमहरूमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याउँछ।

### ग. सामाजिक तथा साँस्कृतिक अवस्थाः

गुर्भाकोट नगरपालिका सामाजिक र सांस्कृतिक विविधताको समृद्ध केन्द्रका रूपमा परिचित छ। यहाँका अधिकांश बासिन्दाहरू हिन्दु धर्मावलम्बी रहेका छन् भने केही समुदायले बौद्ध तथा इसाई धर्म पनि मान्ने गर्दछन्। धार्मिक तथा सांस्कृतिक सहअस्तित्व यहाँको प्रमुख विशेषता हो। दशैं, तिहार, तीज, माघे संक्रान्ति, फागु पूर्णिमा, जनै पूर्णिमा, नागपञ्चमी, ल्होसार तथा क्रिसमस जस्ता पर्वहरू धुमधामका साथ मनाइन्छन्। यस क्षेत्रका प्रमुख सांस्कृतिक पहिचानमा मारुनी नाच, झ्याउरे, लाठी नाच, पैसेरी नाच र गर्रा नाच जस्ता लोकनृत्यहरू पर्दछन्। शुभाघाट, खरीगैरा, सैयाँ र बोटेचौरका जात्राहरू स्थानीय सांस्कृतिक जीवनका महत्वपूर्ण पक्ष हुन्। परम्परागत भेषभूषा, खानपान, धार्मिक अनुष्ठान तथा जन्म, विवाह र मृत्यु सम्बन्धी सामाजिक संस्कारहरूले यहाँको सामाजिक संरचनालाई सुदृढ बनाएका छन्।

### घ. आर्थिक अवस्थाः

गुर्भाकोट नगरपालिकाको अर्थतन्त्र मुख्यतः कृषि, पशुपालन, वैदेशिक रोजगार तथा साना व्यापार–व्यवसायमा आधारित रहेको छ। अधिकांश परिवारको मुख्य पेशा कृषि हो, जहाँ धान, गहुँ, मकै, कोदो, जौ, तोरी लगायतका बाली उत्पादन गरिन्छ। साथै गाई, भैंसी, बाख्रा, भेडा, कुखुरा तथा मौरीपालन पनि आयआर्जनका प्रमुख माध्यमहरू हुन्। भेरी नदी तथा विभिन्न खोलाहरू सिंचाइका महत्वपूर्ण स्रोत भए पनि सबै वडामा पर्याप्त सिंचाइ सुविधा नहुँदा कृषि उत्पादन अझै आकासे पानीमा निर्भर रहेको छ। कृषि पछिको प्रमुख आयस्रोत वैदेशिक रोजगार हो, जहाँ विशेषगरी युवा जनशक्ति खाडी मुलुक, भारत तथा अन्य देशहरूमा कार्यरत छन्। स्थानीय स्तरमा घरेलु तथा कुटिर उद्योग, पसल व्यवसाय तथा साना व्यापारिक केन्द्रहरू: जस्तै मेहेलकुना, बोटेचौर, शिवनगर र गैरीबजारले स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याइरहेका छन्। सडक, सञ्चार, स्वास्थ्य, बजार तथा शैक्षिक पूर्वाधारको विस्तारले आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पारेको छ।

### ङ शैक्षिक अवस्थाको विश्लेषण

गुर्भाकोट नगरपालिका सुर्खेत जिल्लाको पूर्वी भेगमा शिक्षा विकासको ऐतिहासिक केन्द्रका रूपमा परिचित छ। यहाँ शिक्षा क्षेत्रको औपचारिक विकास वि.सं. २००७ पछिबाट प्रारम्भ भएको पाइन्छ, जसमा आनन्द माध्यमिक विद्यालय, गुमी यस क्षेत्रको सबैभन्दा पुरानो तथा ऐतिहासिक विद्यालयका रूपमा स्थापित भएको छ। समयक्रममा आधारभूत, माध्यमिक, उच्च माध्यमिक तथा उच्च शिक्षाका संस्थाहरू विस्तार हुँदै आएका छन्। हाल नगरपालिकाभित्र सामुदायिक तथा संस्थागत विद्यालयहरू, प्राविधिक धारका विद्यालय, नमूना विद्यालय, साथै स्नातक तहसम्मका क्याम्पसहरू सञ्चालनमा रहेका छन्। कक्षा १२ सम्मको शिक्षामा पहुँच उल्लेख्य रूपमा सहज भइसकेको छ भने उच्च शिक्षाका लागि भेरी शिक्षा क्याम्पस तथा गुर्भाकोट बहुमुखी क्याम्पसले सेवा प्रदान गरिरहेका छन्। यस क्षेत्रको शैक्षिक इतिहास, सामुदायिक पहल, विद्यालय पूर्वाधार विस्तार तथा प्राविधिक शिक्षाको समावेशले गुर्भाकोटलाई शिक्षा दृष्टिले उर्वर र सम्भावनायुक्त नगरपालिका बनाएको छ।

### १. शैक्षिक क्षेत्रको वर्तामन अवस्था

गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्था राष्ट्रिय शिक्षा नीति, नेपालको संविधान तथा स्थानीय तहको शिक्षा अधिकारसँग समन्वित रूपमा क्रमशः सुदृढ हुँदै गएको देखिन्छ। यस अवस्थालाई निम्न बुँदाहरूमा विश्लेषण गर्न सकिन्छः

- शिक्षा क्षेत्रलाई नगरपालिकाको समग्र सामाजिक, आर्थिक तथा मानवीय विकासको प्रमुख आधारका रूपमा स्वीकार गरिएको छ।
- नेपालको संविधानको धारा ३१ बमोजिम आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको अधिकार स्थानीय स्तरमा कार्यान्वयनको प्रक्रियामा रहेको छ।
- प्रारम्भिक बाल विकास (ECD) देखि माध्यमिक तहसम्म विद्यालय शिक्षाको संरचना राष्ट्रिय मापदण्डअनुसार व्यवस्थित गरिएको छ।
- प्रारम्भिक बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा तहमा विद्यालयहरूको पहुँच क्रमशः विस्तार भएको छ।
- विद्यालय उमेर समूहका बालबालिकाको भर्ना दरमा सुधार देखिएको छ, विशेषगरी आधारभूत तहमा खुद भर्ना दर वृद्धि भएको छ।
- लैङ्गिक समानता सूचकाङ्क सकारात्मक रहेकोले छात्रा सहभागितामा उल्लेखनीय सुधार भएको संकेत गर्दछ।
- सामुदायिक तथा संस्थागत विद्यालय दुवै प्रकारका विद्यालयहरू सञ्चालनमा रहेका छन्, जसले नगरभित्र शैक्षिक पहुँच विस्तारमा योगदान पुर्‍याएका छन्।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर विस्तार गर्ने आवश्यकता पहिचान भइसकेको छ, तर यसको पहुँच अझ सीमित रहेको अवस्था देखिन्छ।
- अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न, दलित तथा सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी शिक्षा सुनिश्चित गर्ने प्रयास भइरहेको छ।
- विद्यालय शिक्षा व्यवस्थापनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा स्थानीय सरकारको सहभागिता रहेको छ।
- शिक्षा क्षेत्रमा तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली क्रमशः संस्थागत हुँदै गएको अवस्था छ।
- सूचना प्रविधिको प्रयोग, डिजिटल सिकाइ सामग्री तथा आधुनिक शिक्षण पद्धतिको प्रयोग सुरु भए पनि सबै विद्यालयमा समान रूपमा विस्तार हुन बाँकी रहेको देखिन्छ।

### २. शिक्षा क्षेत्रका मुख्य समस्याहरू

गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्रमा हाल देखिएका प्रमुख समस्याहरू निम्नानुसार रहेका छन्:

- सामुदायिक विद्यालयप्रति अभिभावकहरूको आकर्षण अपेक्षाकृत कम हुनु।
- निजी विद्यालयतर्फ बढ्दो झुकावका कारण सामुदायिक विद्यालयको विश्वासनीयता र प्रतिस्पर्धात्मकता कमजोर हुनु।
- विद्यालय समय बाहिर तथा बिदाको समयमा बालबालिकाको सिकाइ निरन्तरता कायम राख्न कठिनाइ हुनु।
- विषयगत दक्ष शिक्षकको अभाव, विशेषगरी गणित, विज्ञान, अंग्रेजी तथा प्राविधिक विषयमा।
- शिक्षकहरूको पेशागत विकास, तालिम, कोचिङ र मेन्टरिङको अपर्याप्त व्यवस्था।
- पर्याप्त, सान्दर्भिक तथा आधुनिक शैक्षिक सामग्रीको अभाव।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको सीमित पहुँच र प्रभावकारी उपयोग नहुनु।
- अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि पहुँचयुक्त पूर्वाधार र सिकाइ सामग्रीको कमी।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवहारिक कार्यान्वयन कमजोर हुनु।
- विद्यार्थीको विद्यालय उपस्थितिमा अनियमितता तथा ड्रपआउट समस्या।
- तथ्याङ्क सङ्कलन, विश्लेषण तथा शैक्षिक योजना निर्माणमा डाटा-आधारित निर्णय प्रक्रियाको कमजोरी।
- विद्यालय कर्मचारी तथा सहायक जनशक्ति व्यवस्थापनमा स्पष्टता र पर्याप्तता नहुनु।

- विद्यालयबीच सिकाइ अनुभव आदानप्रदान र असल अभ्यास विस्तारको सीमितता।

## ३. शिक्षा क्षेत्रका चुनौतीहरू

शिक्षा क्षेत्रको गुणस्तर, पहुँच र समावेशिता अभिवृद्धि गर्ने क्रममा गुर्भाकोट नगरपालिकाले सामना गरिरहेका मुख्य चुनौतीहरू निम्न छन्:

- सबै बालबालिकालाई विद्यालय भर्ना मात्र नभई अध्ययन निरन्तरता सुनिश्चित गर्नु।
- गुणस्तरीय शिक्षा र सिकाइ उपलब्धि सुधारसँगै परिणाममुखी शिक्षा सुनिश्चित गर्नु।
- विषयगत तथा तहगत शिक्षकहरूको न्यायोचित वितरण र व्यवस्थापन गर्नु।
- सामुदायिक विद्यालयमा अभिभावक र समुदायको सक्रिय स्वामित्व र संलग्नता बढाउनु।
- नवीनतम प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीको प्रभावकारी विस्तार गर्नु।
- विपद्, महामारी वा अन्य आकस्मिक परिस्थितिमा शिक्षाको निरन्तरता कायम राख्नु।
- समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै अपाङ्गता, दलित, विपन्न तथा सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्नु।
- साझा अधिकार (संघ, प्रदेश र स्थानीय तह) को स्पष्ट कार्यान्वयन र समन्वयमा चुनौती।
- पालिका स्तरमा उपलब्ध विज्ञ समूह तथा प्राविधिक स्रोतहरूको प्रभावकारी परिचालन गर्नु।
- विद्यालय अनुगमन, सुपरिवेक्षण, कोचिङ तथा मेन्टरिङलाई नियमित र परिणाममुखी बनाउनु।
- शिक्षालाई रोजगारमूलक, सीपमूलक र स्थानीय आवश्यकतासँग जोड्नु।
- विद्यार्थीको सिकाइ उपलब्धि र जीवनोपयोगी सीप विकासबीच सन्तुलन कायम गर्नु।

## ४. शिक्षा क्षेत्रका अवसरहरू

गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्र सुधार र रूपान्तरणका लागि उपलब्ध प्रमुख अवसरहरू निम्नानुसार रहेका छन्:

- नेपालको संविधानद्वारा सुनिश्चित आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको स्पष्ट कानुनी आधार।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी।
- राष्ट्रिय शिक्षा नीति २०७६ तथा स्थानीय तह शिक्षा योजना निर्माण मार्गदर्शन, २०७८ (परिमार्जित २०८१) को नीतिगत समर्थन।
- स्थानीय तहमा सक्रिय सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूको सहकार्य।
- गुणस्तरीय शिक्षाप्रति अभिभावक र समुदायको बढ्दो चासो।
- छात्र तथा छात्रा भर्ना दरमा सुधार र सकारात्मक लैङ्गिक समता सूचकाङ्क।
- शिक्षा क्षेत्रमा स्थानीय सरकारको बढ्दो लगानी र बजेट प्रतिबद्धता।
- संघ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य र सहलगानीको अवसर।
- विद्यालय मूल्याङ्कन प्रतिवेदन र कार्यसम्पादनमा आधारित करार प्रणालीबाट उत्तरदायित्व अभिवृद्धि गर्ने सम्भावना।
- प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारमार्फत स्थानीय रोजगार र उद्यमशीलता विकासको अवसर।
- डिजिटल शिक्षण, स्मार्ट कक्षा तथा ICT को विस्तारबाट गुणस्तरीय सिकाइ सुधार गर्ने सम्भावना।
- सामुदायिक पुस्तकालय, सूचना केन्द्र तथा बालमैत्री शिक्षण वातावरण विकास गर्ने अवसर।

# परिच्छेदः दुई
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ शिक्षा योजना निर्माण गर्दा अबलम्बन गरिएका आधार

गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०७९–२०८८) अन्तर्गत अद्यावधिक पाँच वर्षे शिक्षा क्षेत्र योजना–२०८२, स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७८ (परिमार्जित संस्करण २०८१), नेपालको संविधान, संघीय तथा प्रदेश कानुन, राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य तथा स्थानीय शैक्षिक वस्तुस्थितिको विश्लेषणका आधारमा तयार गरिएको हो। यस योजना निर्माणमा निम्न आधारहरूलाई मुख्य मार्गदर्शक तत्वका रूपमा अवलम्बन गरिएको छ।

### २.१.१. संवैधानिक तथा मौलिक हकसम्बन्धी आधार

यस योजना निर्माणको प्रमुख आधार नेपालको संविधानले सुनिश्चित गरेका शिक्षासम्बन्धी मौलिक हक तथा राज्यका नीतिहरू हुन्। संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यसैगरी, शिक्षा क्षेत्रमा समता, समावेशिता र न्याय को सिद्धान्तलाई आत्मसात गर्दै आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका, दलित, जनजाति, सीमान्तकृत समुदाय, द्वन्द्व प्रभावित तथा जोखिममा रहेका बालबालिकालाई विशेष अवसर प्रदान गर्ने आधार लिइएको छ। मातृभाषामा शिक्षा, ब्रेललिपि, सांकेतिक भाषा तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि उपयुक्त सिकाइ वातावरण सुनिश्चित गर्ने संवैधानिक व्यवस्था यस योजनाको महत्वपूर्ण आधार हो। साथै, शिक्षालाई वैज्ञानिक, प्राविधिक, सिपमूलक, रोजगारमुखी र उत्पादनशील बनाउँदै नगरपालिकाको सामाजिक–आर्थिक विकासमा योगदान पुर्‍याउने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यलाई आधार मानिएको छ।

### २.१.२. कानुनी तथा नीतिगत आधारहरू

यो योजना स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन तथा नियमावली, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना, तथा सम्बन्धित संघीय र प्रदेश नीतिहरूको अधीनमा रही निर्माण गरिएको हो।

स्थानीय तहलाई प्रदान गरिएका निम्न अधिकार तथा जिम्मेवारीहरू योजनाको प्रमुख नीतिगत आधारका रूपमा रहेका छन्:

- प्रारम्भिक बालविकास, आधारभूत, माध्यमिक, अनौपचारिक तथा विशेष शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने
- विद्यालय स्थापना, नक्साङ्कन, समायोजन, अनुमति, स्वीकृति तथा नियमन गर्ने
- शिक्षक तथा कर्मचारी व्यवस्थापन, दरबन्दी मिलान र कार्यसम्पादन अनुगमन गर्ने
- विद्यालय पूर्वाधार निर्माण, मर्मत तथा सुरक्षित शिक्षण वातावरण सुनिश्चित गर्ने
- सिकाइ उपलब्धि परीक्षण, परीक्षा सञ्चालन तथा गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन गर्ने
- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने

यस योजनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, विशेषगरी दिगो विकास लक्ष्य (SDG ४: गुणस्तरीय शिक्षा) लाई पनि मार्गदर्शक आधारका रूपमा समेटेको छ।

### २.१.३. स्थानीय शैक्षिक वस्तुस्थिति तथा तथ्यगत आधार

गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्रको विद्यमान अवस्था, विद्यालयहरूको संख्या, विद्यार्थी भर्ना दर, कक्षा दोहोरिने तथा विद्यालय छोड्ने दर, शिक्षक–विद्यार्थी अनुपात, सिकाइ उपलब्धि, पूर्वाधार अवस्था, समावेशी पहुँच, लैङ्गिक अवस्था तथा सामाजिक विविधताको विश्लेषण यस योजना निर्माणको महत्वपूर्ण तथ्यगत आधार हो।

नगरपालिकाभित्र रहेका विद्यालयहरूको SIP, ASIP, EMIS तथ्याङ्क, जनसांख्यिक विवरण, वडास्तरीय परामर्श तथा सरोकारवालासँगको छलफल बाट प्राप्त तथ्यलाई योजनाको आधार बनाइएको छ।

यसले स्थानीय आवश्यकताअनुसार योजना निर्माण, स्रोत विनियोजन र प्राथमिकता निर्धारण गर्न मद्दत पुर्‍याएको छ।

### २.१.४. प्रक्रियागत तथा सहभागितामूलक आधार

योजना निर्माण प्रक्रिया **सहभागितामूलक, समावेशी र परामर्शमुखी** ढाँचामा आधारित रहेको छ। यस क्रममा निम्न पक्षहरूलाई विशेष ध्यान दिइएको छ:

- विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थी तथा समुदायको सहभागिता
- वडास्तरीय तथा नगरस्तरीय परामर्श बैठक
- विषयगत शाखा, शिक्षा शाखा तथा सरोकारवालासँग समन्वय
- स्थानीय आवश्यकता, माग र प्राथमिकतामा आधारित योजना तर्जुमा
- सामाजिक उत्तरदायित्व, पारदर्शिता र सुशासन सुनिश्चितता

यस प्रक्रियाले योजना कार्यान्वयनमा स्थानीय स्वामित्व र उत्तरदायित्व बढाउने अपेक्षा गरिएको छ।

### २.१.५. समावेशिता, लैङ्गिक समानता तथा विशेष लक्षित समूहसम्बन्धी आधार

गुर्भाकोट नगरपालिकाको सामाजिक विविधता, भौगोलिक पहुँच, आर्थिक अवस्था तथा समावेशी शिक्षाको आवश्यकतालाई मध्यनजर गर्दै योजना निर्माण गरिएको छ। विशेषतः निम्न समूहलाई प्राथमिकतामा राखिएको छ:

- बालिका तथा किशोरीहरू
- अपाङ्गता भएका बालबालिका
- दलित, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत समुदाय
- आर्थिक रूपमा विपन्न परिवारका बालबालिका
- विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिका
- युवा तथा प्रौढ निरक्षर समूह

विशेष छात्रवृत्ति, सहायक सामग्री, सुरक्षित विद्यालय वातावरण, छात्रामैत्री शौचालय, सेनिटरी प्याड, पहुँचयुक्त भौतिक संरचना तथा वैकल्पिक सिकाइ अवसरलाई यस योजनाको आधारभूत पक्षका रूपमा लिइएको छ।

### २.१.६. गुणस्तर, सुशासन र क्षमता विकाससम्बन्धी आधार

यस योजनाले केवल पहुँच विस्तारमा मात्र नभई गुणस्तरीय सिकाइ उपलब्धि, प्रभावकारी व्यवस्थापन र संस्थागत क्षमता विकास लाई पनि केन्द्रमा राखेको छ।

यस अन्तर्गत:

- एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन
- शिक्षक तालिम तथा पेशागत विकास
- विद्यालय स्वमूल्याङ्कन र सामाजिक परीक्षण
- नियमित शैक्षिक अनुगमन तथा सुपरिवेक्षण
- प्रविधिमैत्री शिक्षण सिकाइ
- बालमैत्री तथा समावेशी कक्षाकोठा व्यवस्थापन

उल्लेखित आधारलाई प्रमुख आधारका रूपमा अवलम्बन गरिएको छ।

### २.१.७. दीगो, रोजगारमुखी तथा परिणाममुखी शिक्षासम्बन्धी आधार

शिक्षालाई स्थानीय विकास, उद्यमशीलता, सीप विकास तथा रोजगारीसँग जोड्दै नगरपालिकाभित्र आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले योजना निर्माण गरिएको छ। यसका लागि प्राविधिक, व्यावसायिक, जीवनोपयोगी तथा सिपमूलक शिक्षालाई प्राथमिकता दिइएको छ, जसले स्थानीय आर्थिक विकास, गरिबी न्यूनीकरण र आत्मनिर्भर नागरिक निर्माणमा योगदान पुऱ्याउनेछ।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच
गुणस्तरीय शिक्षा मार्फत  नेपाललाई समृद्ध र नेपालीलाई  सुखी बनाउन योगदान गर्ने

## २.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य
गुणस्तरीय र जीवनोपयोगी एवं रोजगारमूलक  शिक्षा मार्फत समृद्ध गुर्भाकोट र सुखी गुर्भाकोटबासी बनाउन योगदान गर्ने ।

## २.४ लक्ष्य
सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी,सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

## २.५ उद्देश्यः
१. सबै बालबालिकाका लागि समतामूलक पहुँच, अर्थपूर्ण सहभागिता र निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गर्ने
२. आधारभूत र माध्यमिक तहको शिक्षामा गुणस्तर अभिवृद्धि गरी सिकाइ उपलब्धि सुनिश्चित गर्ने
३. बालमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री र सुरक्षित शिक्षण वातावरण निर्माण गर्ने
४. शिक्षक दरबन्दी र विद्यालय व्यवस्थापनमा दक्षता वृद्धि गरी प्रशासनिक र शैक्षिक प्रभावकारिता सुनिश्चित गर्ने
५. साक्षरता, निरन्तर शिक्षा र व्यावसायिक/प्राविधिक शिक्षामा पहुँच विस्तार गर्ने

## २.६. शिक्षा योजनाको उद्देश्य अनुरुप  रणनीति, कार्यनीति र अपेक्षित उपलब्धिः
**उद्देश्य १: सबै बालबालिकाका लागि समतामूलक पहुँच, अर्थपूर्ण सहभागिता र निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गर्ने**

**उद्देश्य नं १ सँग सम्वन्धित रणनीति:**
- प्रारम्भिक बालविकास र आधारभूत शिक्षा सबै बालबालिकाका लागि समावेशी र निःशुल्क उपलब्ध गराउने।
- जटिल भौगोलिक, सिमान्तकृत र लोपोन्मुख क्षेत्रका बालबालिकाका लागि पहुँच सुनिश्चित गर्ने विविध नमूना कार्यक्रम सञ्चालन गर्ने।
- परिवार, समुदाय, गैर सरकारी संस्था, निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार बनाउँदै पहुँच र सहभागिता सुनिश्चित गर्ने।

**उद्देश्य नं १ सँग सम्वन्धित कार्यनीति:**
- संघीय मापदण्ड बमोजिम सिकाइ केन्द्र स्थापना गर्ने र आवश्यकता अनुसार नयाँ केन्द्रहरू निर्माण तथा विस्तार गर्ने।
- स्थानीय पाठ्यक्रम निर्माण/अनुकूलन गरी सांस्कृतिक र भाषिक विविधता समेट्ने।
- शिक्षक, अभिभावक र विद्यार्थीबीच नियमित छलफल, पढाइ मेला, घुम्ती पढाइ, साथी दौतरी शिक्षाको सञ्चालन।

**उद्देश्य नं १ सँग सम्वन्धित अपेक्षित उपलब्धि:**
- सबै बालबालिकाको शिक्षा पहुँचमा वृद्धि।
- बालबालिकाको सक्रिय सहभागिता र सिकाइ उपलब्धिमा सुधार।
- सबै बालबालिकाले निःशुल्क र समावेशी शिक्षा पाउने वातावरण निर्माण।

**उद्देश्य २: आधारभूत र माध्यमिक तहको शिक्षामा गुणस्तर अभिवृद्धि गरी सिकाइ उपलब्धि सुनिश्चित गर्ने**

**उद्देश्य नं २ सँग सम्वन्धित रणनीति**
- गुणस्तरीय शिक्षक र पाठ्यक्रम व्यवस्थापन मार्फत विद्यार्थीको जीवनोपयोगी ज्ञान र सीप विकास।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ र व्यवस्थापन सुधार।
- मूल्याङ्कन प्रणाली र शिक्षक जवाफदेहिता सुनिश्चित गर्ने।

- शिक्षक, विद्यार्थी र अभिभावकबीचको सम्बन्ध सुदृढ गर्दै विद्यालयका गतिविधिमा अभिभावकीय सहभागिता वृद्धि गर्ने ।

**उद्देश्य नं २ सँग सम्वन्धित कार्यनीति:**

- शिक्षक तालिम, शिक्षण सामग्री निर्माण, कक्षा व्यवस्थापन, वुक कर्नर स्थापना ।
- आवधिक सिकाइ मूल्याङ्कन, न्यूनतम सिकाइ स्तर सुनिश्चित, शिक्षक र प्रधानाध्यापकको जवाफदेहिता कायम ।
- पोषण, स्वास्थ्य, मनोसामाजिक परामर्श, स्थानीय उत्पादनमा आधारित दिवा खाजाको व्यवस्थापन ।

**उद्देश्य नं २ सँग सम्वन्धित अपेक्षित उपलब्धि:**

- विद्यार्थीको सिकाइ उपलब्धि सुधार ।
- गुणस्तरीय शिक्षक र शिक्षण वातावरण सुनिश्चित ।
- आधारभूत तहदेखि माध्यमिक तहसम्म न्यूनतम सिकाइ स्तर उपलब्ध ।

**उद्देश्य ३: बालमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री र सुरक्षित शिक्षण वातावरण निर्माण गर्ने**

**उद्देश्य नं ३ सँग सम्वन्धित रणनीति:**

- विद्यालयको भौतिक पूर्वाधार सुदृढीकरण ।
- सुरक्षित, बालमैत्री, समावेशी र प्रविधिमैत्री वातावरणको निर्माण ।
- विपद्, संकट र महामारीमा शिक्षाको निरन्तरता सुनिश्चित ।

**उद्देश्य नं ३ सँग सम्वन्धित कार्यनीति:**

- विद्यालय नक्साङ्कन, पुनर्वितरण, न्यूनतम सिकाइ वातावरण सुनिश्चित ।
- सूचना प्रविधि, डिजिटल सिकाइ सामग्री, ICT Lab स्थापना ।
- विपद् प्रतिरोधी पूर्वाधार निर्माण, वैकल्पिक शिक्षण माध्यम सञ्चालन ।

**उद्देश्य नं ३ सँग सम्वन्धित अपेक्षित उपलब्धि:**

- सबै विद्यालयमा सुरक्षित र बालमैत्री वातावरण उपलब्ध ।
- ICT मार्फत सिकाइ सुधार र पहुँच वृद्धि ।
- विपद्का बेला पनि शिक्षाको निरन्तरता ।

**उद्देश्य ४: शिक्षक दरबन्दी र विद्यालय व्यवस्थापनमा दक्षता वृद्धि गरी प्रशासनिक र शैक्षिक प्रभावकारिता सुनिश्चित गर्ने**

**उद्देश्य नं ४ सँग सम्वन्धित** रणनीति:

- शिक्षक दरबन्दीको पुनर्वितरण र मिलान ।
- शिक्षकको निरन्तर पेसागत विकास र प्रेरणा सुनिश्चित ।
- विद्यालय प्रशासन र व्यवस्थापन सुधार ।

**उद्देश्य नं ४ सँग सम्वन्धित कार्यनीति:**

- शिक्षक नियुक्ति, सरुवा, तालिम र पेसागत सहयोग ।
- प्रधानाध्यापकको नेतृत्व क्षमता अभिवृद्धि र उत्तरदायित्व सुनिश्चित ।
- विद्यालय सुधार योजना, वार्षिक स्वमूल्याङ्कन, अभिभावक सहभागिता र पारदर्शिता सुनिश्चित ।

**उद्देश्य नं ४ सँग सम्वन्धित अपेक्षित उपलब्धि:**

- सक्षम, प्रतिबद्ध र विद्यार्थी प्रतिवद्ध शिक्षक उपलब्ध ।

- प्रभावकारी विद्यालय प्रशासन र गुणस्तरीय शिक्षण सञ्चालन।
- शिक्षकको कार्यसम्पादन र जवाफदेहिता सुनिश्चित।

**उद्देश्य ५: साक्षरता, निरन्तर शिक्षा र व्यावसायिक/प्राविधिक शिक्षामा पहुँच विस्तार गर्ने**
**उद्देश्य नं ५ सँग सम्वन्धित रणनीति:**
- जीवनभर सिकाइ र व्यावसायिक/प्राविधिक शिक्षा अवसर सृजना।
- स्थानीय आर्थिक तथा सामाजिक आवश्यकता अनुसार प्राविधिक शिक्षा केन्द्र स्थापना।
- पिछडिएका र विशेष लक्षित समूहको पहुँच सुनिश्चित।

**उद्देश्य नं ५ सँग सम्वन्धित कार्यनीति:**
- सामुदायिक सिकाइ केन्द्र, खुला/दूर शिक्षा, प्राविधिक/व्यावसायिक तालिम।
- संस्थागत क्षमता वृद्धि, व्यापार/उद्योगको सहभागिता प्रोत्साहन।
- महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न वर्गलाई लक्षित कार्यक्रम।

**उद्देश्य नं ५ सँग सम्वन्धित अपेक्षित उपलब्धि:**
- जीवनभर सिकाइका अवसरमा पहुँच वृद्धि।
- व्यावसायिक र प्राविधिक सीप विकास।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः
यस गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्र योजनाले निर्दिष्ट गरेका मुख्य मुख्य कार्यसम्पादन सुचकहरुको आधारमा आगामी २ वर्ष, ५ वर्ष र १० वर्षको लक्ष्य निर्धारण तपशिल अनुरु तर्जुमा गरिएको छ ।

| क्र.सं. | सूचकहरू | आधार आर्थिक वर्ष २०८२/८३ | | | | आ.व २०८४/०८५ | आ.व २०८७/०८८ | अन्तिम १० वर्ष (२०९७/०९८) |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कर्णाली प्रदेश | सुर्खेत | गुर्भाकोट न.पा. सुर्खेत | | | |
| **१** | **प्रारम्भिक बाल विकास तथा शिक्षा** | | | | | | | |
| १.१ | कुल भर्ना दर (GER) | १०१.० | ९७.४ | ११०.९ | ९६.६ | ९८.० | ९९.५ | १००.० |
| १.२ | खुद भर्ना दर (NER) | ७०.२ | ६७.४ | ७८.० | ६९.६ | ७५.० | ८५.० | ९५.० |
| १.३ | लैङ्गिक समता सूचक (GPI) १–८ | ०.९२ | ०.९८ | ०.८७ | ०.९६ | ०.९८ | १.०० | १.०० |
| १.४ | लैङ्गिक समता सूचक (GPI) ९–१२ | ०.९६ | १.०२ | ०.९४ | १.११ | १.०८ | १.०४ | १.०० |
| १.५ | ४ वर्षका बालबालिकाको भर्ना अनुपात | * | * | * | * | ६५.० | ८०.० | ९५.० |
| १.६ | निर्धारित योग्यता पुगेका शिक्षक प्रतिशत | * | * | * | * | ७०.० | ८५.० | १००.० |
| १.७ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | * | * | * | * | ७५.० | ९०.० | १००.० |
| १.८ | ECD अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | ७६.३ | ७७.३ | ७६.१ | ७५.६ | ८०.० | ९०.० | १००.० |
| **२** | **आधारभूत शिक्षा (कक्षा १–८)** | | | | | | | |
| २.१ | कुल प्रवेश दर (GIR) कक्षा १ | १४१.१ | १३६.३ | १६१.१ | १२९.४ | १३२.० | १३५.० | १४०.० |
| २.२ | खुद प्रवेश दर (NIR) कक्षा १ | ९३.७ | ९४.३ | ९३.७ | ९४.५ | ९५.० | ९७.० | ९९.० |
| २.३ | कुल भर्ना दर (GER) कक्षा १–५ | १३०.५ | १३१.७ | १३७.५ | १२४.८ | १२६.० | १२८.० | १३०.० |
| २.४ | खुद भर्ना दर (NER) कक्षा १–५ | ९४.४ | ९४.९ | ९५.५ | ९५.१ | ९६.० | ९७.० | ९९.० |
| २.५ | कुल भर्ना दर (GER) कक्षा ६–८ | ११५.० | ११६.१ | १२०.१ | १०९.६ | ११२.० | ११७.० | १२५.० |
| २.६ | खुद भर्ना दर (NER) कक्षा ६–८ | ९३.६ | ९३.६ | ९४.३ | ९४.४ | ९५.० | ९७.० | ९९.० |
| २.७ | कुल भर्ना दर (GER) कक्षा १–८ | १२४.८ | १२५.७ | १३०.३ | ११८.७ | १२०.० | १२५.० | १३०.० |
| २.८ | खुद भर्ना दर (NER) कक्षा १–८ | ९४.१ | ९४.४ | ९४.९ | ९४.८ | ९५.५ | ९७.० | ९९.० |
| २.९ | GPI (कक्षा १–८) | ०.९२ | ०.९८ | ०.८७ | ०.९६ | ०.९८ | १.०० | १.०० |
| २.१० | विद्यार्थी टिकाउ दर (कक्षा ८) | ८६.५ | ८४.७ | ८५.२ | ८७.० | ९०.० | ९५.० | ९८.० |
| २.११ | आधारभूत तह पूरा गर्ने दर | ८७.७ | ८६.६ | * | ८९.९ | ९१.० | ९५.० | ९८.० |

| क्र.सं. | सूचकहरू | आधार आर्थिक वर्ष २०८२/८३ | | | | आ.व २०८४/०८५ | आ.व २०८७/०८८ | अन्तिम १० वर्ष (२०९७/०९८) |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | कर्णाली प्रदेश | सुर्खेत | गुर्भाकोट न.पा. सुर्खेत | | | |
| २.१२ | विद्यार्थी उतीर्ण दर (कक्षा १–५) | ८३.० | ७९.० | ८३.३ | ८२.० | ८५.० | ९०.० | ९८.० |
| २.१३ | विद्यार्थी उतीर्ण दर (कक्षा ६–८) | ८७.४ | ८७.० | ८३.३ | ८५.६ | ८८.० | ९२.० | ९८.० |
| २.१४ | कक्षा दोहोऱ्याउने दर (१–५) | ८.७ | ११.२ | ८.२ | ८.० | ६.० | ४.० | १.० |
| २.१५ | कक्षा दोहोऱ्याउने दर (६–८) | ७.२ | ७.८ | १०.८ | ७.३ | ६.० | ३.० | १.० |
| २.१६ | विद्यालय छाड्ने दर (१–५) | ८.२ | ९.८ | ८.५ | १०.० | ८.० | ५.० | १.० |
| २.१७ | विद्यालय छाड्ने दर (६–८) | ५.४ | ५.२ | ५.८ | ७.१ | ६.० | ३.० | १.० |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९–१२)** | | | | | | | |
| ३.१ | कुल भर्ना दर (९–१०) | ९९.१ | ९६.९ | ९५.१ | ९४.४ | ९६.० | ९८.० | १००.० |
| ३.२ | खुद भर्ना दर (९–१०) | ७५.८ | ७१.१ | ७२.० | ६३.५ | ७०.० | ८०.० | ९५.० |
| ३.३ | कुल भर्ना दर (९–१२) | ८०.६ | ८२.६ | ७६.७ | ७५.८ | ८०.० | ८८.० | ९८.० |
| ३.४ | खुद भर्ना दर (९–१२) | ५५.८ | ५७.७ | ५८.६ | ५६.३ | ६०.० | ७०.० | ९०.० |
| ३.५ | कुल भर्ना दर (११–१२) | ६३.६ | ६८.५ | ५९.४ | ५६.६ | ६५.० | ७५.० | ९०.० |
| ३.६ | खुद भर्ना दर (११–१२) | ३७.१ | ४४.५ | ४६.१ | ४९.० | ५५.० | ७०.० | ९०.० |
| ३.७ | विद्यार्थी टिकाउ दर (कक्षा १०) | ६६.९ | ६७.० | ६७.० | ६८.० | ७५.० | ८५.० | ९५.० |
| ३.८ | उतीर्ण दर (९–१०) | ९२.२ | ९०.८ | ८८.५ | ८९.७ | ९१.० | ९५.० | ९८.० |
| ३.९ | कक्षा दोहोऱ्याउने दर (९–१०) | ३.२ | ३.६ | ५.६ | ४.९ | ४.० | २.० | ०.५ |
| ३.१० | विद्यालय छाड्ने दर (९–१०) | ४.७ | ५.५ | ६.२ | ५.४ | ४.० | २.० | ०.५ |
| **४** | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ** | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष माथि) | * | * | * | * | ८०.० | ९०.० | ९८.० |
| ४.२ | साक्षरता दर (६ वर्ष माथि) | * | * | * | * | ८५.० | ९२.० | ९९.० |
| ४.३ | साक्षरता दर (१५–२४ उमेर समूह) | * | * | * | * | ९२.० | ९७.० | १००.० |
| ४.४ | साक्षरतामा लैङ्गिक समता | * | * | * | * | ०.९८ | १.०० | १.०० |
| **५** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ५.१ | विद्यार्थी:शिक्षक अनुपात (१–५) | २०.९ | २२.७ | २०.१ | १७.५ | १७.० | १६.० | १५.० |
| ५.२ | विद्यार्थी:शिक्षक अनुपात (६–८) | ४४.६ | ४९.५ | ५२.१ | ५३.७ | ५०.० | ४५.० | ३५.० |
| ५.३ | विद्यार्थी:शिक्षक अनुपात (९–१०) | ३०.५ | ४०.४ | ४०.९ | ५६.५ | ५०.० | ४०.० | ३०.० |
| ५.४ | विद्यार्थी:शिक्षक अनुपात (११–१२) | ४७.३ | ४८.६ | ४९.७ | २०.४ | २०.० | १८.० | १५.० |
| **६** | **PMEC पूरा गरेका विद्यालय प्रतिशत** | | | | | | | |
| ६.१ | ECD केन्द्र प्रतिशत | ३१.५ | २३.५ | ३३.५ | २५.३ | ४०.० | ७०.० | १००.० |
| ६.२ | आधारभूत विद्यालय (१–५) | ८३.१ | ७९.० | ८३.३ | ८२.० | ८५.० | ९२.० | १००.० |
| ६.३ | माध्यमिक विद्यालय (६–८) | ८७.४ | ८७.० | ८३.३ | ८५.६ | ८८.० | ९५.० | १००.० |
| ६.४ | माध्यमिक विद्यालय (९–१०) | ९२.२ | ९०.८ | ८८.५ | ८९.७ | ९२.० | ९७.० | १००.० |
| **७** | **कुल बजेटमा शिक्षा क्षेत्रको बजेट** | | | | | | | |
| ७.१ | नगरपालिका बजेटमा शिक्षामा विनियोजित बजेट प्रतिशत | * | * | * | * | १८.० | २२.० | २५.० |
| ७.२ | प्रदेश बजेटमा शिक्षामा विनियोजित बजेट प्रतिशत | * | * | * | * | २०.० | २५.० | ३०.० |
| ७.३ | संघीय बजेटमा शिक्षामा विनियोजित बजेट प्रतिशत | * | * | * | * | २०.० | २३.० | २५.० |

# परिच्छेदः तीन
# शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षाः

### ३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकास र शिक्षा क्षेत्रमा गुर्भाकोट नगरपालिकाको वर्तमान अवस्था सन्तोषजनक देखिन्छ। यस नगरपालिकामा संघीय ५७, स्थानीय ४ र संस्थागत १३ गरी जम्मा ७४ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। यहाँ प्रारम्भिक बालविकासमा कुल १८४५ जना बालबालिका (७८९ छात्रा र १०५६ छात्र) भर्ना भएका छन्, जसको भर्ना अनुपात २५.३ प्रतिशत रहेको छ। निश्चित उमेर समूहभित्रको खुद भर्ना दर (Net Enrollment Rate) ६९.६ प्रतिशत (छात्रा ६१.६% र छात्र ७७.३%) रहेको छ भने कुल भर्ना दर (Gross Enrollment Rate) ९६.६ प्रतिशत पुगेको छ। उपलब्ध तथ्याङ्क अनुसार यहाँ बालविकासको अनुभव लिई कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ७५.६ रहेको छ, जसले प्राथमिक शिक्षाको जग बलियो बनाउन मद्दत पुऱ्याएको देखिन्छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्र उमेर समूहका बालबालिकाको जनसङ्ख्याको आधारमा बालविकास केन्द्रको स्थापना गर्ने लक्ष्य लिएको छ।बालविकास शिक्षा सुधार योजना निर्माण गरी बालबालिकाहरूको मूल्याङ्कन फारम मार्फत वार्षिक चार पटक विद्यार्थीको सिकाइ तथा विकास मुल्याङ्कन गर्ने गरिएको छ । सबै बालविकास केन्द्रहरू विद्यालयले सञ्चालन र व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ ।

### ३.१.२ उद्देश्यः

१. चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.३ रणनीतिहरू

१. चार वर्ष उमेरका सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी सङ्घीय मापदण्ड अनुरूप प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन, पुनर्वितरण तथा आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना र सञ्चालन गरिनेछ।
२. भौगोलिक रूपमा विकट क्षेत्र, लोपोन्मुख, सिमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाहरूलाई लक्षित गरी समावेशी र पहुँचमैत्री नमूनाहरू विकास तथा कार्यान्वयन गरिनेछ।
३. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि पाठ्यक्रम, मापदण्ड र कार्यढाँचालाई स्थानीय आवश्यकता तथा सन्दर्भअनुसार परिमार्जन, अनुकूलन र स्थानीयकरण गरिनेछ।
४. सेवा प्रवाहको प्रभावकारिता सुनिश्चित गर्न ऐन, कार्यविधि र तोकिएका मापदण्डहरूको पूर्ण पालना गरिनेछ तथा नियमित सुपरिवेक्षण, सहजीकरण र अनुगमनका लागि अधिकारसम्पन्न संयन्त्र विकास गरिनेछ।
५. प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत जनशक्तिको पेशागत वृत्ति विकास, क्षमता अभिवृद्धि तथा नियमित तालिममार्फत सेवाको गुणस्तर सुदृढ गरिनेछ।
६. कार्यक्रमको दिगोपन र प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, विद्यालय, गैरसरकारी संस्था तथा निजी क्षेत्रको लागत सहभागिता, स्वामित्व र जिम्मेवारी अभिवृद्धि गरिनेछ, जसबाट सबै बालबालिकालाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना सुनिश्चित गरिनेछ।

### ३.१.४. प्रमुख उपलब्धि तथा नतिजा

१. चार वर्ष उमेरका सबै बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित भई विद्यालय प्रवेशपूर्व आवश्यक शारीरिक, मानसिक, सामाजिक तथा भावनात्मक विकासमा सुधार आएको हुनेछ ।
२. प्रारम्भिक बालविकास तथा शिक्षाका केन्द्रहरू सङ्घीय मापदण्ड अनुरूप सञ्चालन भई पाठ्यक्रम, सिकाइ वातावरण, प्रशिक्षित जनशक्ति तथा नियमित सुपरिवेक्षणमार्फत सेवाको गुणस्तर सुदृढ भएको हुनेछ ।
३. भौगोलिक रूपमा विकट, सिमान्तकृत, लोपोन्मुख समुदाय तथा अपाङ्गता भएका बालबालिकाहरूको प्रारम्भिक शिक्षामा समावेशी पहुँच वृद्धि भई अवसरको समानता सुनिश्चित भएको हुनेछ ।
४. प्रारम्भिक बाल शिक्षाको अनुभवसहित सबै बालबालिकाको कक्षा १ मा भर्ना दर वृद्धि भई विद्यालय शिक्षाको आधार सुदृढ तथा सिकाइ उपलब्धि सुधार भएको हुनेछ ।

### ३.१.५. परिमाणात्मक लक्ष्य

योजना अवधिको अन्त्यसम्म हासिल गरिने केही नमुना लक्ष्यहरू:

| क्र.स. | प्रमुख उपलब्धिको परिमाणात्मक लक्ष्य | मुख्य नतिजाको परिमाणात्मक लक्ष्य |
|---|---|---|
| १ | ५४ कक्षा/केन्द्रमा सेवा विस्तार तथा सुधार | सबै ECED केन्द्रमा न्यूनतम मापदण्ड कार्यान्वयन |
| २ | ५७ जना शिक्षकलाई निरन्तर सेवा सुविधा | ५४ केन्द्रमा बालमैत्री WASH तथा सिकाइ मापदण्ड कार्यान्वयन |
| ३ | ५७ कक्षामा सिकाइ सामग्री व्यवस्थापन तथा ४ नयाँ केन्द्र स्थापना | ५७ शिक्षक/कार्यकर्तालाई तलब, तालिम, अनुदान तथा सामग्री सहयोग |

### ३.१.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | पूर्व प्रा.बि./ECED कक्षा/केन्द्रमा न्यूनतम मापदण्ड (Minimum Standards) कार्यान्वयन | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | २५०० | केन्द्र/पालिका | निरीक्षण प्रतिवेदन |
| २ | ECED कक्षाहरूमा बालमैत्री WASH सुविधा व्यवस्थापन | कक्षा/केन्द्र | ५४ | १० | ११ | ११ | ११ | ११ | १०८०० | केन्द्र/पालिका | निरीक्षण प्रतिवेदन |
| ३ | प्रारम्भिक विकासका बालबालिकाको समग्र विकास र सिकाइका मापदण्ड कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | शिक्षा शाखा | तालिम/अवलोकन रिपोर्ट |
| ४ | न्यूनतम आधार पूरा गरेका ECED केन्द्र र शिक्षकलाई कार्य सम्पन्न अनुदान | कक्षा/केन्द्र | ५५ | ११ | ११ | ११ | ११ | ११ | ५५०० | केन्द्र/पालिका | वित्तीय अभिलेख |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | शिक्षक | २८५ | ५७ | ५७ | ५७ | ५७ | ५७ | ८५५०० | केन्द्र/पालिका | HR अभिलेख |
| ६ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | शिक्षक | २८५ | ५७ | ५७ | ५७ | ५७ | ५७ | २८५० | केन्द्र/पालिका | HR अभिलेख |
| ७ | ECED कक्षाहरूका सिकाइ सामग्री र सिकाइ कुनाको लागि बजेट अनुदान | कक्षा/केन्द्र | २८५ | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७०० | केन्द्र/पालिका | सामग्री अभिलेख |
| ८ | ECED कक्षाहरूका सिकाइ सामग्री र विद्युतीय (डिजिटल) सिकाइ सामग्री अनुदान | कक्षा/केन्द्र | २८५ | ५७ | ५७ | ५७ | ५७ | ५७ | ८५५० | केन्द्र/पालिका | सामग्री/डिजिटल अभिलेख |
| ९ | नयाँ थप ४ वटा बालविकास केन्द्रका लागि तलब अनुदान | कक्षा/केन्द्र | २६ | ४ | ४ | ५ | ६ | ७ | १३००० | केन्द्र/पालिका | अनुदान अभिलेख |
| १० | अघिल्लो वर्षको तलब/अनुदान अपुग भुक्तानी (शिक्षक, सहायक कर्मचारी, वैकल्पिक शिक्षक आदि) | कक्षा/केन्द्र | ३२९ | ५७ | ६१ | ६५ | ७० | ७६ | ७५०० | केन्द्र/पालिका | वित्तीय अभिलेख |
| ११ | सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षक (५७ जना) को न्यूनतम पारिश्रमिक अपुग रकम थप अनुदान | शिक्षक | ३२९ | ५७ | ६१ | ६५ | ७० | ७६ | १५००० | केन्द्र/पालिका | HR तथा वित्तीय अभिलेख |
| | **जम्मा** | | | | | | | | **१५९४००** | | |

## ३.२ आधारभूत शिक्षाः

### ३.२.१ वर्तमान अवस्था

गुर्भाकोटमा कक्षा १ मा नयाँ भर्ना हुने कुल विद्यार्थी संख्या १,०४५ (४७१ छात्रा र ५७४ छात्र) रहेको छ भने बालविकासको अनुभव लिएर भर्ना हुने बालबालिकाको प्रतिशत ७५.६% (कुल ७९० जना) छ। यहाँ कुल ६१ वटा सामुदायिक बालविकास केन्द्रहरू सञ्चालित छन्, जसमा ९ जना अपाङ्गता भएका बालबालिकाहरू अध्ययनरत छन्। विद्यालय संख्याको सन्दर्भमा गुर्भाकोटमा कुल ८५ वटा तहगत विद्यालयहरू रहेका छन्, जसमा ७२ वटा सामुदायिक र १३ वटा संस्थागत (निजी) विद्यालयहरू

पर्दछन् भने आश्रम विद्यालयको संख्या शून्य छ। विद्यार्थी संख्याको हिसाबले कक्षा १-५ मा कुल ५,४३६ जना र कक्षा ६-८ मा कुल ३,२६० जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्।

यस नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्न सामुदायिकतर्फ र संस्थागततर्फ गरी जम्मा ६९ वटा विद्यालय सञ्चालनमा रहेका छन्।

### ३.२.२ उद्देश्यः

१. आधारभूत तहमा सबै बालबालिकाको समतामूलक पहुँच, अर्थपूर्ण सहभागिता र अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गर्ने।
२. आधारभूत तहमा पठन, लेखन, गणित तथा जीवनोपयोगी सिपसहित न्यूनतम सिकाइ उपलब्धि र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने।
३. बालमैत्री, अपाङ्गमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री शिक्षण–सिकाइ वातावरण निर्माण गर्ने।
४. विद्यालय व्यवस्थापन, शिक्षक दरबन्दी, शासकीय पद्धति तथा जवाफदेहितामा सुधार गरी शैक्षिक र प्रशासनिक प्रभावकारिता अभिवृद्धि गर्ने।

### ३.२.३ रणनीतिहरू

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्दै विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र विद्यालय भर्ना सुनिश्चित गर्ने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी, वित्तीय, भौतिक तथा मानव स्रोत व्यवस्थापन गर्ने।
३. कक्षा १ देखि ३ सम्म आधारभूत साक्षरता, पठन सिप, गणितीय सिप र जीवनोपयोगी व्यवहारिक सिप विकासमा केन्द्रित शिक्षण–सिकाइ तथा नियमित मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्ने।
४. विद्यालयमा खानेपानी, शौचालय, सरसफाइ, सुरक्षित भवन, बालमैत्री कक्षाकोठा, सूचना प्रविधि तथा समावेशी सिकाइ सामग्रीको न्यूनतम मापदण्ड पूरा गर्ने।
५. शिक्षक तालिम, शिक्षक दरबन्दी पुनर्वितरण, प्रधानाध्यापक तथा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन र नतिजामुखी जवाफदेहिता प्रणाली सुदृढ गर्ने।
६. विद्यार्थीको पोषण, स्वास्थ्य, मनोसामाजिक परामर्श, दिवा खाजा तथा सुरक्षित विद्यालय वातावरणलाई शिक्षण प्रक्रियासँग एकीकृत गरी सिकाइ सुधार गर्ने।
७. प्रकोप, महामारी तथा संकटका अवस्थाप्रति उत्थानशील शिक्षा प्रणाली विकास गर्दै सूचना तथा प्रविधिमा आधारित वैकल्पिक सिकाइ प्रणाली विस्तार गर्ने।

### ३.२.४. प्रमुख उपलब्धि तथा नतिजा

क) प्रमुख उपलब्धि
१. आधारभूत तहमा विद्यालय उमेरका सबै बालबालिकाको भर्ना, नियमित उपस्थिति र कक्षा पूरा दरमा उल्लेखनीय वृद्धि हुने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन भई समतामूलक पहुँच र सहभागिता सुनिश्चित हुने।
३. कक्षा १–३ का बालबालिकामा पठन, लेखन, गणित तथा आधारभूत साक्षरता सिपमा सुधार आउने।
४. विद्यालयहरू बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा प्रविधिमैत्री वातावरणयुक्त बन्ने।
ख) प्रमुख नतिजा
१. आधारभूत तहका विद्यार्थीहरूको न्यूनतम सिकाइ उपलब्धि, कक्षा उत्तीर्ण दर तथा आधारभूत तह पूरा गर्ने दरमा वृद्धि हुने।
२. विद्यालय व्यवस्थापन, शिक्षक कार्यसम्पादन र शैक्षिक प्रशासनमा दक्षता तथा जवाफदेहिता सुदृढ हुने।

३. विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा विद्यालय बाहिर रहेका बालबालिकाको समावेशी पहुँच सुनिश्चित हुने।
४. विद्यार्थीको सिकाइ उपलब्धि, स्वास्थ्य, पोषण र मनोसामाजिक अवस्थामा सकारात्मक सुधार आउने।

### ३.२.५. परिमाणात्मक लक्ष्य

१. आधारभूत तह (कक्षा १–८) मा विद्यालय उमेरका बालबालिकाको खुद भर्ना दर ९८ प्रतिशतभन्दा माथि पुऱ्याउने तथा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या शून्यमा झार्ने।
२. आधारभूत तह पूरा गर्ने दर कम्तीमा ९५ प्रतिशत पुऱ्याउने तथा कक्षा १–३ का विद्यार्थीमध्ये न्यूनतम ९० प्रतिशतले पठन, लेखन र गणितीय आधारभूत सिप हासिल गर्ने।
३. सबै आधारभूत विद्यालयहरूमा (१०० प्रतिशत) सुरक्षित भवन, खानेपानी, बालमैत्री शौचालय, हात धुने सुविधा, दिवा खाजा तथा बालमैत्री सिकाइ वातावरण सुनिश्चित गर्ने।
४. आधारभूत तहका सबै विद्यालयमा (१०० प्रतिशत) शिक्षक दरबन्दी व्यवस्थापन, शिक्षक तालिम, नियमित सिकाइ मूल्याङ्कन र विद्यालय कार्यसम्पादन समीक्षा प्रणाली कार्यान्वयन गर्ने।

### ३.२.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.स.** | **नतिजा अनुसार प्रमुख कार्यक्रम** | **एकाइ** | **जम्मा लक्ष्य (परिमाण)** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **बजेट (रु. हजार)** | **कार्यान्वयन गर्ने** | **पुष्ट्याइँ** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **१** | **२** | **३** | **४** | **५** | | | |
| १ | आधारभूत तह (१–५) मा स्वीकृत तथा राहत शिक्षकको तलब भत्ता | शिक्षक | २२६ | २२६ | २२६ | २२६ | २२६ | २२६ | ७५००० | नगरपालिका/ विद्यालय | दरबन्दी विवरण |
| २ | आधारभूत तह (६–८) मा स्वीकृत तथा राहत शिक्षकको तलब भत्ता | शिक्षक | ६० | ६० | ६० | ६० | ६० | ६० | ३०००० | नगरपालिका/ विद्यालय | दरबन्दी विवरण |
| ३ | नयाँ शिक्षक दरबन्दी सिर्जना/अनुदान | शिक्षक | ५ | ० | २ | ० | २ | १ | ५००० | नगरपालिका | निर्णय/बजेट |
| ४ | शून्य दरबन्दी विद्यालयमा विषयगत शिक्षक अनुदान | (१९ जना शिक्षक १६ वटा | ५ पटक | १ | १ | १ | १ | १ | ८५०० | नगरपालिका | विद्यालय तथ्यांक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विलालय) | | | | | | | | | |
| ५ | कर्मचारी तथा सहयोगी कर्मचारी तलब भत्ता | कर्मचारी ८५ | पटक | १ | १ | १ | १ | १ | १८००० | विद्यालय/पालिका | HR अभिलेख |
| ६ | कक्षा १–५ का लागि सिकाइ सामग्री तथा डिजिटल सामग्री वितरण कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | १२००० | विद्यालय | EMIS |
| ७ | कक्षा ६–८ का लागि सिकाइ सामग्री तथा डिजिटल सामग्री वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ८५०० | विद्यालय | EMIS |
| ८ | कक्षा १–५ विद्यालय सञ्चालन खर्च | विद्यालय ४७ | निरन्तर | ४७ | ४७ | ४७ | ४७ | ४७ | ६५०० | विद्यालय | वित्तीय अभिलेख |
| ९ | कक्षा १–८ विद्यालय सञ्चालन खर्च | विद्यालय (१५ वटा) | ५ पटक | १ | १ | १ | १ | १ | ४५०० | विद्यालय | वित्तीय अभिलेख |
| १० | आधारभूत तह प्रधानाध्यापक भत्ता | विद्यालय ६९ | ६० पटक | १२ | १२ | १२ | १२ | १२ | ३००० | नगरपालिका | प्रशासनिक अभिलेख |
| ११ | SIP, SMC क्षमता विकास, अभिभावक शिक्षा अनुदान | विद्यालय ६२ | ५ पटक | १ | १ | १ | १ | १ | ५००० | विद्यालय/पालिका | SIP/SMC प्रतिवेदन |
| १२ | सामाजिक परीक्षण, लेखापरीक्षण, EMIS व्यवस्थापन | विद्यालय ६२ | ५ पटक | १ | १ | १ | १ | १ | ४००० | विद्यालय | Audit/EMIS |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | दिवा खाजा व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ४६६३१ | विद्यालय/पालिका | उपस्थिति अभिलेख |
| १४ | लक्षित छात्रवृत्ति (जनजाति, दलित, अपांगता, विपन्न) | पटक | ५ | १ | १ | १ | १ | १ | ६५०० | पालिका | छात्रवृत्ति अभिलेख |
| १५ | कक्षा ६–८ छात्रा Sanitary Pad खरिद तथा वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ४५०० | विद्यालय | वितरण रजिस्टर |
| १६ | विद्यालय Internet जडान तथा सञ्चालन कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५००० | पालिका/विद्यालय | ICT अभिलेख |
| १७ | SMC/PTA क्षमता विकास तथा सचेतना | पटक | ५ | १ | १ | १ | १ | १ | ३००० | पालिका | कार्यक्रम प्रतिवेदन |
| १८ | कक्षा ८ अन्तिम परीक्षा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ४००० | पालिका | परीक्षा शाखा |
| १९ | शिक्षक mentoring तथा supervision ६२ सवै | निरन्तर | ५ | १ | १ | १ | १ | १ | ३५०० | शिक्षा शाखा | सुपरिवेक्षण प्रतिवेदन |
| २० | IT शिक्षक क्षमता विकास तालिम | ५ | १ | १ | १ | १ | १ | १ | २५०० | शिक्षा शाखा | तालिम प्रतिवेदन |
| २१ | एकीकृत पाठ्यक्रम कस्टमाइज तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ४५०० | शिक्षा शाखा | तालिम प्रतिवेदन |
| २२ | भौतिक निर्माण सर्वेक्षण तथा नक्सांकन सवै विद्यालयमा | पटक | १ | १ | ० | ० | ० | ० | ६००० | पालिका | प्राविधिक प्रतिवेदन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | ReAL Plan कार्यान्वयन तथा विपदकालीन सिकाइ | कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | २५०० | पालिका | प्रगति प्रतिवेदन |
| २४ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५००० | पालिका | मूल्यांकन प्रतिवेदन |
| २५ | वैकल्पिक कक्षा सञ्चालन अनुदान | | पटक | ५ | १ | १ | १ | १ | ३००० | पालिका | विद्यालय प्रतिवेदन |
| २६ | २९ शिक्षक व्यवस्थापन अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ३५०० | पालिका | शिक्षक विवरण |
| २७ | विद्यालय सहयोगी कर्मचारी थप अनुदान (६५)जना | पटक | ५ | १ | १ | १ | १ | १ | ४५०० | पालिका | वित्तीय अभिलेख |
| | **जम्मा** | | | | | | | | ११५००० | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकाको माध्यमिक शिक्षा (कक्षा ९–१२) को वर्तमान अवस्था सन्तोषजनक देखिन्छ, जहाँ कक्षा ९-१० मा २,२०५ जना र कक्षा ११-१२ मा १,३०० जना गरी कुल ३,५०५ जना विद्यार्थी अध्ययनरत् छन्। यस तहमा लैङ्गिक भर्ना दर (GPI) को अवस्था राम्रो छ, जसमध्ये कक्षा ९-१० मा कुल भर्ना दर ९४.८% र खुद भर्ना दर ६३.५% रहेको छ भने कक्षा ११-१२ मा खुद भर्ना दर ४९% कायम छ। कक्षा ९-१० मा अपाङ्गता भएका बालबालिकाको संख्या ७ रहेको छ भने कक्षा ११-१२ मा यो संख्या शून्य देखिन्छ। विद्यार्थी टिकाउ दरको कुरा गर्दा कक्षा १० सम्म पुग्ने विद्यार्थीको प्रतिशत ६८% रहेको छ भने कक्षा ९-१० मा कक्षा दोहोर्याउने दर ४.९% र विद्यालय छोड्ने दर ५.४% रहेको तथ्याङ्कले देखाउँछ।

### ३.३.२ उद्देश्यः

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्ने।
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, अपाङ्गमैत्री, प्रविधिमैत्री र सुरक्षित बनाउने।
४. विद्यालयको शासकीय तथा व्यवस्थापकीय प्रणालीमा सुधार गरी प्रशासनिक र शैक्षिक प्रभावकारिता सुनिश्चित गर्ने।

### ३.३.३ रणनीतिहरू

१. विद्यालयहरूको नक्साङ्कन गरी पहुँच सुनिश्चित गर्न पुनर्वितरण, समायोजन तथा नयाँ विद्यालय स्थापना गर्ने।
२. नि:शुल्क माध्यमिक शिक्षा कार्यक्रम विस्तार गरी भर्ना दर र टिकाउदर बढाउने।

३. विद्यार्थी प्रोत्साहन कार्यक्रम, वैकल्पिक माध्यमिक शिक्षा कार्यक्रम, तथा विज्ञान, गणित र अंग्रेजी विषयमा पूर्वाधार सहितको आकर्षक वातावरण सिर्जना गर्ने ।
४. न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्दै शिक्षकहरूको दक्षता विकास, पेसागत तालिम, अभिप्रेरणा र सहयोग प्रणाली सञ्चालन गर्ने ।
५. सूचना तथा सञ्चार प्रविधि विद्यालयमा विस्तार गर्ने, प्रकोप/संकट/महामारी परिस्थितिप्रति विद्यालयलाई उत्थानशील बनाउने ।
६. आवधिक रूपमा विद्यार्थीको सिकाइ मूल्याङ्कन गरी जवाफदेही प्रणाली विकास गर्ने ।
७. सक्षम र उत्प्रेरित प्रधानाध्यापक तथा व्यवस्थापन प्रणाली सुनिश्चित गर्ने ।

### ३.३.४. प्रमुख उपलब्धि तथा नतिजा

१. सबै बालबालिकाका लागि माध्यमिक शिक्षामा पहुँच र सहभागिता उल्लेखनीय रूपमा वृद्धि ।
२. माध्यमिक तहको सिकाइ गुणस्तरमा सुधार, भर्ना दर र टिकाउदरमा वृद्धि ।
३. विद्यालयहरूको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी, प्रविधिमैत्री र सुरक्षित बन्न सफल ।
४. शिक्षक दक्षता, व्यवस्थापन प्रभावकारिता, र जवाफदेही प्रणालीमा सुधार आएर शिक्षण–सिकाइको गुणस्तर अभिवृद्धि ।
५. सूचना प्रविधि प्रयोग, प्रकोप/संकट तयारी र विद्यार्थी प्रोत्साहन कार्यक्रमहरूले सिकाइ वातावरणमा सकारात्मक परिवर्तन ।

### ३.३.५. परिमाणात्मक लक्ष्य

१. माध्यमिक शिक्षामा पहुँच र सहभागिता: आगामी ५ वर्षभित्र माध्यमिक तहमा भर्ना हुने बालबालिकाको दर ९५% सम्म वृद्धि गर्ने ।
२. सिकाइ गुणस्तर सुधार: प्रत्येक कक्षामा न्यूनतम सिकाइ उपलब्धि ८०% का दरले हासिल हुने सुनिश्चित गर्ने ।
३. शिक्षण–सिकाइ वातावरण: सबै विद्यालयमा बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री वातावरणको ९०% सम्म स्थापना गर्ने ।
४. शिक्षक र व्यवस्थापन दक्षता: शिक्षक दक्षता विकास कार्यक्रममार्फत शिक्षक/प्रधानाध्यापकको क्षमता ८५% सम्म वृद्धि गर्ने र विद्यालय प्रशासनमा जवाफदेहीता सुनिश्चित गर्ने ।

### ३.३.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | नयाँ शिक्षक दरबन्दी सिर्जना/अनुदान | शिक्षक | ५ | ० | २ | ० | २ | १ | ५००० | नगरपालिका | निर्णय/बजेट |
| २ | शून्य दरबन्दी विद्यालयमा विषयगत शिक्षक अनुदान | (१९ जना शिक्षक १६ वटा विलालय) | ५ पटक | १ | १ | १ | १ | १ | ८५०० | नगरपालिका | विद्यालय तथ्यांक |
| ३ | कर्मचारी तथा सहयोगी कर्मचारी तलब भत्ता | कर्मचारी ८५ | पटक | १ | १ | १ | १ | १ | १८००० | विद्यालय /पालिका | HR अभिलेख |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कक्षा १–५ का लागि सिकाइ सामग्री तथा डिजिटल सामग्री वितरण कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | १२००० | विद्यालय | EMIS |
| ५ | कक्षा ६–८ का लागि सिकाइ सामग्री तथा डिजिटल सामग्री वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ८५०० | विद्यालय | EMIS |
| ६ | कक्षा १–५ विद्यालय सञ्चालन खर्च | विद्यालय ४७ | निरन्तर | ४७ | ४७ | ४७ | ४७ | ४७ | ६५०० | विद्यालय | वित्तीय अभिलेख |
| ७ | कक्षा १–८ विद्यालय सञ्चालन खर्च | विद्यालय (१५ वटा) | ५ पटक | १ | १ | १ | १ | १ | ४५०० | विद्यालय | वित्तीय अभिलेख |
| ८ | आधारभूत तह प्रधानाध्यापक भत्ता | विद्यालय ६९ | ६० पटक | १२ | १२ | १२ | १२ | १२ | ३००० | नगरपालिका | प्रशासनिक अभिलेख |
| ९ | SIP, SMC क्षमता विकास, अभिभावक शिक्षा अनुदान | विद्यालय ६२ | ५ पटक | १ | १ | १ | १ | १ | ५००० | विद्यालय /पालिका | SIP/SMC प्रतिवेदन |
| १० | सामाजिक परीक्षण, लेखापरीक्षण, EMIS व्यवस्थापन | विद्यालय ६२ | ५ पटक | १ | १ | १ | १ | १ | ४००० | विद्यालय | Audit/EMIS |
| ११ | दिवा खाजा व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ४६६३१ | विद्यालय /पालिका | उपस्थिति अभिलेख |
| १२ | लक्षित छात्रवृत्ति (जनजाति, दलित, अपांगता, विपन्न) | पटक | ५ | १ | १ | १ | १ | १ | ६५०० | पालिका | छात्रवृत्ति अभिलेख |
| १३ | कक्षा ६–८ छात्रा Sanitary Pad खरिद तथा वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ४५०० | विद्यालय | वितरण रजिस्टर |
| १४ | विद्यालय Internet जडान तथा सञ्चालन कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५००० | पालिका/ विद्यालय | ICT अभिलेख |
| १५ | SMC/PTA क्षमता विकास तथा सचेतना | पटक | ५ | १ | १ | १ | १ | १ | ३००० | पालिका | कार्यक्रम प्रतिवेदन |
| १६ | कक्षा ८ अन्तिम परीक्षा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ४००० | पालिका | परीक्षा शाखा |
| १७ | शिक्षक mentoring तथा supervision ६२ सवै | निरन्तर | ५ | १ | १ | १ | १ | १ | ३५०० | शिक्षा शाखा | सुपरिवेक्षण प्रतिवेदन |
| १८ | IT शिक्षक क्षमता विकास तालिम | ५ | १ | १ | १ | १ | १ | १ | २५०० | शिक्षा शाखा | तालिम प्रतिवेदन |
| १९ | एकीकृत पाठ्यक्रम कस्टमाइज तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ४५०० | शिक्षा शाखा | तालिम प्रतिवेदन |
| २० | भौतिक निर्माण सर्वेक्षण तथा नक्सांकन सवै विद्यालयमा | पटक | १ | १ | ० | ० | ० | ० | ६००० | पालिका | प्राविधिक प्रतिवेदन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | ReAL Plan कार्यान्वयन तथा विपदकालीन सिकाइ | कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | २५०० | पालिका | प्रगति प्रतिवेदन |
| २२ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५००० | पालिका | मूल्यांकन प्रतिवेदन |
| २३ | वैकल्पिक कक्षा सञ्चालन अनुदान | | पटक | ५ | १ | १ | १ | १ | ३००० | पालिका | विद्यालय प्रतिवेदन |
| २४ | २९ शिक्षक व्यवस्थापन अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ३५०० | पालिका | शिक्षक विवरण |
| २५ | विद्यालय सहयोगी कर्मचारी थप अनुदान (६५)जना | पटक | ५ | १ | १ | १ | १ | १ | ४५०० | पालिका | वित्तीय अभिलेख |
| | **जम्मा** | | | | | | | | ११५००० | | |

## ३.४ . प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार, देशभर ५७ वटा आङ्गिक पोलिटेक्निक शिक्षालय, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालय, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालय, साथै ५८७ वटा प्राविधिक एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६) । कर्णाली प्रदेशमा यसका साथै ४ वटा आङ्गिक, २ वटा साझेदारीमा सञ्चालित शिक्षालय, १०४ वटा सामुदायिक विद्यालय, र १८ वटा निजी प्राविधिक संस्था सञ्चालनमा छन् । गुर्भाकोट नगरपालिकामा हाल ३ वटा सामुदायिक सिकाइ केन्द्र स्थापना भइ कार्यान्वयनमा रहेका छन्, जसले स्थानीय स्तरमा आजीवन सिकाइ र अनौपचारिक शिक्षाको पहुँच बढाउन महत्वपूर्ण योगदान पुर्याइरहेका छन् ।

### ३.४.२ उद्देश्यः

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्गका विद्यार्थीहरूको पहुँच अभिवृद्धि गर्ने.
२. यस नगरपालिकामा प्राविधिक शिक्षाका अवसरहरू सिर्जना गर्न विविध संयन्त्रको विकास गर्ने.
३. प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने.

### ३.४.३ रणनीतिहरू

१. प्राविधिक शिक्षालयको संस्थागत क्षमता वृद्धि गरी सबै वर्गको समतामूलक पहुँच सुनिश्चित गर्ने.
२. विपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा सेवा सुविधामा वृद्धि गर्ने.
३. श्रम बजारको माग र आवश्यकताका आधारमा थप विषय र कार्यक्रमहरूको विस्तार गर्ने.
४. आधारभूत तहदेखि नै व्यवहार कुशल सिपहरु (Soft Skills) को विकास गर्ने.
५. उत्पादित जनशक्तिलाई उद्यमशीलता विकासका लागि ऋण तथा अनुदानको व्यवस्था गरी श्रम बजारसँग जोड्ने.
६. छोटो अवधिको तालिम र सिप विकासका लागि सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने

### ३.४.४. प्रमुख उपलब्धि तथा नतिजा

- उत्पादनशील जनशक्तिले प्राविधिक शिक्षा र सिपका क्षेत्रमा दक्षता हासिल गरी रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका माध्यमबाट आर्थिक स्तरमा सुधार गरेको हुनेछ

### ३.४.५. परिमाणात्मक लक्ष्य

१. नगरपालिकाका प्राविधिक तथा व्यावसायिक शिक्षालयमा भर्ना हुने विद्यार्थीको संख्या पाँच वर्षमा हालको २०% बाट ५०% सम्म वृद्धि गर्नु।

२. विपन्न, गरिब वा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति र सेवा सुविधामा कम्तीमा ३०% वृद्धिको व्यवस्था गर्नु।

३. श्रम बजारसँग सान्दर्भिक नयाँ विषय र तालिम कार्यक्रमहरू पाँच वर्षभित्र कम्तीमा १० वटा थप गर्नु।

४. आधारभूत तहदेखि नै व्यवहार कुशल सिप (Soft Skills) तालिम पाउने विद्यार्थीको प्रतिशत कम्तीमा ७०% सम्म पुऱ्याउनु।

### ३.४.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालय स्थापना/व्यवस्थापन | पटक | १ | – | – | १ | – | – | ५००० | संघ, प्रदेश, पालिका | पहुँच विस्तार |
| २ | भौतिक पूर्वाधार विकास तथा ल्याब सुधार | संख्या | २ | १ | – | – | १ | – | ८००० | संघ, पालिका, विद्यालय | गुणस्तर वृद्धि |
| ३ | बहुप्राविधिक शिक्षालय सञ्चालन योजना | संख्या | १ | – | १ | – | – | – | ५०० | संघ, परिषद, पालिका | संस्थागत विकास |
| ४ | छोटो अवधिको सिपमूलक तालिम | पटक | ४ | १ | १ | १ | १ | – | २००० | परिषद, पालिका | स्वरोजगारी |
| ५ | दक्ष प्रशिक्षकहरूको व्यवस्थापन | संख्या | ४ | ४ | – | – | – | – | ४००० | पालिका, विद्यालय | शैक्षिक गुणस्तर |
| ६ | विपन्न, गरिब तथा अपाङ्ग विद्यार्थी छात्रवृत्ति | जना | २० | ४ | ४ | ४ | ४ | ४ | १५०० | पालिका, विद्यालय | समतामूलक पहुँच |
| ७ | नीति तथा कार्यक्रम तर्जुमा | पटक | १ | – | १ | – | – | – | ३०० | परिषद, पालिका | नियमन |
| ८ | परम्परागत सिप पहिचान र प्रवर्द्धन | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | १००० | परिषद, पालिका | मौलिक सिप जगेर्ना |
| ९ | वैदेशिक रोजगारबाट आएकाको सिप उपयोग | पटक | २ | १ | – | १ | – | – | ८०० | पालिका, विद्यालय | दक्षता उपयोग |
| १० | उद्यमशीलताका लागि आर्थिक/प्राविधिक सहयोग | संख्या | १८ | २ | ४ | ४ | ४ | ४ | ३६०० | संघ, परिषद, पालिका | आर्थिक समृद्धि |
| | **जम्मा** | | | | | | | | **२३७००** | | |

## ३.५ अनौपचारिक शिक्षार आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार, देशभर ५७ वटा आङ्गिक पोलिटेक्निक शिक्षालय, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालय, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालय, साथै ५८७ वटा प्राविधिक यस.ई.ई./एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६)।

कर्णाली प्रदेशमा यसका साथै ४ वटा आङ्गिक, २ वटा साझेदारीमा सञ्चालित शिक्षालय, १०४ वटा सामुदायिक विद्यालय, र १८ वटा निजी प्राविधिक संस्था सञ्चालनमा छन्।

गुर्भाकोट नगरपालिकामा हाल ३ वटा सामुदायिक सिकाइ केन्द्र स्थापना भइ कार्यान्वयनमा रहेका छन्, जसले स्थानीय स्तरमा आजीवन सिकाइ र अनौपचारिक शिक्षाको पहुँच बढाउन महत्वपूर्ण योगदान पुर्याइरहेका छन्।

### ३.५.२ उद्देश्यः

गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्र योजनाका समग्र उद्देश्यहरूलाई मध्यनजर गर्दै अनौपचारिक शिक्षा र आजीवन सिकाइको क्षेत्रका प्रमुख उद्देश्यहरू निम्नानुसार तय गरिएको छ:

१. औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाका बीच अन्तरसम्बन्ध स्थापित गरी सिकाइको निरन्तरता सुनिश्चित गर्ने।
२. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसरहरू सुनिश्चित गर्ने ।
३. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने।
४. स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्न आवश्यक पहलहरू सञ्चालन गर्ने।

### ३.५.३ रणनीतिहरू

१. मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन।
२. सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुनर्वितरण गरी विद्यालय, स्थानीय गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यम र अभिभावकको सहभागितामा सञ्चालन।
३. सिकाइका लागि तहगत पाठ्यक्रम, मोडुल र भाषिक विविधता अनुरूप सामग्री प्रयोग।
४. अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूलाई समन्वय, सहकार्य र साझेदारीमा सुदृढीकरण।
५. सामुदायिक सिकाइ केन्द्रलाई विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम., र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा विकास गरी समावेशी र समतामूलक आजीवन सिकाइको थलो बनाउने।

### ३.५.४. प्रमुख उपलब्धि तथा नतिजा

१. सबै नागरिक, विशेषगरी बालबालिका, युवाहरू, महिला, वयस्क, र अपाङ्ग वर्गसम्म समावेशी शिक्षा र आजीवन सिकाइको पहुँच सुनिश्चित।
२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय र अन्य संस्थाहरूमा अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा र सिकाइ सामग्रीको गुणस्तर अभिवृद्धि।
३. सिकाइ केन्द्र र अन्य संस्थाहरूको भौतिक, मानव संसाधन र सामग्री व्यवस्थापन सुधार।
४. नगरपालिकाले पूर्ण साक्षर पालिका घोषणा गर्ने, र स्थानीय नागरिकमा साक्षरता तथा आजीवन सिकाइको महत्व बृद्धि ।

### ३.५.५. परिमाणात्मक लक्ष्य

१. नगरपालिकाका सबै वयस्क नागरिक (२०–५० वर्ष) मध्ये कम्तीमा ९०% लाई आधारभूत साक्षरता र अनौपचारिक सिकाइ कार्यक्रममा पहुँच सुनिश्चित गर्नु।
२. नगरपालिकाभरका सामुदायिक सिकाइ केन्द्रहरूको १००% पुनर्संरचना, पुनर्वितरण र बहुउद्देश्यीय सेवा केन्द्रको रूपमा विकास गर्नु।

३. योजना अवधिभर स्थानीय तहलाई पूर्ण रूपमा साक्षर पालिका घोषणा गरी नागरिकमा आजीवन सिकाइको सचेतना र सहभागिता अभिवृद्धि गर्नु ।

## ३.५.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | सामुदायिक सिकाइ केन्द्र पुनर्संरचना | केन्द्र ३ वटा | निरन्तर | १ | १ | १ | १ | १ | १५० | संघ, पालिका | संस्थागत सुधार प्रतिवेदन |
| २ | सिकाइ केन्द्रहरूको भौतिक पूर्वाधार सुदृढीकरण | केन्द्र ३ वटा | निरन्तर | १ | १ | १ | १ | १ | २,५०० | संघ, प्रदेश, पालिका | पूर्वाधार निर्माण प्रतिवेदन |
| ३ | सामाजिक परिचालिका/सहजकर्ता क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २५० | संघ, प्रदेश, पालिका | तालिम प्रतिवेदन |
| ४ | निरक्षरहरूको तथ्याङ्क संकलन र अद्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | २५० | पालिका, सिकाइ केन्द्र | तथ्याङ्क अभिलेख |
| ५ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १,००० | संघ, पालिका | कार्यक्रम प्रतिवेदन |
| ६ | पुस्तकालय व्यवस्थापन र पठन–संस्कृति प्रवर्द्धन | ५ वटा केन्द्र | ५ | १ | १ | १ | १ | १ | ५५० | संघ, पालिका | अनुगमन प्रतिवेदन |
| ७ | आयआर्जन र उद्यमशीलता विकास कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | २,००० | संघ, प्रदेश, पालिका | आयआर्जन प्रतिवेदन |
| ८ | सूचना प्रविधि मार्फत साक्षरता शिक्षा | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ५०० | संघ, प्रदेश, पालिका | कार्यक्रम अभिलेख |
| ९ | डिजिटल साक्षरता र मोबाइल बैंकिङ्ग तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | पालिका, सिकाइ केन्द्र | तालिम प्रतिवेदन |
| १० | महिला, युवा र अपाङ्ग लक्षित विशेष शिक्षा कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ६०० | पालिका, संघ | सहभागिता प्रतिवेदन |
| ११ | समुदायमा साक्षरता तथा आजीवन सिकाइ सचेतना अभियान | अभियान | ५ | १ | १ | १ | १ | १ | ४०० | पालिका, संघ | अभियान प्रतिवेदन |
| १२ | पूर्ण साक्षर पालिका घोषणा र दिगोपन कार्यक्रम | पटक | १ | – | – | १ | – | – | ५०० | नगरपालिका | घोषणा प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | **९,८५०** | | |

# परिच्छेदः चार
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्रीतथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ । वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन भएको छ । गुर्भाकोट नगरपालिकामा वि सं २०७९ देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याएको छ । पाठ्क्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक नि:शुल्क प्रदान गर्ने व्यवस्था नेपाल सरकारले मिलाएको छ । विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरिएको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । विभिन्न भाषिक समुदायका बालबालिकाको लागि हाल सम्म कक्षा १ देखि ५ सम्म विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको छ । प्रत्येक विषयमा विषय वस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनु पर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धति अनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ ।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि शिक्षक र सरोकारवालहरूलाई पृष्ठपोषण दिनु ।
३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित बनाउनु र स्थानीय तथा आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
४. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धति कार्यान्वयन गर्नु ।
५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ४.१.३ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार पाठ्यक्रम कार्यान्वयन गरिनुका साथै विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्री शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने; आवश्यक संरचनागत र पेशागत सक्षमता अभिवृद्धि गरिने ।
२. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गरिने ।
३. शिक्षकका लागि निर्देशिका, स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ, स्वाध्यायन तथा सन्दर्भ सामग्री उपलब्ध गराइने ।
४. अन्तरक्रियात्मक, खोजमूलक, समस्या समाधान केन्द्रित शिक्षण विधि प्रयोग गरी संस्थागत वातावरण सिर्जना गरिने ।

५. कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था, विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने।
६. शिक्षक प्रशिक्षण र पाठ्यक्रम कार्यान्वयनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने।
७. स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्री विकास गरी प्रयोग व्यवस्थित गरिने।
८. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रम कार्यान्वयन प्रभावकारी बनाइने।

### ४.१.४. प्रमुख उपलब्धि तथा नतिजा

- सबै विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भइ विद्यार्थीको ज्ञान, सिप र व्यवहार विकास सुनिश्चित।
- शिक्षक र विद्यार्थीका लागि आवश्यक पाठ्यक्रम सामग्री, स्वाध्यायन र सन्दर्भ सामग्री उपलब्ध।
- कमजोर सिकाइ क्षमता भएका बालबालिकाका लागि सहपाठी समूह र विद्यालय आधारित सहयोग पद्धतिले सिकाइ उपलब्धि अभिवृद्धि।
- ICT र डिजिटल स्रोतको प्रयोगले शिक्षण–सिकाइमा गुणस्तर सुधार।
- स्थानीय र मातृ भाषामा पाठ्यक्रम तथा सामग्री निर्माणले सिकारुको सहभागिता र सिकाइ अनुभव समृद्ध।
- आवधिक मूल्याङ्कन पद्धतिले सिकाइ समस्याको समयमै पहिचान र समाधान सुनिश्चित।
- प्रबोधिकरण, प्रशिक्षण र वृत्ति विकासले शिक्षकको पेशागत दक्षता र शिक्षण प्रभावकारिता वृद्धि।

### ४.१.५. परिमाणात्मक लक्ष्य

- सबै विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिने र शिक्षक र विद्यार्थीका लागि आवश्यक स्रोत सामग्री उपलब्ध गराइने।
- कमजोर सिकाइ क्षमता भएका बालबालिकाको सुधारका लागि सहपाठी सिकाइ समूह र विद्यालयमा आधारित सहयोग पद्धति सञ्चालन गरिने।
- ICT र स्थानीय/मातृ भाषामा पाठ्यक्रम तथा सिकाइ सामग्रीको प्रयोग बढाइ गुणस्तर सुधार गरिने।

### ४.१.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | पालिका/संघ | शिक्षक अनुपात मिलाउन |
| २ | पालिका अनुदान शिक्षक व्यवस्थापन | संख्या | ६० | १२ | १२ | १२ | १२ | १२ | १५,००० | पालिका | शिक्षक अभाव कम गर्न |
| ३ | प्रोत्साहनमूलक कार्यक्रम (पुरस्कार) | संख्या | १५ | ३ | ३ | ३ | ३ | ३ | ७५० | पालिका/विद्यालय | शिक्षकको मनोबल बढाउन |
| ४ | पढाइ तथा गणित सिकाइ सामग्री छपाइ तथा वितरण | विद्यालय ६२ | ५ पटक | १ | १ | १ | १ | १ | ३५०० | विद्यालय | वितरण प्रतिवेदन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | पाठ्यपुस्तक खरिद तथा वितरण (१–५) | पटक | ५ | १ | १ | १ | १ | १ | १०००० | विद्यालय | पाठ्यपुस्तक अभिलेख |
| ६ | पाठ्यपुस्तक खरिद तथा वितरण (६–८) | पटक | ५ | १ | १ | १ | १ | १ | ७५०० | विद्यालय | पाठ्यपुस्तक अभिलेख |
| ७ | विषयगत शिक्षक सञ्जाल/विज्ञ समूह गठन | संख्या | ५ | १ | १ | १ | १ | १ | ७५० | पालिका/विद्यालय | विषयगत ज्ञान साझा गर्न |
| ८ | शिक्षक मनोबल अभिवृद्धि कार्यक्रम | पटक | १० | २ | २ | २ | २ | २ | ५०० | पालिका | मनोबल उच्च राख्न |
| ९ | नयाँ पाठ्यक्रम कार्यान्वयन तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १,५०० | संघ/प्रदेश/पालिका | पाठ्यक्रम कार्यान्वयन सक्षम बनाउन |
| १० | IEMIS सञ्चालन तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १,००० | पालिका/विद्यालय | डेटा व्यवस्थापन सुधार्न |
| ११ | शिक्षक उपस्थिति र कार्यसम्पादन मूल्याङ्कन | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ५०० | प्रधानाध्यापक | विद्यार्थी सिकाइ सुधारसँग सम्बन्धित |
| | **जम्मा** | | | | | | | | २४००० | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकामा आधारभूत तहदेखि माध्यमिक तहसम्म विभिन्न दरबन्दी र स्रोतमा शिक्षकहरू कार्यरत रहेका छन् । प्राथमिक तह (कक्षा १–५) को सामुदायिक विद्यालयतर्फ स्वीकृत दरबन्दीमा १८२ स्थायी र ४४ जना राहत गरी कुल २२६ शिक्षकहरू कार्यरत छन् भने १० जना निजी स्रोतबाट व्यवस्थापन गरिएको छ, जसले गर्दा यहाँ कुल शिक्षक संख्या २३६ पुगेको छ । निम्न माध्यमिक तह (कक्षा ६–८) को सामुदायिक विद्यालयतर्फ ३६ स्थायी, र १३ राहत गरी कुल ४९ जना स्वीकृत दरबन्दीमा कार्यरत छन, सङ्घीय अनुदानबाट ११ जना र १३ जना निजी स्रोतका शिक्षकहरू समेत गरी कुल शिक्षक संख्या ७३ रहेको छ । माध्यमिक तह (कक्षा ९–१०) तर्फ २४ स्थायी, ७ राहत र संघीय अनुदानबाट ९ जना गरी कुल ४० स्वीकृत दरबन्दीमा शिक्षक व्यवस्थापन गरिएको छ भने १ जना निजी स्रोतका थपिएर कुल शिक्षक संख्या ४१ पुगेको छ । उच्च माध्यमिक तह (कक्षा ११–१२) मा स्थायी दरबन्दी शून्य रहेको अवस्थामा १७ जना अस्थायी स्वीकृत दरबन्दीमा कार्यरत छन् । कृषि प्राविधिक तर्फ ६ जनाको दरबन्दी रहेको छ । समग्र तथ्याङ्कलाई हेर्दा गुर्भाकोटमा माथिल्लो तहहरूमा विषयगत स्थायी दरबन्दीको अभाव देखिन्छ र विद्यालयहरूले आन्तरिक विकास एवं पठनपाठन सुचारु राख्न निजी स्रोत तथा राहत शिक्षकहरूमा ठूलो निर्भरता देखाउनु परेको वर्तमान अवस्था स्पष्ट हुन्छ ।

### ४.२.२ उद्देश्य

१. शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु ।
२. विषयवस्तुमा निपुण शिक्षक सुनिश्चित गर्नु ।

३. सबै तहमा सक्षम, प्रतिवद्ध र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापन गर्नु।
४. सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु।
५. शिक्षकको निरन्तर पेशागत विकासका अवसरहरू सुनिश्चित गर्नु।

### ४.२.३ रणनीतिहरू

१. शिक्षक–विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत दरबन्दी मिलान/पुनर्वितरण तथा थप गर्ने।
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपण अनुसार शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति सुनिश्चित गर्ने।
३. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी अनिवार्य तालिम सञ्चालन।
४. स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर समर्थन उपलब्ध गराउने; विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्गको विकास।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादन सुधार।
६. शिक्षक र प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग जोडेर नतिजाप्रति जवाफदेही पद्धति विकास।
७. शिक्षक नियुक्ति, सरुवा, तालिम र पेशागत विकासमा सहभागिताले विद्यार्थीको सिकाइमा कुनै अवरोध नपर्ने व्यवस्था।

### ४.२.४. प्रमुख उपलब्धि तथा नतिजा

१. विषयगत दक्षता र पेशागत विकास तालिमबाट शिक्षकहरूको क्षमतामा वृद्धी।
२. विभिन्न तहमा थप विषयगत शिक्षक परिचालन र पुनर्वितरणबाट अनुपात सन्तुलित।
३. शिक्षक सञ्जाल, सिकाइ समूह, कोचिङ्ग र मेन्टोरिङ्ग मार्फत निरन्तर सहयोग।
४. नियमितता, उपस्थिति र विद्यार्थीको सिकाइ परिणामसँग सम्बन्धित मूल्याङ्कन।
५. नियुक्ति, सरुवा र तालिम प्रक्रियामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित।

### ४.२.५. परिमाणात्मक लक्ष्य

१. विषयगत दक्षता र पेशागत विकास तालिममार्फत सबै शिक्षकले ५ वर्षभित्र कम्तीमा १ तालिममा सहभागी हुने।
२. प्रारम्भिक बालदेखि माध्यमिक तहसम्म शिक्षक–विद्यार्थी अनुपात राष्ट्रिय मापदण्ड अनुसार सुनिश्चित गर्ने।
३. शिक्षक सञ्जाल, सिकाइ समूह, कोचिङ्ग र मेन्टोरिङ्ग मार्फत सबै शिक्षकले निरन्तर पेशागत सहयोग पाउने।
४. शिक्षकको नियमितता, उपस्थिति र विद्यार्थीको सिकाइ परिणामसँग सम्बन्धित वार्षिक मूल्याङ्कन सबै विद्यालयमा सञ्चालन हुने।
५. नियुक्ति, सरुवा, तालिम र पेशागत विकास प्रक्रियामा पूर्ण पारदर्शिता र जवाफदेहिता सुनिश्चित हुने।
६. विभिन्न तहमा थप शिक्षक परिचालन र पुनर्वितरणबाट अनुपात सन्तुलित।

### ४.२.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | ५ वर्षको लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजारमा) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | पालिका/संघ | शिक्षक अनुपात मिलान |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | | | | | | | | | | | |
| ३ | प्रोत्साहनमूलक कार्यक्रम (पुरस्कार) | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | पालिका/विद्यालय | मनोबल वृद्धि |
| ४ | शिक्षक सिकाइ समूह (TLG) बैठक | पटक | ५ | १ | १ | १ | १ | १ | ९०० | पालिका/विद्यालय | अनुभव आदान–प्रदान |
| ५ | शिक्षक क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २,५०० | संघ/प्रदेश/पालिका | शिक्षण सिप सुधार |
| ६ | प्रविधिमैत्री शिक्षण (ICT) तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १,५०० | पालिका | डिजिटल शिक्षण प्रवर्द्धन |
| ७ | विद्यालयमा आधारित सुपरिवेक्षण | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ५०० | प्रधानाध्यापक/RP | पृष्ठपोषण प्रणाली |
| ८ | सिकाइ सामग्री विकास (स्थानीय विज्ञ) | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १,५०० | पालिका/विद्यालय | सामग्री अभाव पूर्ति |
| ९ | शिक्षक अवलोकन भ्रमण | पटक | ५ | १ | १ | १ | १ | १ | २,००० | पालिका | सिकाइ अनुभव विस्तार |
| १० | विद्यालय लेखा र प्रविधि तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | पालिका | वित्तीय सुधार |
| ११ | शिक्षक–विद्यार्थी अनुपात मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | पालिका/संघ | अनुगमन सुधार |
| १२ | पेशागत विकास अनिवार्य तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २,००० | संघ/पालिका | क्षमता विकास |
| १३ | उपस्थिति तथा कार्यसम्पादन मूल्याङ्कन | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | १,००० | पालिका/विद्यालय | उत्तरदायित्व सुनिश्चित |
| १४ | शिक्षक सञ्जाल बैठक | पटक | २५ | ५ | ५ | ५ | ५ | ५ | १,२५० | पालिका/विद्यालय | ज्ञान आदान–प्रदान |
| १५ | कोचिङ्ग/मेण्टोरिङ्ग कार्यक्रम | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | १,५०० | पालिका/विद्यालय | पेशागत सहयोग |
| १६ | सरुवा/नियुक्ति पारदर्शिता कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | पालिका/संघ | सुशासन प्रवर्द्धन |
| १७ | आ.वि. तह (१-५) स्वीकृत तथा राहत शिक्षकको तलब भत्ता | २३६ शिक्षक/पटक | ५ | १ | १ | १ | १ | १ | ३१५००० | विद्यालय/पालिका | दरबन्दी विवरण |
| १८ | आ.वि. तह (६–८) विद्यालय व्यवस्थापन/सञ्चालन खर्च | ७३ शिक्षक/पटक | ५ | १ | १ | १ | १ | १ | १०००० | विद्यालय | वित्तीय अभिलेख |
| १९ | माध्यमिक तह (९–१२) प्रधानाध्यापक भत्ता | १ विद्यालय/पटक | ५ | १ | १ | १ | १ | १ | ६००० | पालिका | प्रशासनिक अभिलेख |
| २० | विद्यालयक सहायक कर्मचारी तलब भत्ता (१० जना) | १० जना कर्मचारी /पटक | ५ | १ | १ | १ | १ | १ | ३२५०० | विद्यालय | HR अभिलेख |
| २१ | विद्यालय सहयोगी कर्मचारी | १० जना कर्मचारी/पटक | ५ | १ | १ | १ | १ | १ | ३५००० | विद्यालय | HR अभिलेख |
| | | | | | | | | | १९९०० | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

गुर्भाकोट नगपालिकामा अनाथ घरेलु हिंसा पीडित, द्वन्द पीडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि नगरपालिकाले विभिन्न कामहरू गरिरहेको छ । छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजा लगायतका कामहरू नगरपालिकाले गरिरहेको छ । तर पनि समावेशी शिक्षाको हकमा धैरै काम गर्न बाँकी छ । यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरू श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन । विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाहरूको लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपांगमैत्री बनाउनु र श्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन् । नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा नि:शुल्क तथा अपाङ्गता भएका बालबालिकाहरूलाई नि:शुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवस्था छ । छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षा कोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, नगरपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागू गरिनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.३.२ उद्देश्य

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थाका, जोखिममा परेका, आर्थिक रूपले विपन्न तथा सामाजिक कारणले बञ्चित भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्‍याउने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।
३. विविधता, समता तथा समावेशी शिक्षाका मूल्य र मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने, विद्यालयलाई बालमैत्री र सुरक्षित बनाउने ।

### ४.३.३ रणनीतिहरू

१. **पहिचान र पहुँच सुनिश्चितता:**

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गर्ने ।
- आवश्यकताअनुसार वैकल्पिक शिक्षा कार्यक्रम (Alternative Education) का नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने ।

२. **समान र समावेशी वातावरण निर्माण:**

- सबै विद्यालयमा लैङ्गिक, अपाङ्गमैत्री र बालमैत्री भौतिक संरचना विकास गर्ने ।
- आधारभूत तहमा बहुभाषिक र मातृभाषामा सिकाइको अवसर उपलब्ध गराउने ।
- स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप सिकाइमा समावेश गर्ने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार वा भेदभाव नहुने वातावरण सुनिश्चित गर्ने ।

३. **सहभागिता र सक्षमता अभिवृद्धि:**

- विद्यार्थी आवश्यकतालाई सम्बोधन गर्दै सहभागितामूलक सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- विद्यालयमा अभिभावकको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गर्ने ।

- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा शिक्षा हक सुनिश्चित गर्ने ।
- आवश्यकताअनुसार पोशाक, स्टेशनरी, तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने ।

### ४.३.४. प्रमुख उपलब्धि तथा नतिजा

- बालबालिकाहरूको शिक्षा पहुँचमा महत्वपूर्ण वृद्धी ।
- लक्षित समूहमा सहभागी बालबालिकाहरूको सिकाइ परिणाममा सुधार ।
- विद्यालयहरूमा लैङ्गिक, अपाङ्गमैत्री र बालमैत्री वातावरणको स्थापना ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरूको समावेशी सेवा र दक्षता अभिवृद्धि ।
- समुदाय र अभिभावकहरूको शिक्षा प्रक्रियामा सक्रिय सहभागिता ।
- शैक्षिक प्रणालीमा विविधता, समता र समावेशीता सुनिश्चित ।

### ४.३.५. परिमाणात्मक लक्ष्य

- बालबालिकाको शिक्षा पहुँच वृद्धी: ५,००० बालबालिका (वर्षवार १,०००)
- लक्षित समूह बालबालिकाको सिकाइ परिणाम सुधार: ४,००० बालबालिका (वर्षवार ८००)
- विद्यालयमा लैङ्गिक, अपाङ्गमैत्री र बालमैत्री वातावरण स्थापना: २५ विद्यालय (वर्षवार ५)
- शिक्षक तथा विद्यालय कर्मचारीको समावेशी सेवा दक्षता अभिवृद्धि: १०० शिक्षक/कर्मचारी (वर्षवार २०)
- अभिभावक र समुदायको शिक्षा प्रक्रियामा सक्रिय सहभागिता: २,००० अभिभावक/सदस्य (वर्षवार ४००)
- विविधता, समता र समावेशीता सुनिश्चित: २५ विद्यालय (वर्षवार ५)
- छात्रवृत्ति, पोशाक र सिकाइ सामग्री वितरण: १,५०० बालबालिका (वर्षवार ३००)

### ४.३.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रू. हजारमा) | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यार्थी भर्ना तथा टिकाउ अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | स्थानीय तह/विद्यालय |
| २ | लक्षित वर्ग छात्रवृत्ति व्यवस्थापन | विद्यार्थी | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ४,५०० | शिक्षा शाखा/विद्यालय |
| ३ | अपाङ्गमैत्री भौतिक संरचना निर्माण | विद्यालय | १५ | ३ | ३ | ३ | ३ | ३ | ७,५०० | स्थानीय तह/पूर्वाधार शाखा |
| ४ | समावेशी शिक्षा सम्बन्धी शिक्षक तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १,५०० | शिक्षा विकास तथा समन्वय इकाइ |
| ५ | दिवा खाजा कार्यक्रम (निरन्तरता) | विद्यार्थी | सबै | √ | √ | √ | √ | √ | १५,००० | स्थानीय तह/विद्यालय |
| ६ | वैकल्पिक तथा अनौपचारिक शिक्षा | केन्द्र | १० | २ | २ | २ | २ | २ | १,००० | स्थानीय तह/सामुदायिक सिकाइ केन्द्र |
| ७ | अपाङ्गता भएकाका लागि सहायक सामग्री | सेट | ५० | १० | १० | १० | १० | १० | ५०० | स्थानीय तह/संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | लैङ्गिक र समावेशी सामग्री विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | शिक्षा शाखा |
| ९ | अभिभावक सचेतना तथा प्रवोधीकरण | पटक | १० | २ | २ | २ | २ | २ | ४०० | विद्यालय/समुदाय |
| १० | विद्यालय स्वास्थ्य तथा नर्स सेवा | संख्या | ५ | १ | १ | १ | १ | १ | ५,००० | स्थानीय तह/स्वास्थ्य शाखा |
| ११ | बहुभाषिक शिक्षण कार्यक्रम सञ्चालन | विद्यालय | २५ | ५ | ५ | ५ | ५ | ५ | २,५०० | शिक्षा शाखा |
| १२ | समुदाय र अभिभावक सहभागिता कार्यक्रम | सदस्य/अभिभावक | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १,२०० | विद्यालय/स्थानीय तह |
| १३ | स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास समावेश पाठ्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ८०० | शिक्षा शाखा |
| १४ | विद्यार्थी सहभागी कार्यक्रम (सांस्कृतिक, खेलकुद, सिप विकास) | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | १,५०० | विद्यालय/युवा परिषद |
| १५ | पोशाक, स्टेशनरी, सिकाइ सामग्री वितरण | विद्यार्थी | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३,००० | स्थानीय तह/विद्यालय |
| १६ | अपाङ्गता भएका विद्यार्थी आवासीय छात्रवृत्ति | २० विद्यार्थी/पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | पालिका |
| १७ | | | | | | | | | | |
| १८ | ६–१२ कक्षा विपन्न लक्षित छात्रवृत्ति वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५००० | पालिका |
| १९ | ११–१२ कक्षा विपन्न लक्षित छात्रवृत्ति वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ४५०० | पालिका |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्यकार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकामा विद्यालय स्वास्थ्य, पोषण, दिवा खाजा तथा सरसफाइ कार्यक्रमलाई शिक्षाको पहुँच, टिकाउ र सिकाइ उपलब्धिसँग प्रत्यक्ष रूपमा जोडेर सञ्चालन गरिँदै आएको छ । हाल सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि आधारभूत तहका विद्यार्थीहरूलाई प्रति विद्यार्थी दैनिक रु. २० का दरले नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमले विद्यार्थीहरूको नियमित उपस्थितिमा सकारात्मक प्रभाव पारेको भए तापनि हालको मूल्यवृद्धि र पौष्टिक आहारको लागतलाई मध्यनजर गर्दा उपलब्ध बजेट अपर्याप्त देखिन्छ । धैरै विद्यालयहरूमा सुरक्षित तथा स्वच्छ भान्सा घर, खाद्य भण्डारण कक्ष, स्वच्छ खानेपानी, हात धुने स्थान, छात्र–छात्राका लागि छुट्टाछुट्टै शौचालय, प्राथमिक उपचार सामग्री तथा खाजा तयारीका लागि आवश्यक जनशक्ति अभाव रहेको अवस्था छ ।

विद्यालय स्वास्थ्य तथा पोषणतर्फ वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण, आइरन चक्की वितरण, स्यानीटरी प्याड वितरण तथा प्राथमिक उपचार किट उपलब्ध गराउने कार्यक्रम सञ्चालन भए तापनि सबै विद्यालयमा नियमितता र प्रतिस्थापन व्यवस्थापन अझै प्रभावकारी हुन सकेको छैन ।

विशेषगरी किशोरीमैत्री महिनावारी स्वच्छता व्यवस्थापन, सुरक्षित चेन्ज रुम, प्रयोग गरिएका प्याड विसर्जनका लागि इन्सिनेरेटर, अपाङ्गता मैत्री शौचालय तथा हरित विद्यालय वातावरण निर्माणमा थप लगानी आवश्यक देखिन्छ ।

स्थानीय कृषि समूह, सहकारी तथा अभिभावकसँगको सहकार्यमा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खाजा व्यवस्थापन गर्ने अभ्यास प्रारम्भिक चरणमा रहेको छ, जसलाई थप संस्थागत र विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.४.२ उद्देश्य

१. प्रत्येक विद्यालयमा स्थानीय उत्पादनमा आधारित स्वस्थ, ताजा, सुरक्षित तथा पौष्टिक दिवा खाजाको सुनिश्चितता गर्ने।

२. विद्यालय उमेर समूहका बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता अवस्थामा सुधार गरी सिकाइ उपलब्धिमा वृद्धि गर्ने।

३. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा जनशक्ति विकास गर्ने ।

४. किशोरीमैत्री महिनावारी स्वास्थ्य तथा स्वच्छता व्यवस्थापनलाई विद्यालय प्रणालीमा संस्थागत गर्ने।

५. कृषि, स्वास्थ्य, शिक्षा तथा समुदायबीचको समन्वय सुदृढ गरी स्थानीय खाद्य प्रणालीलाई विद्यालय पोषण कार्यक्रमसँग जोड्ने।

### ४.४.३ रणनीतिहरू

१. संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको न्यूनतम मापदण्ड विकास तथा कार्यान्वयन गरिनेछ।

२. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै प्रारम्भिक बालविकासदेखि आधारभूत तह (कक्षा ८) सम्मका सबै विद्यार्थीलाई समेटिनेछ।

३. स्थानीय कृषि सहकारी, महिला समूह र कृषकसँग समन्वय गरी स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी र पोषणयुक्त मेनु विकास गरिनेछ।

४. सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा चरणबद्ध रूपमा विद्यालय नर्स वा स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिनेछ।

५. विद्यालयहरूमा सुरक्षित खानेपानी, लैङ्गिक तथा अपाङ्गता मैत्री शौचालय, हात धुने स्थान, भान्सा घर र भण्डारण कक्ष निर्माण तथा स्तरोन्नति गरिनेछ।

६. स्वास्थ्य, कृषि तथा शिक्षा शाखाबीच संयुक्त वार्षिक कार्ययोजना तयार गरी एकीकृत रूपमा कार्यान्वयन गरिनेछ।

७. महिनावारी स्वच्छता व्यवस्थापनका लागि चेन्ज रुम, स्यानीटरी प्याड तथा इन्सिनेरेटरको व्यवस्था गरिनेछ।

८. महँगी र पौष्टिकताको आवश्यकता अनुसार प्रति विद्यार्थी खाजा अनुदान रकम पुनरावलोकन गरिनेछ।

९. कार्यक्रमको नियमित अनुगमन, गुणस्तर परीक्षण तथा प्रभाव मूल्याङ्कन प्रणाली विकास गरिनेछ।

### ४.४.४. प्रमुख उपलब्धि तथा नतिजा

*क) प्रमुख उपलब्धि*

- विद्यालय उमेर समूहका बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा उल्लेखनीय सुधार आउनेछ।
- विद्यार्थीको नियमित उपस्थिति, टिकाउ र सिकाइ उपलब्धिमा वृद्धि हुनेछ।
- विद्यालयहरूमा सुरक्षित, स्वच्छ, लैङ्गिक तथा अपाङ्गता मैत्री स्वास्थ्य–पोषणमैत्री वातावरण सुनिश्चित हुनेछ।
- स्थानीय उत्पादन र स्थानीय अर्थतन्त्रलाई विद्यालय पोषण कार्यक्रममार्फत प्रोत्साहन मिल्नेछ।

*ख) प्रमुख नतिजा*

- सबै आधारभूत तहका विद्यार्थीहरूले नियमित रूपमा पौष्टिक दिवा खाजा प्राप्त गर्नेछन्।
- सबै विद्यालयमा वार्षिक स्वास्थ्य परीक्षण तथा जुकाको औषधि वितरण नियमित हुनेछ।
- माध्यमिक विद्यालयहरूमा किशोरीमैत्री स्वास्थ्य तथा महिनावारी स्वच्छता व्यवस्थापन प्रभावकारी हुनेछ।
- विद्यालय नर्स/स्वास्थ्य कार्यकर्ता सेवाको पहुँच विस्तार हुनेछ।
- खानेपानी, शौचालय र भान्सा पूर्वाधारको स्तर सुधार हुनेछ।

### ४.४.५. परिमाणात्मक लक्ष्य

१. पाँच वर्षभित्र आधारभूत तह (ECD–कक्षा ८) का शतप्रतिशत (१००%) विद्यार्थीलाई पौष्टिक दिवा खाजा शुनिश्चितता का साथै स्थानीय उत्पादन र म्यानुअल अनुसार व्यवस्थित  गर्ने।
२. कम्तिमा १० वटा सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय नर्स/स्वास्थ्य कार्यकर्ता सेवा विस्तार गर्ने।
३. सबै विद्यालयका विद्यार्थीहरूको वर्षमा २ पटक स्वास्थ्य परीक्षण सुनिश्चित गर्ने।
४. वर्षमा २ पटक जुकाको औषधि वितरण तथा आवश्यक सूक्ष्म पोषक तत्त्व वितरण गर्ने।
५. सवै विलालयमा सुरक्षित खानेपानी सुविधा विस्तार गर्ने।
६. कम्तिमा २० वटा विद्यालयमा आधुनिक भान्सा घर तथा भण्डारण कक्ष निर्माण/स्तरोन्नति गर्ने।
७. सबै माध्यमिक विद्यालयमा चेन्ज रुम, स्यानीटरी प्याड र इन्सिनेरेटरको व्यवस्था सुनिश्चित गर्ने।
८. सबै विद्यालयमा छात्र–छात्राका लागि छुट्टाछुट्टै तथा अपाङ्गता मैत्री शौचालय सुनिश्चित गर्ने।
९. कम्तिमा ७५% विद्यालयमा स्थानीय उत्पादनमा आधारित खाद्य मेनु प्रणाली लागू गर्ने।

### ४.४.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य (एकाइ/परिमाण) | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | बजेट (रु. हजारमा) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको न्यूनतम मापदण्ड, नीति तथा कार्यविधि निर्माण | १ पटक | √ | – | – | – | – | ५०० | पालिका/शिक्षा तथा स्वास्थ्य शाखा | कार्यक्रम कार्यान्वयनमा एकरूपता तथा स्पष्टता |
| २ | ECD देखि कक्षा ८ सम्म पौष्टिक दिवा खाजा कार्यक्रम विस्तार तथा सञ्चालन | १००% विद्यार्थी, १८० दिन वार्षिक | √ | √ | √ | √ | √ | ६०,००० | पालिका/विद्यालय/संघ–प्रदेश | विद्यार्थीको पोषण, उपस्थिति र टिकाउ वृद्धि |
| ३ | स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी तथा पोषणयुक्त मेनु विकास | ७५% विद्यालय | १५ | १५ | १५ | १५ | १५ | १,५०० | पालिका/कृषि सहकारी/महिला समूह | स्थानीय उत्पादन र अर्थतन्त्र प्रवर्द्धन |
| ४ | विद्यालय नर्स/स्वास्थ्य कार्यकर्ता सेवा विस्तार | १० विद्यालय | २ | २ | २ | २ | २ | १५,००० | संघ/प्रदेश/पालिका | विद्यार्थीको स्वास्थ्य सेवामा पहुँच विस्तार |
| ५ | वार्षिक स्वास्थ्य परीक्षण (वर्षमा २ पटक) | सबै विद्यालय, १० पटक | २ | २ | २ | २ | २ | २,००० | स्वास्थ्य शाखा/विद्यालय | स्वास्थ्य समस्या पहिचान र उपचार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | जुकाको औषधि तथा सूक्ष्म पोषक तत्त्व वितरण | १० पटक | २ | २ | २ | २ | २ | १,२०० | स्वास्थ्य शाखा/विद्यालय | कुपोषण तथा रक्तअल्पता न्यूनीकरण |
| ७ | सुरक्षित खानेपानी सुविधा विस्तार | ३० विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ७,५०० | पालिका/खानेपानी शाखा/साझेदार | स्वच्छ खानेपानी सुनिश्चित गर्न |
| ८ | लैङ्गिक तथा अपाङ्गता मैत्री शौचालय निर्माण/स्तरोन्नति | ४० विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ८,००० | पालिका/विद्यालय | सुरक्षित र समावेशी वातावरण सुनिश्चित |
| ९ | भान्सा घर तथा भण्डारण कक्ष निर्माण/स्तरोन्नति | २० विद्यालय | ४ | ४ | ४ | ४ | ४ | १०,००० | पालिका/विद्यालय | स्वच्छ खाना तयारी र भण्डारण |
| १० | चेन्ज रुम, स्यानिटरी प्याड व्यवस्थापन तथा इन्सिनरेटर स्थापना | ५ विद्यालय | १ | १ | १ | १ | १ | १५००० | पालिका/विद्यालय | स्वच्छता तथा महिनावारी मैत्री सुविधा |
| | जम्मा | | | | | | | १२०७०० | | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिका भौगोलिक, सामाजिक तथा वातावरणीय दृष्टिले विभिन्न प्रकारका विपद् जोखिमबाट प्रभावित हुन सक्ने क्षेत्र हो । विशेषगरी बाढी, पहिरो, आगलागी, हावाहुरी, चट्याङ, भूकम्प तथा महामारीजन्य जोखिमले विद्यालय शिक्षा प्रणालीमा प्रत्यक्ष प्रभाव पार्ने अवस्था रहेको छ । नगरपालिकाका केही विद्यालयहरूमा आधारभूत सुरक्षा मापदण्डअनुसार भौतिक संरचना निर्माण भए तापनि अधिकांश विद्यालयहरूमा पूर्ण विपद् प्रतिरोधी पूर्वाधार, विद्यालय स्तरीय विपद् व्यवस्थापन योजना, र नियमित Mock Drill अभ्यास को अभाव देखिन्छ ।

नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ ले बालबालिकाको सुरक्षित र समतामूलक शिक्षाको अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा, २०६८, आकस्मिक कार्ययोजना, वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका, तथा महामारी व्यवस्थापनसम्बन्धी नीतिगत दस्तावेजहरूले विद्यालय सुरक्षा र शिक्षाको निरन्तरताका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेका छन् ।

कोभिड–१९ महामारीबाट प्राप्त सिकाइका अनुभवका आधारमा वैकल्पिक सिकाइ प्रणाली (अनलाइन, रेडियो, मुद्रित सामग्री, घरआधारित सिकाइ) को आवश्यकता थप स्पष्ट भएको छ । तथापि, सबै विद्यालय र विद्यार्थीमा डिजिटल पहुँच तथा आकस्मिक अवस्थामा आवश्यक शिक्षण सामग्रीको उपलब्धता अझै पर्याप्त छैन ।

साथै विद्यालय परिसरमा हरित वातावरण, वृक्षारोपण, फोहोर व्यवस्थापन, जलवायु अनुकूलन र इको–क्लब गतिविधिहरू केही विद्यालयमा प्रारम्भिक रूपमा सञ्चालन भए पनि संस्थागत रूपले विस्तार हुन बाँकी रहेको अवस्था छ ।

### ४.५.२ उद्देश्य

१. विद्यालयलाई सुरक्षित, समावेशी, विपत् प्रतिरोधी तथा उत्थानशील सिकाइ केन्द्रका रूपमा विकास गर्ने ।

२. औपचारिक तथा अनौपचारिक शिक्षामार्फत सम्भावित विपद्, महामारी तथा सङ्कटप्रति पूर्वतयारी र सचेतना अभिवृद्धि गर्ने ।

३. आपतकालीन अवस्थामा पनि शिक्षण सिकाइको निरन्तरता सुनिश्चित गर्ने वैकल्पिक प्रणाली विकास गर्ने ।

४. विद्यालय, समुदाय र स्थानीय तहको विपद् व्यवस्थापन तथा पुनर्स्थापन क्षमता अभिवृद्धि गर्ने ।
५. हरित विद्यालय, जलवायु परिवर्तन अनुकूलन र दिगो विकासका अभ्यासलाई विद्यालय प्रणालीमा संस्थागत गर्ने ।

### ४.५.३ रणनीतिहरू

१. सबै विद्यालयमा स्थानीय जोखिमको आधारमा विद्यालय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना तयार गरी वार्षिक अद्यावधिक गर्ने ।
२. विद्यालय भवन, शौचालय, खानेपानी, घेराबार तथा अन्य संरचनाहरूलाई विपद् प्रतिरोधी मापदण्ड अनुसार निर्माण, मर्मत तथा पुनर्स्थापना गर्ने ।
३. शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र अभिभावकका लागि विपद् पूर्वतयारी, प्राथमिक उपचार तथा उद्धार सम्बन्धी नियमित तालिम सञ्चालन गर्ने ।
४. विद्यालयमा नियमित रूपमा Mock Drill, आगलागी नियन्त्रण अभ्यास, भूकम्प सुरक्षा अभ्यास तथा सुरक्षित निष्कासन अभ्यास सञ्चालन गर्ने ।
५. महामारी, प्राकृतिक विपद् तथा अन्य आकस्मिक अवस्थाका लागि वैकल्पिक शिक्षण सिकाइ प्रणाली (अनलाइन, रेडियो, मुद्रित सामग्री, मोबाइल सिकाइ) विकास गर्ने ।
६. विद्यालय स्तरीय सङ्कटासन्नता (Vulnerability) तथा जोखिम मूल्याङ्कन गरी प्राथमिकताका आधारमा कार्ययोजना निर्माण गर्ने ।
७. विद्यालयलाई हरित, स्वच्छ र प्लास्टिक मुक्त वातावरणमैत्री विद्यालय का रूपमा विकास गर्न वृक्षारोपण, बगैँचा निर्माण र फोहोर व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।
८. वडा, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा अन्य साझेदार संस्थासँग विपद् व्यवस्थापनका लागि समन्वय संयन्त्र विकास गर्ने ।
९. विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा अनुसार विद्यालयलाई हिंसा, विभेद, राजनीतिक हस्तक्षेप तथा दुर्व्यवहारमुक्त क्षेत्रका रूपमा सुदृढ गर्ने ।

### ४.५.४. प्रमुख उपलब्धि तथा नतिजा

१. सबै विद्यालयमा अद्यावधिक विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन योजना लागू हुनेछ ।
२. विद्यालयका भौतिक संरचनाहरू क्रमशः सुरक्षित, बालमैत्री र विपद् प्रतिरोधी बन्दै जानेछन् ।
३. आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनेछ ।
४. शिक्षक, विद्यार्थी तथा विद्यालय समुदायमा विपद् पूर्वतयारी, उद्धार र प्राथमिक उपचारसम्बन्धी क्षमता विकास हुनेछ ।
५. सबै विद्यालयमा वैकल्पिक सिकाइ प्रणालीमार्फत शिक्षण सिकाइको निरन्तरता कायम हुनेछ ।
६. विद्यालय परिसर हरित, स्वच्छ र वातावरणमैत्री बन्दै जानेछ ।
७. विद्यालय शान्ति क्षेत्रको अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन हुनेछ ।

### ४.५.५. परिमाणात्मक लक्ष्य

१. पाँच वर्षभित्र नगरपालिकाका सबै विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् प्रतिकार्य योजना तयार र कार्यान्वयन गरिने ।
२. कम्तीमा ४० वटा विद्यालयलाई पूर्ण सुरक्षित, विपद् प्रतिरोधी तथा हरित विद्यालयमा रूपान्तरण गरिने ।
३. १००% विद्यालयमा वार्षिक कम्तीमा २ पटक Mock Drill अभ्यास सञ्चालन गरिने ।
४. पाँच वर्षभित्र सबै शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका १००% सदस्यलाई विपद् न्यूनीकरण तथा प्राथमिक उपचार तालिम प्रदान गरिने ।
५. सबै विद्यालयमा वैकल्पिक सिकाइ सामग्री तथा आकस्मिक शिक्षण योजना तयार गरिने ।

६. प्रत्येक विद्यालयमा कम्तीमा १०% क्षेत्र हरियाली, वृक्षारोपण र बगैँचाका लागि छुट्याइने ।
७. कम्तीमा ७५% विद्यालयलाई प्लास्टिक मुक्त तथा शून्य फोहोर व्यवस्थापन प्रणालीमा आबद्ध गरिने ।

### ४.५.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | लक्ष्य (एकाइ) | ५ वर्षको लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजारमा) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति, मापदण्ड तथा कार्यविधि पुनरावलोकन | पटक | १ | १ | – | – | – | – | ५० | नगरपालिका | नीतिगत दस्तावेज |
| २ | विद्यालय सुरक्षा तथा शिक्षा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | – | – | – | – | १०० | नगरपालिका, विद्यालय | योजना दस्तावेज |
| ३ | विद्यालय स्तरीय विपद् व्यवस्थापन योजना अद्यावधिक | विद्यालय | सबै | √ | √ | √ | √ | √ | २५० | पालिका, विद्यालय | अद्यावधिक योजना प्रतिवेदन |
| ४ | विपद् पूर्वतयारी, Mock Drill तथा उत्थानशीलता सचेतना कार्यक्रम | पटक | १० | २ | २ | २ | २ | २ | ३५० | पालिका, विद्यालय | अभ्यास प्रतिवेदन |
| ५ | शिक्षक, प्रधानाध्यापक तथा SMC लाई आपतकालीन शिक्षा, प्राथमिक उपचार तथा उद्धार तालिम | पटक | ५ | १ | – | २ | – | २ | ५०० | संघ, प्रदेश, पालिका | तालिम प्रतिवेदन |
| ६ | जोखिम मूल्याङ्कनका आधारमा योजना निर्माण | पटक | १ | १ | – | – | – | – | ७५ | पालिका, विद्यालय | जोखिम मूल्याङ्कन प्रतिवेदन |
| ७ | विपद् प्रतिरोधी विद्यालय भवन निर्माण तथा सुदृढीकरण | संख्या | १० | २ | २ | २ | २ | २ | ५००० | संघ, प्रदेश, पालिका | निर्माण प्रतिवेदन |
| ८ | सुरक्षित शौचालय, खानेपानी तथा घेराबार निर्माण/मर्मत | विद्यालय | २० | – | ५ | ५ | ५ | ५ | १५०० | पालिका, विद्यालय | पूर्वाधार सुधार प्रतिवेदन |
| ९ | हरित विद्यालय अभियान, वृक्षारोपण तथा वातावरणमैत्री पूर्वाधार | विद्यालय | १५ | ३ | ३ | ३ | ३ | ३ | ७५० | पालिका, विद्यालय | वातावरण कार्यक्रम प्रतिवेदन |
| १० | प्लास्टिक मुक्त तथा शून्य फोहोर व्यवस्थापन कार्यक्रम | विद्यालय | २० | – | ५ | ५ | ५ | ५ | ४०० | पालिका, विद्यालय | फोहोर व्यवस्थापन प्रतिवेदन |
| ११ | एक विद्यालय एक स्वास्थ्यकर्मी/प्राथमिक उपचार कक्ष व्यवस्थापन | पटक | १ | १ | – | – | – | – | १२० | संघ, प्रदेश, पालिका | सेवा स्थापना प्रतिवेदन |
| १२ | वैकल्पिक माध्यम (ICT, रेडियो, मुद्रित सामग्री) प्रबन्ध | विद्यालय | २० | – | ५ | ५ | ५ | ५ | १००० | संघ, पालिका, विद्यालय | सिकाइ निरन्तरता प्रतिवेदन |

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | लक्ष्य (एकाइ) | ५ वर्षको लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजारमा) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १३ | आपतकालीन राहत कोष स्थापना (खाद्यान्न, पोसाक, उपकरण) | कोष | १ | √ | √ | √ | √ | √ | ५०० | पालिका | कोष स्थापना अभिलेख |
| १४ | विद्यालय शान्ति क्षेत्र तथा बाल संरक्षण अभिमुखीकरण | पटक | ५ | √ | √ | √ | √ | √ | ३०० | पालिका, विद्यालय | अभिमुखीकरण प्रतिवेदन |
| | जम्मा | | | | | | | | १०,८९५ | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

EMIS २०२५ को तथ्याङ्क अनुसार गुर्भाकोट नगरपालिकामा रहेका जम्मा ७६ सामुदायिक विद्यालयहरूको भौतिक तथा व्यवस्थापकीय पूर्वाधार विकासको अवस्था मिश्रित देखिन्छ । समग्र विद्यालयहरूमध्ये ७३ वटामा विद्यालय सुधार योजना (वि.सु.यो.) अध्यावधिक गरिएको छ भने ७१ वटामा सामाजिक परीक्षण र ७० वटामा लेखा परीक्षण सम्पन्न भएको छ। पूर्वाधार तर्फ ५८ विद्यालयमा विद्युतीकरण र ३९ विद्यालयमा स्वच्छ खानेपानीको सुविधा पुगेको देखिन्छ, जुन कुल संख्याको तुलनामा सुधारोन्मुख अवस्था हो। तर, डिजिटल साक्षरता र शैक्षिक गुणस्तरका आधारभूत खम्बाहरू मानिने कम्प्युटर र पुस्तकालयको पहुँच भने निकै कमजोर देखिन्छ, जहाँ क्रमशः १७ विद्यालयमा मात्र कम्प्युटर र १३ विद्यालयमा मात्र पुस्तकालयको व्यवस्था छ। बाल सहभागिता प्रवर्द्धन गर्ने बालक्लबको उपस्थिति २१ वटा विद्यालयमा रहेको छ।

तहगत रूपमा हेर्दा, प्राथमिक तह (कक्षा १–५) का ३३ विद्यालयमध्ये केवल १ वटामा कम्प्युटर र २ वटामा मात्र पुस्तकालय हुनुले जगकै अवस्था दयनीय देखाउँछ, यद्यपि १९ वटामा खानेपानी पुगेको छ। निम्न माध्यमिक तह (कक्षा १–८) का १६ विद्यालयहरूमध्ये १५ मा वि.सु.यो. तथा सामाजिक परीक्षण अध्यावधिक छ भने १४ मा विद्युत, १० मा खानेपानी र ७ मा कम्प्युटर उपलब्ध भए तापनि पुस्तकालय केवल १ विद्यालयमा मात्र सीमित छ। अर्कातर्फ, माध्यमिक तह (कक्षा १–१०) का ५ वटा र उच्च माध्यमिक तह (कक्षा १–१२) का ६ वटा विद्यालयहरूको पूर्वाधार अवस्था शतप्रतिशत वा निकै सुदृढ देखिन्छ । कक्षा १–१० का सबै ५ वटै विद्यालयहरूमा वि.सु.यो., सामाजिक परीक्षण, लेखा परीक्षण, विद्युत, कम्प्युटर, खानेपानी, पुस्तकालय र बालक्लबको पूर्ण उपलब्धता रहेको छ। त्यस्तै, कक्षा १–१२ का ६ वटा विद्यालयहरूमध्ये सबैमा विद्युत सुविधा छ भने ५ वटामा खानेपानी, पुस्तकालय र बालक्लब तथा ४ वटामा कम्प्युटर र वि.सु.यो. को व्यवस्था रहेकाले तल्लो तहका विद्यालयहरूको तुलनामा माथिल्लो तहका विद्यालयहरूको भौतिक पूर्वाधार विकास र व्यवस्थापन निकै सन्तोषजनक र व्यवस्थित देखिन्छ।

यस तथ्याङ्कले विद्यालयहरूमा खानेपानी, शौचालय, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष तथा अपाङ्गतामैत्री संरचना को अझै कमी रहेको स्पष्ट देखाउँछ।भवन निर्माण तथा पुनर्निर्माण भएका विद्यालयहरूमा समेत धेरै संरचना बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र विपद्–सुरक्षित मापदण्डअनुसार पूर्णरूपमा विकास हुन सकेका छैनन्। कतिपय विद्यालयमा भवन संख्या पर्याप्त भए पनि कक्षाकोठाको गुणस्तर, सुरक्षित डिजाइन, प्रयोगशाला, खेलकक्ष, पुस्तकालय तथा ICT कक्ष को अभाव रहेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ तथा सुरक्षित विद्यालय अवधारणाअनुसार विद्यालयलाई सुरक्षित, जलवायु–सचेत (Climate Smart), समावेशी र सिकाइमैत्री पूर्वाधारयुक्त बनाउने आवश्यकता अझ बढी देखिएको छ।

### ४.६.२ उद्देश्य

१. सबै विद्यार्थीहरूलाई सुरक्षित, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा गुणस्तरीय भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर सुनिश्चित गर्ने।

२. विद्यालयको तह, विद्यार्थी सङ्ख्या र आवश्यकता अनुसार आवश्यक भौतिक पूर्वाधारको विकास, विस्तार, मर्मत तथा सबलीकरण गर्ने ।

३. विद्यालय पूर्वाधार विकासमा सुरक्षित विद्यालय, विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका पक्षहरू एकीकृत गर्ने ।

४. पूर्वाधार विकास प्रक्रियालाई पारदर्शी, जवाफदेही र वास्तविक आवश्यकतामा आधारित बनाउने ।

### ४.६.३ रणनीतिहरू

१. विद्यालयको तह, विद्यार्थी सङ्ख्या र भावी प्रक्षेपणका आधारमा आवश्यक भौतिक पूर्वाधारको मापदण्ड पुनर्परिभाषित र कार्यान्वयन गरिनेछ ।
२. विद्यालयहरूमा कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, कम्प्युटर कक्ष, विज्ञान प्रयोगशाला, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, खेलमैदान तथा सभाहलसहित समग्र पूर्वाधार विकास योजना लागू गरिनेछ ।
३. "पूर्ण विद्यालय निर्माण (Complete School Concept)" को अवधारणा अनुसार एक विद्यालयका आवश्यक सबै पूर्वाधारहरू एकीकृत रूपमा निर्माण गरिनेछ ।
४. संघ, प्रदेश, स्थानीय तह, समुदाय तथा विकास साझेदारहरूसँग लागत साझेदारी र सहकार्यको मोडेल विकास गरिनेछ ।
५. पुराना तथा जोखिमयुक्त विद्यालय भवनहरूको मर्मत, सबलीकरण (Retrofitting), पुनर्निर्माण तथा सुरक्षित निर्माण गरिनेछ ।
६. सबै विद्यालयहरूमा अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, बालमैत्री तथा विपद्–सुरक्षित संरचना निर्माणलाई अनिवार्य गरिनेछ ।
७. विद्यालय पूर्वाधार विकासलाई वास्तविक आवश्यकता, पारदर्शिता, सामाजिक परीक्षण तथा विवादरहित प्रक्रियामा आधारित गरिनेछ ।
८. विद्यालय पूर्वाधारको संरक्षण, नियमित मर्मत तथा उपयोगमा समुदायको अपनत्व र सहभागिता बढाइनेछ ।

### ४.६.४. प्रमुख उपलब्धि तथा नतिजा

*क) प्रमुख उपलब्धि*

१. सबै विद्यार्थीहरूले सुरक्षित, समावेशी र सिकाइमैत्री भौतिक संरचनायुक्त विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त गर्नेछन् ।

२. विद्यालयहरूमा आवश्यक आधारभूत सुविधा (भवन, शौचालय, खानेपानी, ICT, पुस्तकालय, प्रयोगशाला) को पहुँच उल्लेखनीय रूपमा वृद्धि हुनेछ ।

३. विद्यालयहरू विपद्–सुरक्षित, जलवायु–मैत्री र अपाङ्गतामैत्री संरचनासहित विकास हुनेछन् ।

*ख) प्रमुख नतिजा*

१. विद्यालयहरूको भौतिक पूर्वाधार मापदण्डअनुसार व्यवस्थित हुनेछ ।

२. सबै विद्यालयमा सुरक्षित सिकाइ वातावरण सुनिश्चित हुनेछ ।

३. विद्यालय पूर्वाधार विकासमा पारदर्शिता, गुणस्तर र समुदायको स्वामित्व वृद्धि हुनेछ ।

### ४.६.५. परिमाणात्मक लक्ष्य

१. आगामी पाँच वर्षभित्र सामुदायिक विद्यालयको १००% मा सुरक्षित भवन, शौचालय र खानेपानी सुविधा सुनिश्चित गर्ने ।

२. सबै माध्यमिक विद्यालय र कम्तीमा ८०% आधारभूत विद्यालयमा कम्प्युटर कक्ष/ICT सुविधा विस्तार गर्ने ।

३. कम्तीमा ७५% विद्यालयमा पुस्तकालय तथा पठन कक्ष स्थापना गर्ने ।

४. सबै विद्यालयमा छात्रा–मैत्री छुट्टै शौचालय र अपाङ्गतामैत्री संरचना निर्माण गर्ने ।

५. जोखिमयुक्त तथा जीर्ण विद्यालय भवनमध्ये १००% भवनको मर्मत, सबलीकरण वा पुनर्निर्माण सम्पन्न गर्ने ।

६. कम्तीमा ५०% विद्यालयलाई Climate Smart तथा Disaster Resilient School Infrastructure मा रूपान्तरण गर्ने ।

### ४.६.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा परिमाण | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | एक विद्यालय सम्पूर्ण पूर्वाधार विकास (Complete/Full School) | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५०,००० | संघ, प्रदेश, पालिका | एकीकृत पूर्वाधार मोडेल कार्यान्वयन |
| २ | अपाङ्गता, लैङ्गिक तथा बालमैत्री संरचना निर्माण (र्याम्प, रेलिङ, छुट्टै शौचालय) | विद्यालय | १० | २ | २ | २ | २ | २ | १२,००० | पालिका, वि.व्य.स. | समावेशी तथा सुरक्षित पहुँच |
| ३ | जीर्ण विद्यालय भवन मर्मत, सबलीकरण तथा Retrofitting | विद्यालय | १५ | ३ | ३ | ३ | ३ | ३ | १०,००० | पालिका, वि.व्य.स. | संरचना संरक्षण तथा जोखिम न्यूनीकरण |
| ४ | स्वच्छ खानेपानी, हातधुने स्टेशन तथा शौचालय व्यवस्थापन | विद्यालय | २० | ४ | ४ | ४ | ४ | ४ | ८,००० | पालिका, वि.व्य.स. | WASH सुविधा सुनिश्चित |
| ५ | सुरक्षित खेलमैदान, कम्पाउण्ड वाल र हरित बगैंचा निर्माण | विद्यालय | १० | २ | २ | २ | २ | २ | ६,००० | पालिका, वि.व्य.स., समुदाय | सुरक्षित तथा हरित विद्यालय वातावरण |
| ६ | भूकम्प प्रतिरोधी नयाँ विद्यालय भवन निर्माण | भवन | ५ | १ | १ | १ | १ | १ | ७५,००० | संघ, प्रदेश, पालिका | सुरक्षित सिकाइ पूर्वाधार |
| ७ | कक्षाकोठा फर्निचर, डेस्क–बेन्च तथा मर्मत सम्भार | विद्यालय | २० | ४ | ४ | ४ | ४ | ४ | ८,००० | पालिका, वि.व्य.स. | सिकाइमैत्री वातावरण |
| ८ | ECED/ECD कक्षाका लागि उमेरअनुकूल शौचालय तथा सिकाइ कक्ष | विद्यालय | १० | २ | २ | २ | २ | २ | ५,००० | पालिका | प्रारम्भिक बालमैत्री वातावरण |
| ९ | वातावरणीय तथा सामाजिक सुरक्षा रुजुसूची तथा भवन सुरक्षा परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | १,००० | पालिका | सुरक्षा सुनिश्चितता |
| १० | ICT Lab, कम्प्युटर कक्ष र इन्टरनेट विस्तार | विद्यालय | १० | २ | २ | २ | २ | २ | १५,००० | संघ, प्रदेश, पालिका | प्रविधिमैत्री शिक्षा |
| ११ | विद्यालय क्षेत्र सुधार गुरुयोजना (Master Plan) निर्माण/अद्यावधिक | पटक | २ | १ | - | - | - | १ | १,५०० | पालिका | योजनाबद्ध विकास |
| १२ | दुर्गम वडामा आवासीय माध्यमिक विद्यालय पूर्वाधार विकास | विद्यालय | १ | - | १ | - | - | - | २५,००० | संघ, प्रदेश, पालिका | पहुँच विस्तार |
| १३ | पुस्तकालय, विज्ञान प्रयोगशाला र पठन कक्ष स्थापना | विद्यालय | १० | २ | २ | २ | २ | २ | १०,००० | पालिका, प्रदेश | गुणस्तरीय सिकाइ स्रोत |

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा परिमाण | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १४ | Climate Smart तथा विपद्–सुरक्षित विद्यालय पूर्वाधार विकास | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ७,५०० | पालिका, विकास साझेदार | जलवायु अनुकूल संरचना |
| १५ | विद्यालय पूर्वाधार अनुगमन, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | पालिका, शिक्षा शाखा | पारदर्शिता र जवाफदेहिता |
| | जम्मा | | | | | | | | २,३४,७५० | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग क्रमशः विस्तार हुँदै गएको छ। आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम २०७७ अन्तर्गत विज्ञान तथा प्रविधि विषयमा सूचना आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता विकासका लागि ३० कार्यघण्टा निर्धारण गरिएको छ। माध्यमिक तहमा कम्प्युटर शिक्षा ऐच्छिक विषयका रूपमा सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ।

हाल नगरपालिकाका सबै आधारभूत तहका विद्यालयहरूमा गत आर्थिक वर्षदेखि कम्प्युटर तथा प्रिन्टर जडान गरिएको छ भने माध्यमिक विद्यालयहरूमा कम्प्युटर सहायकको व्यवस्था गरिएको छ। सबै विद्यालयहरूमा इन्टरनेट जडानको कार्य अगाडि बढिरहेको छ र माध्यमिक विद्यालयहरूमा सामान्य शिक्षण–सिकाइ तथा प्रशासनिक कार्यमा यसको प्रयोग भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा विद्युत आपूर्तिको अस्थिरता, दुर्गम भौगोलिक अवस्थाका कारण इन्टरनेट पहुँचको सीमितता, ICT प्रयोगशालाको अभाव, तथा शिक्षकहरूको डिजिटल दक्षतामा असमानताका कारण ICT को प्रभावकारी र पूर्ण उपयोगमा चुनौती देखिएको छ। शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS), डिजिटल सिकाइ सामग्री तथा अनलाइन शैक्षिक स्रोतहरूको प्रयोग अझ सुदृढ गर्नुपर्ने अवस्था रहेको छ।

### ४.७.२ उद्देश्य

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय, समावेशी र सान्दर्भिक बनाउन शिक्षण–सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
२. सबै विद्यालय तथा विद्यार्थीहरूमा ICT मा आधारित शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्ने।
३. विद्यालय प्रशासन, सेवा प्रवाह, अनुगमन तथा शैक्षिक सुशासनलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउने।
४. बालमैत्री, अपाङ्गमैत्री तथा प्रविधिमैत्री शिक्षण वातावरण निर्माण गर्ने।
५. शिक्षक तथा विद्यालय व्यवस्थापनको डिजिटल क्षमता अभिवृद्धि गरी सिकाइ उपलब्धि सुनिश्चित गर्ने।

### ४.७.३ रणनीतिहरू

१. सबै विद्यालयहरूमा विद्युत, सौर्य ऊर्जा, इन्टरनेट, कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर लगायत ICT पूर्वाधार तथा उपकरणको प्रबन्ध गरिने।
२. सबै शिक्षक तथा विद्यालय प्रशासनिक जनशक्तिका लागि डिजिटल साक्षरता, ई–सिकाइ र IEMIS प्रयोग सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिने।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री, ई–सामग्री तथा मल्टिमिडिया सामग्रीको प्रयोग बढाइने।
४. शिक्षक सहायता, पृष्ठपोषण, अनुगमन तथा मूल्यांकन प्रणालीमा ICT को एकीकृत प्रयोग गरिने।

५. विद्यालय, विद्यार्थी तथा समुदायको शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटमार्फत पहुँच विस्तार गरिने।
६. विद्यालय व्यवस्थापन, अभिलेखीकरण, तथ्याङ्क व्यवस्थापन तथा प्रतिवेदन प्रणालीलाई डिजिटल बनाइने।
७. सामुदायिक सिकाइ केन्द्र तथा विद्यालयहरूमा Digital Learning Center स्थापना तथा सञ्चालन गरिने।
८. अपाङ्गता भएका बालबालिकाहरूका लागि सहायक प्रविधि (assistive technology) को प्रयोग विस्तार गरिने।

### ४.७.४. प्रमुख उपलब्धि तथा नतिजा

*क) प्रमुख उपलब्धि*

- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच र प्रयोगमा उल्लेखनीय विस्तार हुनेछ।
- शिक्षण–सिकाइ प्रक्रिया थप प्रभावकारी, अन्तरक्रियात्मक र विद्यार्थी केन्द्रित बन्नेछ।
- शिक्षकहरूको डिजिटल दक्षता अभिवृद्धि भई कक्षाकोठामा प्रविधिको प्रयोग बढ्नेछ।
- विद्यालय व्यवस्थापन सूचना प्रणाली (IEMIS) सुदृढ भई तथ्याङ्कमा आधारित योजना तथा निर्णय प्रक्रिया विकास हुनेछ।
- विद्यालयको प्रशासनिक कार्य, सेवा प्रवाह र सुशासनमा पारदर्शिता तथा जवाफदेहिता वृद्धि हुनेछ।

*ख) प्रमुख नतिजा*

- सबै विद्यालयहरूमा ICT को समतामूलक पहुँच सुनिश्चित हुनेछ।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि, विशेषतः विज्ञान, गणित र डिजिटल साक्षरतामा सुधार आउनेछ।
- विद्यालयहरू प्रविधिमैत्री, सुरक्षित र आधुनिक शिक्षण वातावरणयुक्त बन्नेछन्।
- शिक्षाको गुणस्तर अभिवृद्धि भई समग्र शिक्षा क्षेत्र योजनाका उद्देश्यहरू प्राप्तिमा योगदान पुग्नेछ।

### ४.७.५. परिमाणात्मक लक्ष्य

१. आगामी ५ वर्षभित्र नगरपालिकाका सबै सामुदायिक विद्यालयहरूमा विद्युत/वैकल्पिक ऊर्जा र इन्टरनेट सेवा सुनिश्चित गर्ने।
२. सबै आधारभूत तथा माध्यमिक विद्यालयहरूमा कम्तीमा १ सेट कम्प्युटर, प्रिन्टर र प्रोजेक्टर उपलब्ध गराउने।
३. कम्तीमा **५५%** जना शिक्षकहरूलाई ICT प्रयोग, डिजिटल सामग्री विकास तथा IEMIS **सम्बन्धी तालिम** प्रदान गर्ने।
४. सबै माध्यमिक विद्यालयहरूमा ICT प्रयोगशाला वा Digital Learning Center स्थापना गर्ने।
५. सबै विद्यालयहरूमा IEMIS तथा डिजिटल अभिलेख प्रणाली पूर्ण रूपमा कार्यान्वयन गर्ने।
६. कम्तीमा ८० प्रतिशत कक्षाहरूमा डिजिटल शिक्षण सामग्रीको नियमित प्रयोग सुनिश्चित गर्ने।

### ४.७.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाई | ५ वर्षको लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजारमा) | कार्यान्वयन गर्ने निकाय | पुष्ट्याई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | सबै सामुदायिक विद्यालयमा विद्युत/सौर्य ऊर्जा सेवा विस्तार तथा स्तरोन्नति | विद्यालय संख्या | ५३ | १० | १० | ११ | ११ | ११ | १०,६०० | संघ, प्रदेश र स्थानीय तह | ICT पूर्वाधारको आधारभूत आवश्यकता |
| २ | सबै विद्यालयमा इन्टरनेट जडान तथा वार्षिक महसुल अनुदान | विद्यालय संख्या | ५३ | १० | १० | ११ | ११ | ११ | ५,३०० | संघ, प्रदेश र स्थानीय तह | डिजिटल सिकाइ सामग्री पहुँच सुनिश्चित गर्न |

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाई | ५ वर्षको लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजारमा) | कार्यान्वयन गर्ने निकाय | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| ३ | आधारभूत (६–८) र माध्यमिक विद्यालयमा ICT ल्याब स्थापना/विस्तार | विद्यालय संख्या | २० | ४ | ४ | ४ | ४ | ४ | ३०,००० | संघ, प्रदेश र स्थानीय तह | प्रयोगात्मक तथा प्रविधिमैत्री सिकाइका लागि |
| ४ | शिक्षकहरूलाई ICT, डिजिटल सामग्री प्रयोग तथा IEMIS तालिम | शिक्षक संख्या | २६५ | ५० | ५० | ५५ | ५५ | ५५ | २,६५० | स्थानीय तह, शिक्षा शाखा | डिजिटल दक्षता अभिवृद्धि |
| ५ | "एक शिक्षक एक ल्यापटप" कार्यक्रम | शिक्षक संख्या | २६५ | ५३ | ५३ | ५३ | ५३ | ५३ | १३,२५० | नगरपालिका, विद्यालय, साझेदारी | प्रविधि आधारित शिक्षण नियमित गर्न |
| ६ | प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीलाई IEMIS अद्यावधिक तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १,००० | शिक्षा शाखा, स्थानीय तह | तथ्याङ्क व्यवस्थापन र योजना सुदृढीकरण |
| ७ | विद्यालयहरूमा स्मार्ट बोर्ड/प्रोजेक्टर जडान | विद्यालय संख्या | १५ | ३ | ३ | ३ | ३ | ३ | ९,००० | पालिका, साझेदारी संस्था | आधुनिक कक्षाकोठा व्यवस्थापन |
| ८ | अन्तरक्रियात्मक डिजिटल पाठ्यसामग्री विकास र वितरण | सेट | ५३ | १० | १० | ११ | ११ | ११ | ५,३०० | पालिका, पाठ्यक्रम केन्द्र | रोचक र गुणस्तरीय सिकाइ वातावरण |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा Digital Learning Center स्थापना | केन्द्र संख्या | ५ | १ | १ | १ | १ | १ | २,५०० | स्थानीय तह, साझेदार संस्था | निरन्तर शिक्षा तथा साक्षरता विस्तार |
| १० | अपाङ्गमैत्री सहायक प्रविधि (assistive devices/software) व्यवस्था | विद्यालय संख्या | १० | २ | २ | २ | २ | २ | ३,५०० | पालिका, साझेदारी | समावेशी शिक्षामा पहुँच सुनिश्चित गर्न |
| ११ | विद्यालयमा वैकल्पिक ऊर्जा तथा आपतकालीन ब्याकअप प्रणाली | विद्यालय संख्या | १० | २ | २ | २ | २ | २ | ३,००० | पालिका | विपद् तथा आकस्मिक तयारी |
| | **जम्मा** | | | | | | | | **८६,१००** | | |

# परिच्छेदः पाँच
# सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकामा शिक्षा, युवा तथा खेलकुद सम्बन्धी सम्पूर्ण कार्यहरू शिक्षा, युवा तथा खेलकुद शाखामार्फत सञ्चालन हुँदै आएका छन् । हाल शाखामा एक जना उपसचिव, एक जना छैठौं तह अधिकृत र एक जना प्राविधिक सहायकको स्वीकृत दरबन्दी रहेको छ । तथापि, विद्यालयहरूको संख्या, भौगोलिक विस्तार र शिक्षा क्षेत्रका बहुआयामिक कार्यभारको तुलनामा उपलब्ध जनशक्ति अपर्याप्त देखिएको छ ।

नगरपालिकाको शिक्षा ऐन, २०७४ ले विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय सुपरिवेक्षकको व्यवस्था गरेको भए पनि स्थायी शिक्षकलाई काजमा खटाएर काम सञ्चालन गर्नुपरेको अवस्था छ । यसले नियमित अनुगमन, सुपरीवेक्षण, शैक्षिक गुणस्तर सुधार तथा सिकाइ उपलब्धि मूल्याङ्कनमा अपेक्षित प्रभावकारिता हासिल हुन सकेको छैन ।

विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय सहयोगी तथा विद्यालय सहायकको व्यवस्था भए तापनि समितिहरूको नियमित बैठक, अभिभावक सहभागिता, गुनासो सुनुवाइ संयन्त्र, सामाजिक परीक्षण, नागरिक बडापत्र तथा पारदर्शी शैक्षिक सुशासनका पक्षहरू अझै सुदृढ गर्नुपर्ने अवस्था रहेको छ ।

साथै, IEMIS तथा अन्य डिजिटल तथ्याङ्क प्रणालीको प्रयोग भइरहे पनि विद्यालयस्तरमा नियमित अद्यावधिक, तथ्यमा आधारित योजना निर्माण, नतिजामुखी प्रतिवेदन तथा शैक्षिक प्रशासनको डिजिटल व्यवस्थापन पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । यस सन्दर्भमा शिक्षाको समतामूलक पहुँच, गुणस्तरीय सिकाइ, सुरक्षित शिक्षण वातावरण, प्रभावकारी विद्यालय व्यवस्थापन तथा आजीवन सिकाइका अवसर विस्तारका लागि संस्थागत क्षमता विकास अत्यन्त आवश्यक देखिन्छ ।

### ५.१.२ उद्देश्य

१. शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाको संस्थागत, प्रशासनिक तथा प्राविधिक संरचना सुदृढ गर्ने ।

२. विद्यालय व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण र शैक्षिक सुशासनलाई प्रभावकारी बनाउने ।

३. शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति, प्रधानाध्यापक तथा व्यवस्थापन निकायहरूको क्षमता अभिवृद्धि गरी नतिजामुखी कार्यसम्पादन सुनिश्चित गर्ने ।

४. IEMIS लगायत डिजिटल तथ्याङ्क प्रणालीमार्फत तथ्यमा आधारित योजना निर्माण र निर्णय प्रक्रियालाई संस्थागत गर्ने ।

५. समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सुरक्षित वातावरण र आजीवन सिकाइका उद्देश्य प्राप्तिका लागि उत्तरदायी व्यवस्थापन प्रणाली विकास गर्ने ।

६. शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार तथा उत्तरदायी बनाउने ।

### ५.१.३ रणनीतिहरू

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार शिक्षा व्यवस्थापनका लागि आवश्यक नीति, कार्यविधि र संस्थागत संरचना विकास तथा परिमार्जन गर्ने ।

२. शाखा तथा विद्यालय स्तरमा आवश्यक जनशक्ति, प्राविधिक सहयोग र प्रशासनिक संयन्त्रको व्यवस्था गर्ने ।

३. विद्यालय अनुगमन, सुपरीवेक्षण, सामाजिक परीक्षण र गुनासो सुनुवाइ प्रणालीलाई नियमित र वस्तुनिष्ठ बनाउने ।

४. प्रधानाध्यापक, शिक्षक, शाखाका कर्मचारी तथा व्यवस्थापन समितिहरूको क्षमता विकासका लागि नियमित तालिम सञ्चालन गर्ने ।

५. IEMIS, EMIS तथा सूचना प्रविधिमा आधारित शैक्षिक तथ्याङ्क प्रणालीलाई सुदृढ गरी अद्यावधिक प्रतिवेदन प्रणाली विकास गर्ने ।
६. शिक्षक पेसागत सहयोग प्रणाली, विशेषज्ञ समूह तथा कार्यसम्पादन करार प्रणाली स्थापना गरी उत्तरदायित्व सुनिश्चित गर्ने ।
७. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको नियमित बैठक तथा अभिभावक सहभागिता सुदृढ गर्ने ।
८.उद्देश्य अनुरूप रणनीति तय गरी सोही आधारमा कार्यक्रम तथा क्रियाकलापहरू तर्जुमा गर्ने र प्रभावकारी कार्यान्वयन मार्फत अपेक्षित उपलब्धि एवं नतिजा हासिल गर्ने ।

### ५.१.४. प्रमुख  उपलब्धि तथा नतिजा

१. शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनको संस्थागत क्षमता सुदृढ भई योजनाहरूको प्रभावकारी कार्यान्वयन हुनेछ ।
२. विद्यालय अनुगमन, सुपरीवेक्षण र शैक्षिक सुशासनमा सुधार भई सिकाइ उपलब्धि सुनिश्चित हुनेछ ।
३. डिजिटल तथ्याङ्क प्रणालीमार्फत तथ्यमा आधारित योजना निर्माण, बजेट विनियोजन र निर्णय प्रक्रिया प्रभावकारी हुनेछ ।
४. प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरू नतिजामुखी, उत्तरदायी र जवाफदेही कार्यसंस्कृतितर्फ उन्मुख हुनेछन् ।
५. विद्यालयमा समावेशी, बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित व्यवस्थापन प्रणाली विकास हुनेछ ।
६. शिक्षा क्षेत्रका समग्र उद्देश्यहरू प्राप्त गर्न संस्थागत सुशासन र प्रशासनिक प्रभावकारिता वृद्धि हुनेछ ।

### ५.१.५. परिमाणात्मक लक्ष्य

१. ५ वर्षभित्र शिक्षा शाखा तथा सबै विद्यालयका प्रधानाध्यापक र सम्बन्धित कर्मचारीहरूसँग १००% कार्यसम्पादन करार सम्पन्न गर्ने ।
२. ५३ वटै विद्यालयमा वर्षमा कम्तीमा २ पटक नियमित अनुगमन तथा सुपरीवेक्षण सुनिश्चित गर्ने ।
३. ५ वर्षभित्र सबै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई कम्तीमा २ चरण क्षमता विकास तालिम प्रदान गर्ने ।
४. सबै विद्यालयमा IEMIS तथ्याङ्कको वार्षिक १००% अद्यावधिक सुनिश्चित गर्ने ।
५. शिक्षा शाखा तथा विद्यालय प्रशासनमा कार्यरत १००% जनशक्तिलाई ICT तथा व्यवस्थापन तालिम प्रदान गर्ने ।
६. सबै विद्यालयमा सामाजिक परीक्षण, नागरिक बडापत्र र गुनासो सुनुवाइ संयन्त्र कार्यान्वयन गर्ने ।

### ५.१.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (हजारमा) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | शिक्षा शाखाको संस्थागत तथा प्रशासनिक संरचना सुदृढीकरण | पटक | १ | √ | – | – | – | – | ५०० | नगरपालिका | प्रशासन प्रभावकारी बनाउन |
| २ | शिक्षा शाखा, प्रधानाध्यापक तथा कर्मचारी क्षमता विकास तालिम | पटक | १० | २ | २ | २ | २ | २ | २५०० | संघ, प्रदेश, स्थानीय तह | दक्ष जनशक्ति विकास |
| ३ | IEMIS/EMIS तथ्याङ्क अद्यावधिक तथा डिजिटल सूचना प्रणाली सुदृढीकरण | विद्यालय | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ | १२०० | नगरपालिका, विद्यालय | तथ्यमा आधारित योजना |

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (हजारमा) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| ४ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण (वर्षमा २ पटक) | विद्यालय | ५३० | १०६ | १०६ | १०६ | १०६ | १०६ | २६५० | शिक्षा शाखा | गुणस्तर सुधार |
| ५ | प्रधानाध्यापक र कर्मचारीसँग कार्यसम्पादन करार | प्रतिशत | १००% | √ | √ | √ | √ | √ | ५०० | नगरपालिका | जवाफदेहिता सुनिश्चित |
| ६ | विद्यालय व्यवस्थापन समिति (SMC) तथा PTA क्षमता विकास | विद्यालय | ७२ | १० | १० | ११ | ११ | ११ | २६५० | नगरपालिका | विद्यालय नेतृत्व सुदृढ |
| ७ | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र नागरिक बडापत्र कार्यान्वयन | विद्यालय | ७२ | १० | १० | ११ | ११ | ११ | १५०० | विद्यालय, नगरपालिका | सुशासन प्रवर्द्धन |
| ८ | गुनासो सुनुवाइ तथा प्रतिक्रिया व्यवस्थापन संयन्त्र स्थापना | विद्यालय | ७२ | १५ | १० | १० | ९ | ९ | ८०० | नगरपालिका, विद्यालय | उत्तरदायी सेवा प्रवाह |
| ९ | ICT तथा डिजिटल व्यवस्थापन तालिम | कर्मचारी/ प्रधानाध्यापक | १००% | २० | २० | २० | २० | २० | १५०० | नगरपालिका | डिजिटल प्रशासन सुदृढ |
| १० | पालिका स्तरीय विशेषज्ञ समूह तथा पेसागत सहयोग संयन्त्र परिचालन | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | १५०० | नगरपालिका | प्राविधिक सहयोग |
| ११ | नगर शिक्षा योजना तथा वार्षिक कार्यक्रमको आवधिक समीक्षा | पटक | १० | २ | २ | २ | २ | २ | १००० | नगरपालिका | प्रगति मूल्याङ्कन |
| १२ | उत्कृष्ट विद्यालय, शिक्षक तथा व्यवस्थापन समितिलाई सम्मान | संख्या | १० | २ | २ | २ | २ | २ | ५०० | नगरपालिका | प्रोत्साहन प्रणाली |
| | **जम्मा** | | | | | | | | **१६८००** | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकाले शिक्षा क्षेत्र सुधारका लागि विविध पहलहरू गरे पनि योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन अझै पूर्ण रूपमा सुदृढ हुन सकेको छैन। संघीय संरचनाअनुसार शिक्षा नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने जिम्मेवारी संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग छ भने प्रदेशस्तरमा शिक्षा विकास निर्देशनालय तथा तालिम केन्द्रहरूले कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी लिन्छन्।

स्थानीय तहमा शिक्षा शाखा वा महाशाखाहरूले विद्यालय तहका लागि योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन संचालन गर्छन्। विद्यालयमा प्रधानाध्यापक र शिक्षकहरूको व्यवस्था भए पनि अनुगमन प्रणाली नियमित र वैज्ञानिक रूपमा सञ्चालन हुन नसक्दा प्रभावकारी परिणाम सुनिश्चित गर्न कठिनाइ छ।

स्रोत केन्द्र पद्धति विघटन र शिक्षक तालिम क्षमतामा कमीले स्थानीय शिक्षक सहायता प्रणाली आवश्यक भएको देखाएको छ। साथै, संघीय, प्रदेश र स्थानीय तहबीचको समन्वय र जानकारी आदानप्रदानको प्रक्रिया अस्पष्ट रहँदा योजना कार्यान्वयनमा प्राविधिक सहयोग अभाव देखिन्छ। संघीय अनुदान बाहेक प्रदेश र स्थानीय तहबाट प्राप्त बजेटलाई एकीकृत गरी शिक्षा विकासको योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रणाली सुदृढ गर्नु आवश्यक छ।

### ६.२.२ उद्देश्य

१. पञ्चवर्षीय शिक्षा योजनाका लक्ष्य हासिल गर्न प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना गर्नु।
२. शिक्षा क्षेत्रमा विनियोजित स्रोत र साधनको समुचित वितरण र नतिजामुखी परिचालन सुनिश्चित गर्नु।
३. शैक्षिक सुशासनका लागि प्रमाणमा आधारित योजना तर्जुमा र पारदर्शी लेखापरीक्षण प्रणाली संस्थागत गर्नु।

### ६.२.३ रणनीतिहरू

१. योजना कार्यान्वयनका लागि आवश्यक स्थानीय कानुन, कार्यविधि र मापदण्ड निर्माण गर्नु।
२. शिक्षा शाखा, वडा समिति र विद्यालयहरू बीच समन्वय र सहजीकरण संयन्त्र सुदृढ गर्नु।
३. विद्यालयको अनुगमन, निरीक्षण र सुपरीवेक्षणलाई नियमित, आवधिक र प्रविधिमैत्री बनाउनु।
४. विद्यालयको सामाजिक परीक्षण र लेखापरीक्षणलाई पारदर्शी र जवाफदेही बनाउनु।
५. शैक्षिक क्रियाकलापहरूको अभिलेखिकरण र प्रमाणमा आधारित मूल्याङ्कन पद्धति अवलम्बन गर्नु।
६. सरोकारवालाको सहभागितामा योजनाको अर्ध-वार्षिक र वार्षिक समीक्षा गर्नु।
७. पालिका, विद्यालय र सामुदायिक स्तरमा शिक्षक सहायता प्रणाली, अभिभावक–सर्वसंगीत बैठक तथा विद्यालय सुधार योजनाको नियमित सञ्चालन सुनिश्चित गर्नु।

### ६.२.४. प्रमुख उपलब्धि तथा नतिजा

१. योजना कार्यान्वयनबाट शैक्षिक सुशासन मजबुत हुनेछ।
२. विद्यालयको प्रशासनिक र शैक्षिक प्रभावकारिता बढ्नेछ।
३. सबै बालबालिकाको सिक्ने अधिकार सुनिश्चित हुनेछ।
४. संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र सूचना आदानप्रदानमा सुधार हुनेछ।
५. विकास साझेदार र गैरसरकारी संस्थासँगको सहकार्य व्यवस्थित र प्रतिनिमूलक हुनेछ।

### ६.२.५. परिमाणात्मक लक्ष्य

१. सबै विद्यालयको कम्तिमा ५ वर्षभित्र ५ पटक सघन अनुगमन र सामाजिक परीक्षण सम्पन्न गर्ने।
२. योजना कार्यान्वयनका लागि आवश्यक कम्तिमा ५ वटा मुख्य कार्यविधि वा निर्देशिकाहरू तयार गरी लागू गर्ने।
३. पालिका, विद्यालय र सामुदायिक तहमा शिक्षक सहायता प्रणाली र विद्यालय सुधार योजना कार्यान्वयन गर्ने।
४. संघ, प्रदेश र स्थानीय तहको समन्वयमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली संचालन गर्ने।

### ६.२.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | योजना कार्यान्वयनका लागि आवश्यक नीति, कानुन र मापदण्ड निर्माण | पटक | १ | १ | – | – | – | – | ५०० | नगरपालिका | कानुनी आधारको सुनिश्चितताका लागि |

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| २ | वार्षिक कार्यतालिका निर्माण र अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | २५० | नगरपालिका | योजनाबद्ध कार्यान्वयनका लागि |
| ३ | विद्यालयको नियमित र सघन अनुगमन तथा निरीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | १,५०० | शिक्षा शाखा | गुणस्तर सुनिश्चित गर्न |
| ४ | शैक्षिक योजना र कार्यक्रमहरूको अर्ध-वार्षिक/वार्षिक समीक्षा | पटक | १० | २ | २ | २ | २ | २ | १,००० | नगरपालिका | सुधार र पृष्ठपोषणका लागि |
| ५ | विद्यालयको सामाजिक परीक्षण प्रभावकारी र नियमित बनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | विद्यालय/वि.व्य.स. | सुशासन र पारदर्शिताका लागि |
| ६ | विद्यालयको लेखा परीक्षण र सार्वजनिक सुनुवाइ व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | नगरपालिका र विद्यालय | वित्तीय जवाफदेहिताका लागि |
| ७ | शैक्षिक कार्यक्रमहरूको अध्ययन, अनुसन्धान र प्रभाव मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | १,००० | नगरपालिका | प्रमाणमा आधारित सुधारका लागि |
| ८ | डिजिटल अभिलेखिकरण प्रणाली सञ्चालन | पटक | १ | १ | – | – | – | – | ५०० | नगरपालिका | तथ्याङ्क व्यवस्थापन र मूल्याङ्कनको लागि |
| ९ | सरोकारवालाहरूसँग समन्वय बैठक | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | ४०० | नगरपालिका | प्रभावकारी समन्वयका लागि |
| १० | अनुगमन प्रतिवेदनका आधारमा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन | संख्या | ५ | १ | १ | १ | १ | १ | ५०० | नगरपालिका | कार्यसम्पादन सुधारका लागि |
| | **जम्मा** | | | | | | | | **६,९००** | | |

# परिच्छेदः छ
# लगानी र स्रोत व्यवस्थापन

### ६.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकाको शिक्षा क्षेत्रमा लगानी मुख्य रूपमा सङ्घीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानमा निर्भर छ, जसमा समानीकरण, विशेष र समपूरक अनुदान मार्फत केहि अतिरिक्त स्रोत पनि प्राप्त हुन्छ। नगरपालिकाले आफ्नै आन्तरिक स्रोत र राजस्वबाट प्राप्त बजेटलाई शिक्षा क्षेत्रमा विनियोजन गरेको भए पनि विद्यालय शिक्षाको पहुँच, सहभागिता र गुणस्तर सुधारका लागि आवश्यक कुल वित्तीय आवश्यकतासँग उपलब्ध स्रोतबीच ठूलो अन्तर रहेको छ।

हालको वित्तीय संरचना अनुसार, शिक्षामा उपलब्ध लगानीको ठूलो हिस्सा शिक्षक तलब, कर्मचारी प्रशासनिक खर्च र दैनिक सञ्चालनमा खर्च हुन्छ। यसले गुणस्तर सुधारका कार्यक्रम, शिक्षक पेशागत विकास, पाठ्यक्रम सुधार, विद्यालय पूर्वाधार सुधार, डिजिटल/ICT शिक्षा, र अन्य नवप्रवर्तनात्मक कार्यक्रमहरूको लागि पर्याप्त स्रोत अभाव पैदा गरेको छ।

त्यसैगरी, निजी क्षेत्र, समुदाय, गैरसरकारी संस्थाहरू र आन्तरिक ऋण/नवीन स्रोतहरूको परिचालन पर्याप्त प्रभावकारी हुन सकेको छैन। यसले दीर्घकालीन शिक्षा सुधार र स्थानीय आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयनमा चुनौती प्रस्तुत गरेको छ।

### ६.२ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक वित्तीय स्रोतको वस्तुनिष्ठ प्रक्षेपण गरी स्रोत अभाव न्यूनीकरण गर्नु।

२. योजना अन्तर्गतका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश, स्थानीय तह र विकास साझेदारहरूको स्रोत पहिचान र परिचालन गर्नु।

३. उपलब्ध स्रोतलाई प्राथमिकताका आधारमा विनियोजन गरी वित्तीय कार्यकुशलता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु।

४. दीर्घकालीन रूपमा शिक्षा सुधारका लागि वैकल्पिक स्रोत र साझेदारीको पहिचान र प्रयोग प्रवद्र्धन गर्नु।

### ६.३ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नै आन्तरिक स्रोतबाट शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने।

२. निजी क्षेत्र, समुदाय, गैरसरकारी संस्था र अन्य साझेदारहरूलाई शिक्षामा लगानी गर्न प्रोत्साहित गर्ने।

३. लागत साझेदारी (Cost Sharing) मा आधारित कार्यक्रम सञ्चालन गरी स्रोतको दायरा फराकिलो बनाउने।

४. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गर्दै खर्च प्रक्रियालाई पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउने।

५. विद्यालय स्तरमा आम्दानीका स्रोतहरू (जस्तै: चन्दा, अक्षयकोष, आन्तरिक आय) व्यवस्थित र नियमित परिचालन गर्ने।

६. ठूला पूर्वाधार र गुणस्तर सुधारका लागि सङ्घ र प्रदेश सरकारको समपूरक र विशेष अनुदान प्राप्त गर्ने प्रयास गर्ने।

७. नवप्रवर्तनात्मक शिक्षा कार्यक्रम (जस्तै ICT शिक्षा, शिक्षक पेशागत विकास, पाठ्यक्रम सुधार) को लागि आवश्यक अतिरिक्त स्रोत पहिचान गर्ने।

### ६.४. प्रमुख उपलब्धि तथा नतिजा

१. शैक्षिक पहुँच, समता र गुणस्तर विकासका लागि आवश्यक वित्तीय स्रोत सुनिश्चित हुनेछ।
२. बजेटको उच्चतम सदुपयोग हुने र शैक्षिक सूचकहरूमा सकारात्मक परिवर्तन देखिनेछ।
३. वैकल्पिक स्रोत र साझेदारीको परिचालनले दीर्घकालीन शिक्षा सुधारमा योगदान पुर्याउनेछ।
४. पारदर्शी र परिणाममुखी वित्तीय व्यवस्थापनले स्थानीय शिक्षा संस्थाहरूको क्षमता र उत्तरदायित्व वृद्धि गर्नेछ।

### ६.५. परिमाणात्मक लक्ष्य

१. नगरपालिकाको वार्षिक कुल बजेटको कम्तिमा १५–२० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन सुनिश्चित गर्ने ।
२. पाँच वर्षभित्र गैरसरकारी र निजी क्षेत्रको शिक्षा लगानीमा २५ प्रतिशत वृद्धि गर्ने ।
३. वार्षिक स्रोत परिचालन र खर्चमा पारदर्शिता ९० प्रतिशतभन्दा बढी सुनिश्चित गर्ने ।
४. पाँच वर्षभित्र विद्यालय स्तरमा आन्तरिक आम्दानी स्रोत (चन्दा, अक्षयकोष, अन्य) सञ्चालन र व्यवस्थापन प्रणाली १०० प्रतिशत कार्यान्वयन गर्ने ।

### ६.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | शिक्षा क्षेत्रमा लगानी र स्रोत प्रक्षेपण सम्बन्धी अध्ययन | पटक | १ | १ | – | – | – | – | ३०० | नगरपालिका | वित्तीय योजना निर्माणका लागि |
| २ | सङ्घ र प्रदेशबाट समपूरक तथा विशेष अनुदानका लागि प्रस्ताव पेश | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | नगरपालिका | थप स्रोत जुटाउन |
| ३ | निजी तथा गैरसरकारी क्षेत्रसँग साझेदारी (PPP) कार्यक्रम सञ्चालन | संख्या | ५ | १ | १ | १ | १ | १ | १,५०० | नगरपालिका/साझेदार | लगानी विविधीकरण गर्न |
| ४ | विद्यालयहरूमा अक्षयकोष स्थापना र परिचालन प्रोत्साहन कार्यक्रम | विद्यालय | ५३ | १० | १० | ११ | ११ | ११ | ५,३०० | विद्यालय/पालिका | दीगो वित्तीय आधारका लागि |
| ५ | वित्तीय सुशासन, पारदर्शिता र लेखापरीक्षण सुदृढीकरण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १,००० | नगरपालिका | लगानीको सही सदुपयोगका लागि |
| ६ | शिक्षा विकास कोष स्थापना तथा सञ्चालन कार्यविधि निर्माण | पटक | १ | १ | – | – | – | – | ३०० | नगरपालिका | कोष परिचालन व्यवस्थित गर्न |
| ७ | शैक्षिक मेला तथा लगानी सम्मेलन | पटक | १ | – | – | १ | – | – | १,००० | नगरपालिका | थप लगानीकर्ता आकर्षण गर्ने |
| ८ | विद्यालयस्तरमा आन्तरिक आय स्रोत परिचालन प्रणाली विकास (चन्दा, शुल्क, उत्पादनमूलक कार्यक्रम) | विद्यालय | ५३ | १० | १० | ११ | ११ | ११ | २,६५० | विद्यालय/पालिका | १००% विद्यालयमा आन्तरिक आय प्रणाली लागू गर्ने |
| ९ | लागत साझेदारीमा पूर्वाधार तथा गुणस्तर सुधार कार्यक्रम | कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | ४,००० | पालिका/सङ्घ/प्रदेश | लागत साझेदारी रणनीति |

| क्र.स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वय न गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| | | | | | | | | | | | कार्यान्वयनका लागि |
| १० | ICT तथा डिजिटल शिक्षा कार्यक्रमका लागि अतिरिक्त स्रोत परिचालन | विद्यालय | २५ | ५ | ५ | ५ | ५ | ५ | ३,५०० | पालिका/ साझेदार | नवप्रवर्तनात्मक शिक्षा कार्यक्रम विस्तार गर्न |
| ११ | शिक्षक पेशागत विकास र तालिमका लागि बाह्य स्रोत जुटाउने कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | १,५०० | पालिका/ NGO/ INGO | गुणस्तर सुधारका लागि |
| १२ | वार्षिक शिक्षा बजेट समीक्षा, सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | पालिका/ विद्यालय | ९०% पारदर्शिता सुनिश्चित गर्न |
| १३ | वैकल्पिक स्रोत (CSR, पूर्व विद्यार्थी, दातृ निकाय) परिचालन अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | १,२५० | पालिका/ विद्यालय | वैकल्पिक स्रोत वृद्धि गर्न |
| १४ | शिक्षा क्षेत्रमा बजेट विनियोजन १५–२०% सुनिश्चित गर्न नीति समीक्षा | पटक | २ | १ | – | – | १ | – | ४०० | नगरपालिका | लक्ष्य अनुसार बजेट सुनिश्चित गर्न |
| | **जम्मा** | | | | | | | | **२३,६५०** | | |

## नगरको शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | |
| १ | सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | १८४६२३ | १७८३९० | १८१६०४ | १८६४८७ | १९२७१९ | ७४६०९८ |
| २ | प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | ७३८४९ | ७१३५६ | ७२६४२ | ७४५९५ | ७७०८८ | २९८४३९ |
| ३ | स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | ३६९२५ | ३५६७८ | ३६३२१ | ३७२९७ | ३८५४४ | १४९२२० |
| ४ | अन्य संघ संस्थाहरुवाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | ७३८४९ | ७१३५६ | ७२६४२ | ७४५९५ | ७७०८८ | २९८४३९ |
| | **जम्मा** | **३६९२४६** | **३५६७८०** | **३६३२०८** | **३७२९७५** | **३८५४३८** | **१४९२१९५** |

## ६.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

गुर्भाकोट नगरपालिकाको यस पाँच वर्षीय शिक्षा क्षेत्र योजना अन्तर्गत समावेश गरिएका शिक्षा क्षेत्रका विभिन्न उप–क्षेत्रहरू, अन्तरसम्बन्धित विषयहरू, सुशासन तथा संस्थागत व्यवस्थापन, लगानी तथा स्रोत परिचालन, साथै अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित रणनीति, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यहरूलाई आधार मानी प्रत्येक आर्थिक वर्षका लागि वार्षिक बजेट तर्जुमा गरिनेछ। यस प्रक्रियाले योजनामा उल्लेखित दीर्घकालीन उद्देश्यहरूलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने आधार प्रदान गर्नेछ र उपलब्ध स्रोत तथा प्राथमिकताका आधारमा वार्षिक कार्यक्रम तथा बजेटलाई यथार्थपरक ढङ्गले निर्धारण गर्न सहयोग पुऱ्याउनेछ।

वार्षिक बजेट तर्जुमा गर्दा सर्वप्रथम पाँच वर्षीय योजनामा समावेश गरिएका कार्यक्रम तथा क्रियाकलापहरूमध्ये सो आर्थिक वर्षमा कार्यान्वयन गरिने प्राथमिकतायुक्त कार्यक्रमहरूको छनोट गरिनेछ। यस क्रममा शैक्षिक पहुँच, समता, गुणस्तर अभिवृद्धि, विद्यालय भौतिक पूर्वाधार, शिक्षक क्षमता विकास, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, समावेशी शिक्षा, विद्यालय स्वास्थ्य तथा पोषण, तथा व्यवस्थापन सुधारसँग सम्बन्धित कार्यक्रमहरूलाई आवश्यकता, उपलब्ध स्रोत र नीतिगत प्राथमिकताका आधारमा प्राथमिकीकरण गरिनेछ।यसपछि प्रत्येक कार्यक्रम तथा क्रियाकलापको भौतिक लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने खर्चको विस्तृत विश्लेषण गरी एकाइ लागत निर्धारण गरिनेछ। एकाइ लागत निर्धारण गर्दा विगत वर्षको खर्च प्रवृत्ति, प्रचलित बजार दर, प्राविधिक लागत अनुमान, सम्बन्धित सरकारी मापदण्ड तथा विषयगत शाखाबाट प्राप्त सुझावलाई आधार मानिनेछ। सोही आधारमा प्रत्येक कार्यक्रमको वार्षिक लक्ष्यसँग एकाइ लागतलाई गुणन गरी वार्षिक बजेट आवश्यकता निर्धारण गरिनेछ, जसले बजेटलाई नतिजामुखी र भौतिक उपलब्धिसँग प्रत्यक्ष रूपमा आबद्ध बनाउनेछ।

वार्षिक बजेट तर्जुमा प्रक्रियामा आवश्यक स्रोतको यथार्थ प्रक्षेपणलाई विशेष महत्त्व दिइनेछ। यस अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त सशर्त, समानीकरण, विशेष तथा समपूरक अनुदान, प्रदेश सरकारबाट प्राप्त सहयोग, स्थानीय तहको आन्तरिक राजस्व, शिक्षा विकास कोष, विद्यालयस्तरको अक्षयकोष तथा अन्य आन्तरिक आयका स्रोतहरूको अनुमान गरिनेछ। साथै आगामी वर्षहरूमा सम्भावित स्रोत वृद्धिको प्रवृत्तिलाई समेत ध्यानमा राखी मध्यमकालीन वित्तीय प्रक्षेपण तयार गरिनेछ।

शिक्षा क्षेत्रको समग्र लगानीलाई सुदृढ बनाउन विभिन्न सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र, समुदाय तथा विद्यालय व्यवस्थापन समितिबाट प्राप्त हुने सहयोगलाई समेत बजेट तर्जुमा प्रक्रियामा समावेश गरिनेछ। लागत साझेदारी, सार्वजनिक–निजी साझेदारी (PPP), सामाजिक उत्तरदायित्व कार्यक्रम (CSR), समुदायको श्रमदान तथा पूर्व विद्यार्थी सहयोग जस्ता वैकल्पिक स्रोतहरूलाई समेत वित्तीय स्रोतको रूपमा समेटिनेछ।

त्यसैगरी, वार्षिक तथा पाँच वर्षीय लक्ष्य कार्यान्वयनका लागि आवश्यक कुल बजेट र उपलब्ध स्रोतबीचको अन्तरलाई स्पष्ट रूपमा विश्लेषण गरी बजेट अभाव (Budget Gap) को पहिचान गरिनेछ। यस्तो अभावलाई योजनागत रूपमा प्रस्तुत गरी सोको परिपूर्तिका लागि अतिरिक्त सङ्घीय तथा प्रदेश अनुदान, विकास साझेदार सहयोग, निजी क्षेत्र लगानी, दातृ निकाय तथा अन्य वैकल्पिक स्रोत परिचालनका सम्भावित उपायहरू प्रस्ताव गरिनेछ।

अन्त्यमा, तयार गरिएको वार्षिक बजेट प्रस्तावलाई शिक्षा शाखा, योजना शाखा, आर्थिक प्रशासन शाखा, विषयगत समिति तथा नगर कार्यपालिकाबाट समीक्षा गरी आवश्यक परिमार्जन पश्चात नगर सभाबाट अनुमोदन गरिनेछ। प्रत्येक आर्थिक वर्षको अन्त्यमा कार्यसम्पादन तथा वित्तीय प्रगतिको समीक्षा गरी आगामी वर्षको बजेट तर्जुमा प्रक्रियामा सिकाइ तथा अनुभवलाई समावेश गरिनेछ, जसले योजनाको प्रभावकारी कार्यान्वयन, वित्तीय अनुशासन, पारदर्शिता तथा उत्तरदायित्व सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

यस प्रक्रियाका मुख्य चरणहरू निम्न बमोजिम रहनेछन्:

- **एकाइ लागत निर्धारण:** योजनामा प्रस्तावित भौतिक लक्ष्यहरू प्राप्त गर्न र कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी प्रत्येक क्रियाकलापको एकाइ लागत निर्धारण गरिनेछ।
- **बजेट निर्धारण विधि:** निर्धारित एकाइ लागतले लक्षित परिमाणलाई गुणन गरी वार्षिक बजेटको आधार तय गरिनेछ।

- **स्रोतको अनुमान:** नगरपालिकाले आवश्यक बजेटका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको आफ्नै आन्तरिक स्रोतबाट प्राप्त हुने प्रस्तावित बजेटको अनुमान गर्नेछ ।
- **साझेदारी र समन्वय:** विभिन्न सरकारी तथा गैर-सरकारी सङ्घसंस्थाहरू मार्फत कार्यान्वयन हुने क्रियाकलापहरूको समेत हिसाब गरी कूल बजेट अनुमान गरिनेछ ।
- **बजेट अभाव र विकल्पको खोजी:** पाँच वर्षका लागि आवश्यक पर्ने बजेट व्यहोर्ने स्रोतको हिसाब गर्दा नपुग हुने बजेट (Budget Gap) स्पष्ट रूपमा उल्लेख गरिनेछ । सो न्यूनता पूर्ति गर्नका लागि सम्भावित स्रोतका विकल्पहरूको समेत प्रस्ताव गरिनेछ ।

यस पाँच वर्षीय शिक्षा क्षेत्र योजनामा उल्लेखित प्रमुख क्रियाकलापहरू र लक्ष्यहरूको आधारमा अनुमानित वार्षिक उपक्षेत्रगत बजेट सारांशको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

## उपक्षेत्रगत बजेट अनुमान तालिका

| **क्र.स** | **उपक्षेत्र / विषय** | **आ.व २०८३/०८४** | **आ.व २०८४/०८५** | **आ.व २०८५/०८६** | **आ.व २०८६/०८७** | **आ.व २०८७/०८८** | **पाँच वर्षको जम्मा (रु. हजार)** |
|---|---|---|---|---|---|---|---|
| **१** | **शिक्षाका मुख्यउप-क्षेत्र** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षा | ३०२०० | ३०८०० | ३१४०० | ३३१०० | ३३९०० | **१५९४००** |
| १.२ | आधारभूत शिक्षा | ५४०४४ | ५४५०७ | ५४२७७ | ५५४१८ | ५६२५४ | **२७४५००** |
| १.३ | माध्यमिक शिक्षा | १५६३४५ | १४७८७२ | १४७०१३ | १५२३४३ | १६३९२७ | **७६७५००** |
| १.४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ८७०० | २३०० | ६४०० | ५१५० | ११५० | **२३७००** |
| **१.५** | अनौपचारिक शिक्षार आजीवन सिकाइ | १९७० | १९७० | २१७० | १८७० | १८७० | **९८५०** |
| **२** | **अन्तरसम्बन्धित विषय तथा क्षेत्र** | | | | | | |
| २.१ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्रीतथा मूल्याङ्कन | ५७८० | ५७८० | ५७८० | ५७८० | ५७८० | **२८९००** |
| २.२ | शिक्षक व्यवस्थापन र विकास | ६५३० | ६५३० | ६५३० | ६५३० | ६५३० | **३२६५०** |
| २.३ | शैक्षिक समता र समावेशीकरण | ९१३० | ९१३० | ९१३० | ९१३० | ९१३० | **४५६५०** |
| २.४ | विद्यालय पोषण तथा स्वास्थ्यकार्यक्रम | १८१०५ | २१७२६ | २४१४० | २७७६१ | २८९६८ | **१,२०,७००** |
| २.५ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | १३६० | २०२० | २३२० | २५४५ | २६५० | **१०८९५** |
| २.६ | विद्यालय भौतिक पूर्वाधार विकास | ४७६५५ | ४७६५५ | ४५८९० | ४५८९० | ४७६६० | **२,३४,७५०** |
| २.७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १६६६७ | १६६६७ | १७५८५ | १७५८५ | १७५९६ | **८६१००** |
| **३** | **सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ३.१ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ३३६० | ३३६० | ३३६० | ३३६० | ३३६० | **१६८००** |
| ३.२ | स्थानीय शिक्षायोजना कार्यान्वयनको प्रबन्ध | २०५० | १२१३ | १२१३ | १२१३ | १२१३ | **६९००** |
| ४ | लगानी र स्रोत व्यवस्थापन | ५५०० | ४३०० | ४९५० | ४४५० | ४४५० | **२३६५०** |
| ५ | अनुगमन तथा मूल्याङ्कन | १८५० | ९५० | १०५० | ८५० | १००० | **५७००** |
| | **जम्मा** | **३६९२४६** | **३५६७८०** | **३६३२०८** | **३७२९७५** | **३८५४३८** | **१४९२१९५** |

# परिच्छेदः सात
# अनुगमन तथा मूल्यांकन

## ७.१ वर्तमान अवस्था

गुर्भाकोट नगरपालिकामा शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयन, गुणस्तर सुनिश्चितता तथा नतिजामुखी व्यवस्थापनका लागि अनुगमन तथा मूल्यांकन प्रणालीलाई थप संस्थागत र सुदृढ बनाउनु आवश्यक देखिएको छ। हाल नगर शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यालयहरूको नियमित निरीक्षण, शिक्षक उपस्थितिको अनुगमन तथा भौतिक पूर्वाधारको अवस्थाबारे सामान्य सुपरिवेक्षण हुने व्यवस्था रहेको छ। तथापि, सिकाइ उपलब्धि, शिक्षण–सिकाइ प्रक्रियाको गुणस्तर, विद्यालयको समग्र कार्यसम्पादन तथा योजनागत सूचकहरूमा आधारित नतिजामूलक अनुगमन प्रणाली अझ व्यवस्थित रूपमा विकास हुन बाँकी रहेको अवस्था छ।

विद्यालय तहबाट प्राप्त हुने तथ्याङ्क, IEMIS अभिलेख, वार्षिक प्रगति प्रतिवेदन तथा शैक्षिक उपलब्धिका सूचकहरूलाई एकीकृत गरी विश्लेषण गर्ने तथा निर्णय प्रक्रियामा उपयोग गर्ने प्रणाली अझै पूर्ण रूपमा संस्थागत भइसकेको छैन। यसका साथै, योजना कार्यान्वयनको प्रगति, स्रोत परिचालनको प्रभावकारिता, तथा अपेक्षित उपलब्धि हासिलको अवस्थाबारे आवधिक समीक्षा र प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउनु पर्ने आवश्यकता रहेको छ।

## ७.२ उद्देश्य

१. शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न समन्वित, संस्थागत तथा नतिजामुखी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास र सुदृढीकरण गर्नु।

२. विद्यालय, शिक्षक, विद्यार्थी सिकाइ उपलब्धि तथा प्रशासनिक कार्यसम्पादनमा आधारित नियमित सुपरिवेक्षण, अनुगमन र मूल्यांकन प्रणाली स्थापना गर्नु।

३. योजनाको कार्यान्वयन क्रममा देखापर्ने समस्या, चुनौती तथा जोखिमहरूको समयमै पहिचान गरी सुधारात्मक कार्ययोजना मार्फत लक्ष्य प्राप्ति सुनिश्चित गर्नु।

४. शैक्षिक लगानी, उपलब्धि तथा प्रतिफलबीचको सम्बन्धलाई स्पष्ट गर्दै पारदर्शिता, उत्तरदायित्व र प्रमाणमा आधारित निर्णय प्रक्रियालाई संस्थागत गर्नु।

## ७.३ रणनीतिहरू

१. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तथा अन्य डिजिटल तथ्याङ्क प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गरी तथ्याङ्कमा आधारित योजना अनुगमन तथा प्रतिवेदन प्रणाली सुदृढ गरिनेछ।

२. विद्यालय निरीक्षण, शैक्षिक सुपरिवेक्षण तथा पेसागत सहयोगका लागि नगरपालिका, वडास्तर तथा विद्यालयस्तरमा स्पष्ट जिम्मेवारीसहितको अनुगमन संयन्त्र क्रियाशील बनाइनेछ।

३. कक्षाकोठामा आधारित शिक्षण–सिकाइ प्रक्रिया, विद्यार्थी सिकाइ उपलब्धि, शिक्षक कार्यसम्पादन तथा विद्यालय व्यवस्थापनको गुणस्तरमा केन्द्रित कार्यस्थल अनुगमनलाई प्राथमिकता दिइनेछ।

४. अनिवार्य तथा निःशुल्क शिक्षा, समावेशी पहुँच, छात्रवृत्ति, विद्यालय पोषण तथा अन्य लक्षित कार्यक्रमहरूको कार्यान्वयन अवस्थाबारे आवधिक प्रतिवेदन तयार गरी सार्वजनिक गरिनेछ।

५. शिक्षा क्षेत्र योजनाको वार्षिक समीक्षा, मध्यावधिक मूल्यांकन र अन्तिम मूल्यांकन सञ्चालन गरी प्राप्त सिकाइ तथा सुझावका आधारमा आगामी रणनीति तथा कार्यक्रम परिमार्जन गरिनेछ।

६. नतिजामा आधारित अनुगमन तथा मूल्यांकनका लागि स्पष्ट सूचक, आधाररेखा, लक्ष्य र प्रमाणीकरणका स्रोतहरू विकास गरी नियमित रूपमा प्रयोग गरिनेछ।

७. विद्यालय तथा नगरपालिका तहमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा प्रगति समीक्षा बैठकमार्फत उत्तरदायित्व प्रणाली सुदृढ गरिनेछ।

## ७.४. प्रमुख उपलब्धि तथा नतिजा

१. नगरपालिकाको शिक्षा क्षेत्रमा गरिएको लगानी, स्रोत परिचालन तथा प्राप्त प्रतिफलको नियमित लेखाजोखा, समीक्षा र विश्लेषण गर्ने संस्थागत अनुगमन तथा मूल्यांकन प्रणाली विकास भएको हुनेछ।
२. नतिजामा आधारित अनुगमन प्रणालीमार्फत विद्यालयहरूको शैक्षिक गुणस्तर, प्रशासनिक दक्षता र सेवा प्रवाहको प्रभावकारितामा उल्लेखनीय सुधार आएको हुनेछ।
३. सिकाइ उपलब्धि, शिक्षक कार्यसम्पादन तथा विद्यालय व्यवस्थापनसम्बन्धी निर्णयहरू प्रमाणमा आधारित तथ्याङ्क र प्रतिवेदनका आधारमा हुने प्रणाली संस्थागत भएको हुनेछ।
४. योजनागत लक्ष्य प्राप्तिको प्रगति नियमित रूपमा मापन, समीक्षा तथा सार्वजनिक प्रतिवेदनमार्फत पारदर्शी रूपमा प्रस्तुत हुने व्यवस्था स्थापित भएको हुनेछ।

## ७.५. परिमाणात्मक लक्ष्य

१. पाँच वर्षभित्र नगरपालिकाका १०० प्रतिशत विद्यालयहरूको कम्तीमा वर्षमा दुई पटक नियमित अनुगमन तथा सुपरिवेक्षण सम्पन्न गरिने।
२. सबै विद्यालयबाट IEMIS तथ्याङ्क अद्यावधिक दर १०० प्रतिशत पुऱ्याइने।
३. शिक्षा क्षेत्र योजनाको वार्षिक प्रगति समीक्षा ५ पटक, मध्यावधिक मूल्यांकन १ पटक र अन्तिम मूल्यांकन १ पटक सम्पन्न गरिने।
४. कक्षाकोठामा आधारित शिक्षण–सिकाइ अनुगमन कम्तीमा ८० प्रतिशत विद्यालयमा प्रत्येक शैक्षिक वर्षमा एक पटक सञ्चालन गरिने।
५. सिकाइ उपलब्धि तथा विद्यालय कार्यसम्पादनमा आधारित वार्षिक प्रतिवेदन १०० प्रतिशत तयार तथा सार्वजनिक गरिने।

## ७.६. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र/समिति गठन तथा कार्यविधि स्वीकृति | पटक | १ | १ | – | – | – | – | १०० | शिक्षा, युवा तथा खेलकुद शाखा | संस्थागत संरचना सुदृढीकरणका लागि |
| २ | नतिजामूलक सूचक, आधाररेखा तथा प्रमाणीकरण स्रोत विकास/ अद्यावधिक | सेट | १ | १ | १ | १ | १ | १ | १५० | शिक्षा शाखा / योजना शाखा | प्रभावकारी मापन तथा समीक्षा प्रणालीका लागि |
| ३ | चौमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | ६०० | नगरपालिका / शिक्षा शाखा | प्रगति समीक्षा तथा निर्णयका लागि |

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| | बैठक र प्रतिवेदन तयारी | | | | | | | | | | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका, M&E Guideline तथा प्रतिवेदन ढाँचा तयारी | प्रति | ५ | १ | १ | १ | १ | १ | ३०० | शिक्षा शाखा | कार्यान्वयनमा एकरूपता कायम गर्न |
| ५ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको वार्षिक प्रतिवेदन | प्रति | ५ | १ | १ | १ | १ | १ | २०० | शिक्षा शाखा | कानुनी प्रावधानको कार्यान्वयन सुनिश्चित गर्न |
| ६ | शिक्षक पेसागत सहयोग, सुपरिवेक्षण तथा कक्षाकोठा अवलोकन | पटक | ५० | १० | १० | १० | १० | १० | ८०० | शिक्षा शाखा / प्राविधिक टोली | शिक्षण–सिकाइ गुणस्तर अभिवृद्धिका लागि |
| ७ | विद्यार्थी सिकाइ उपलब्धि, कार्यसम्पादन तथा उपलब्धि परीक्षण | विद्यालय | १००% | २०% | २०% | २०% | २०% | २०% | १,२०० | शिक्षा शाखा / विज्ञ समूह | सिकाइ उपलब्धि सुधारका लागि |
| ८ | योजनाको मध्यावधिक तथा अन्तिम मूल्याङ्कन | पटक | २ | – | – | १ | – | १ | ५०० | स्वतन्त्र मूल्याङ्कनकर्ता | योजनाको प्रभावकारिता परीक्षणका लागि |
| ९ | IEMIS तथ्याङ्क अद्यावधिक, प्रमाणीकरण तथा विश्लेषण | पटक | १० | २ | २ | २ | २ | २ | ४०० | शिक्षा शाखा / विद्यालय | तथ्याङ्कमा आधारित निर्णय प्रक्रियाका लागि |
| १० | विद्यालयस्तरीय सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ | पटक | १० | २ | २ | २ | २ | २ | ३०० | विद्यालय / वडा / शिक्षा शाखा | पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धिका लागि |
| ११ | विद्यालय कार्यसम्पादन सूचकाङ्क (School Performance Index) विकास तथा प्रयोग | सेट | १ | १ | – | – | – | – | २५० | शिक्षा शाखा / प्राविधिक विज्ञ | विद्यालयको नतिजामूलक मूल्याङ्कनका लागि |

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १२ | जोखिममा रहेका विद्यालय तथा विद्यार्थीका लागि लक्षित अनुगमन | विद्यालय | २५ | ५ | ५ | ५ | ५ | ५ | २५० | शिक्षा शाखा / वडा | सिकाइ निरन्तरता र समावेशी पहुँच सुनिश्चित गर्न |
| १३ | विद्यालय अनुगमन डिजिटल प्रतिवेदन प्रणाली विकास | प्रणाली | १ | १ | – | – | – | – | ५०० | नगरपालिका IT / शिक्षा शाखा | प्रतिवेदन व्यवस्थापनलाई डिजिटल बनाउन |
| १४ | शिक्षा क्षेत्र योजनाको वार्षिक प्रगति प्रकाशन तथा सार्वजनिकीकरण | प्रति | ५ | १ | १ | १ | १ | १ | १५० | शिक्षा शाखा | सार्वजनिक जानकारी र पारदर्शिताका लागि |
| | **जम्मा** | | | | | | | | **५,७००** | | |